www.khojtalashonline.com

# खोजतलास

राष्ट्रिय साप्ताहिक

## महर्जन सुमेरु सेभिङ्ग एण्ड को–अपरेटिभमा नरहेको स्पष्टोक्ती



ललितपुर धापाखेल निवासी भरत महर्जनले समाजसेवामा पुऱ्याएको योगदानका कारण पछिल्लो समय समाजसेवीको रुपमा महर्जन चिर–परिचित हुनुहुन्छ ।

सुमेरु सेभिङ्ग एण्ड क्रेडिट को–अपरेटिभ लिमिटेडको अध्यक्षता गरिरहेका महर्जनले सत्रौं साधारणसभादेखि सम्पूर्ण जिम्मेवारी अध्यक्ष हेमराज दाहाललगायत संचालक समितिलाई सम्पूर्ण दायित्व बहन गर्ने गरी जिम्मेवारी दिनुभएको थियो ।

सहकारीको अध्यक्षता छाडेपछि महर्जनले विशुद्धरुपमा समाजसेवामा आफ्नो दैनिकी बिताउँदै आइरहनुभएको छ । उहाँको मुल मर्म नै 'सेवा नै धर्म हो, मन बचन र कर्मले सेवा गरौं' भन्ने भावनाले ओतप्रोत भई लागिरहनुभएको छ ।

वर्ष २६ अंक २३ ◆ ७ बैशाख २०८०, बिहीबार (20 April, 2023 Thursday) ◆ नेपाल सम्बत ११४३ मूल्य रु २०/–

# सर्वोच्च अदालतको आदेश धोती लगाउँदै चिकित्सा शिक्षा आयोग

## चिकित्सा शिक्षा आयोगको गैरजिम्मेवारीपनाको विरोधमा बिद्यार्थीहरु धर्नामा

काठमाडौं । नेपाल कानुनी राज्य भनिए पनि न्याय मरेको देशको रुपमा परिचित बन्दै गएको चिकित्सा शिक्षा आयोगले पछिल्लो समय सर्वोच्च अदालतले दिएको आदेशलाई वेवास्था गर्दै मनोमानी ढंगमा गैरजिम्मेवारी पना देखाएको घटनाले देखाएको छ ।

चिकित्सा शिक्षा आयोगले तिन वर्षदेखि निरन्तररुपमा विद्यार्थी भर्नाको लागि परिक्षा लिँदै आएको छ । परिक्षा दिई उत्तीर्ण भएका विद्यार्थीहरुमध्ये सर्वोत्कृष्ट विद्यार्थीले आफूले चाहेको कलेजमा भर्ना भई अध्ययन गर्न पाउने प्रावधान रहेको छ । तर, चिकित्सा शिक्षा आयोगले विद्यार्थीले परिक्षामा ल्याएको नतिजा अनुसार म्याचिङ नगरेको कारण विद्यार्थीहरु चिकित्सा शिक्षा आयोगको यस्तो गैरजिम्मेवारी पनाको विरोधमा सर्वोच्च अदालतमा मुद्दा हाल्न बाध्य भएका छन् । विद्यार्थीहरुले चिकित्सा शिक्षा आयोगले गरेको गैरजिम्मेवारीपनाको विरोधमा पुष १७ गते हालेको मुद्दा विद्यार्थीहरुकै पक्षमा फैसला भयो । त्यसको विरोधमा चिकित्सा शिक्षा आयोगले अन्तिरिम आदेश खारेज गरी पाउँ भन्दै सर्वोच्च गयो । तर, अदालतले विद्यार्थीहरुकै हकहित अनुसार विद्यार्थीले परिक्षामा ल्याएको नतिजा अनुसार नै भर्ना गर्नु र रिक्त भएको सिटमा सोही चरणका विद्यार्थीलाई खाली ठाउँमा (अपग्रेड) मौका दिनु भनी फागुन ४ गते फैसला गऱ्यो ।

विद्यार्थीहरुले अदालतकै आदेश अनुसार म्याचिङको लागि प्राथमिकता निर्धारण गरिए पनि चैत १० गते रिजल्ट आउँदा सर्वोच्चले दिएको आदेशलाई धोती लगाउँदै चिकित्सा शिक्षा आयोगका पदाधिकारीहरुले आर्थिक, भनसुन, पावरकै आधारमा योग्यताक्रम मिचिने गरी म्याचिङको विस्तृत विवरण निकाली बिद्यार्थीहरु भर्ना प्रक्रिया अगाडि बढायो ।

यसको विरोधमा विद्यार्थीहरुले सर्वोच्च अदालतको फैसला कायम गर




भन्दै चिकित्सा शिक्षा आयोगको गैरजिम्मेवारीपनाको विरोधमा बिद्यार्थीहरु माइतीघर मण्डलामा शान्तिपूर्ण धर्ना र प्रदर्शन गर्न बाध्य भएका छन् ।

योग्यताक्रमअनुसार म्याचिङ नगरी चिकित्सा शिक्षा आयोगले सर्वोच्च अदालतको आदेशलाई पनि बेवास्था गर्दै गैरजिम्मेवारी तरिकाले आफूखुसी बिद्यार्थी भर्ना गरेका कारण एमडी/एमएसका विद्यार्थीहरुले माइतीघर मण्डलामा विरोध प्रदर्शन गरिरहेका छन् ।

मानव जीवनमा गम्भीररुपमा हेरिने स्वास्थ्य क्षेत्रमा चिकित्सा शिक्षा आयोगले गरेको गैरजिम्मेवारी पनाकै कारण कस्ता चिकित्सकहरु उत्पादन भइरहेका छन् र ती चिकित्सकले कस्तो उपचार गर्छन् भन्ने पनि प्रश्न उठ्नु स्वभाविकै हो । चिकित्सा शिक्षा आयोगको यस्तै लापरवाहीका कारण उत्पादित चिकित्सकले अस्पतालमा उपचार गर्न गएकाहरुको उपचार गलत गर्नाले कतिको ज्यानसमेत गएको घटना धेरै नै छन् । नेपालको स्वास्थ्य क्षेत्र तहस नहस बनाउदै बेथिती मौलाउने कार्य अहिले आएर चिकित्सा शिक्षा आयोगले प्रत्यक्षरुपमा गरिरहेको अदालतको आदेशलाई वेवास्था गरी आफूखुसी विद्यार्थी भर्ना गर्नुले पनि देखाएको छ ।

चिकित्सा शिक्षा आयोगले परिक्षा दिएका विद्यार्थीहरुमध्ये उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई स्कलरसिप दिने गर्छ, स्कलरसिपमा अध्ययन गर्ने विद्यार्थीहरुले माशिक ४५ हजार रुपैयाँसमेत पारिश्रमिक पाउने गर्छन् । तर पैसा तिरेर अध्ययन गर्ने विद्यार्थीहरुले माशिक १७ हजार मात्र पाउने गर्छन् । पैसा तिरेर अध्ययन गर्ने विद्यार्थीहरुले २४ लाख रुपैयाँ तिर्नुपर्ने हुन्छ । उनीहरुले बार्षिक ८ लाखको दरले तिर्ने गर्छन् ।

एमडी/एमएसको लागि २०७९ पुष २ गते परिक्षा भएको थियो । सो परिक्षामा झण्डै ६ हजार पाँच सय चानचसनले परिक्षा दिएका थिए । तर परिक्षामा उत्तिर्ण भने दुई हजार पाँच सय चानचुन मात्र भएका थिए ।

स्वास्थ्य जस्तो जटिल विषयमा अध्ययन गर्ने विद्यार्थीहरु सक्षम हुनुपर्ने अनिवार्य छ । यसको असर पछि गएर जनमानसमा प्रत्यक्षरुपमा पर्ने गर्छ । सोही कारण पनि यसतर्फ सम्बन्धित निकायका जिम्मेवार व्यक्तिले पैसा, पावर, भनसुनका आधारमा नभई सक्षम विद्यार्थीहरुलाई मौका दिन गम्भीर रुपमा लाग्नुपर्ने अवस्था आइसकेको छ । यस घटनामा संलग्न हुने चिकित्सा शिक्षा आयोगका जिम्मेवार व्यक्तिलाई साँच्चिकै कानुनी राज्य भएको भान हुने गरी कारबाही गर्नुपर्ने अवस्था आइसकेको छ । होइन भने सर्वसाधारणले नेपालमा स्वास्थ्य क्षेत्रमाथि उब्जिएका पछिल्लो घटनाक्रमलाई लिएर गरेका प्रश्न र लापरवाहीपूर्वक उपचारका कारण ज्यानै जाने घटनाको पुष्टि हुनेमा कुनै दुई मत नहुने अवस्था आउने छ ।

## रास्वपालाई ठेगान लगाउन कांग्रेस र एमालेबीच उपचुनावमा तालमेलको कसरत तुहियो

काठमाडौं । देशका दुई प्रमुख दल नेपाली कांग्रेस र नेकपा एमालेबीच उपनिर्वाचनमा तालमेलको कसरत अन्तिम चरणमा भंग भएको छ । वैशाख १० गते हुने उपनिर्वाचनमा कांग्रेस र एमाले तालमेलको नजिक पुगेका थिए ।

मंगलवार एमाले अध्यक्ष केपी शर्मा ओलीको निवासमा दुई दलबीच सहमति पत्रमा हस्ताक्षर अन्तिम चरणमा रोकिएको छ । सहमतिपत्रमा देउवाको हस्ताक्षर लिएर कांग्रेस नेताहरु डा.मिनेन्द्र रिजाल र गोरखा १ बाट निर्वाचित सांसद समेत रहेको राजेन्द्र बजगाई बालकोट पुगेका थिए ।

सहमतिको मस्यौदामा एमाले उपाध्यक्ष बिष्णु पौडेल सहभागी थिए । बरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र उपमहासचिव विष्णु रिमाल पनि राति बालकोट पुगेका थिए ।

देउवा र ओलीबीचको संवादपछि चितवन २ मा कांग्रेसले एमालेलाई सघाउँने र तनहुँ १ मा एमालेले कांग्रेसलाई सघाउँने सहमति भइसकेको थियो । बारा २ को बारे सम्झौतामा उल्लेख थिएन । बारा २ को सन्दर्भमा भने कांग्रेसको उम्मेदवार नभएकाले सहमतिपत्रमा उल्लेख गरिएको छैन ।

स्रोतका अनुसार दुई दलका प्रमुख नेताबीच कांग्रेसले बारा २ मा एमालेलाई सघाउँने अनौपचारिक सहमति भएको थियो ।

देउवाको हस्ताक्षर बोकेर कांग्रेस नेताहरु बालकोट पुगेपछि छलफल भइरहेका बेला भारतीय जनता पार्टीका नेता बिजय चौथाईवाले ओलीलाई भेट्न गए । केही समय ओली र चौथाइवालेबीच वार्ता भइरहेका बेला कांग्रेसभित्र चलखेल भयो ।

देउवाले चितवनका जितनारायणलाई 'भाइ तिमी जित्दैनौ एमालेलाई सघाउँ, उता तनहुँमा हामी जित्ने' भन्दा जितनारायण मानेनन् । दुई

बाँकी सातौं पृष्ठमा

## फाष्ट ट्र्याकले सेना ट्र्यापमा

काठमाडौं । फाष्ट ट्र्याककमा सेना ट्र्यापमा परेको छ । समयमै काम गर्न नसकेको सेना दश वर्षसम्म निर्माण पूरा नहुने अवस्थाका कारण बदनाम हुने खतरा बढेको छ । कमिशन जनशक्तिको अभाव र शक्ति राष्ट्रको रणनीतिक स्वार्थले तराई मधेश द्रुत मार्ग अर्थात् फाष्ट ट्र्याकको निर्माणमा ठूलो समस्या आउने खतरा छ । फाष्ट ट्र्याक नेपाली सेनालाई बनाउन दिएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दायराबाहिर पार्ने खेलमा नेताहरु पहिल्यै लागेका थिए । जसका कारण परामर्शदाता चयनदेखि अरबौंको ठेक्का योजनावद्ध तरिकाले धमाधम टुंगो लगाइयो । यसमा पनि ठूलै आर्थिक चलखेल भएको फाष्ट ट्र्याकको

बाँकी सातौं पृष्ठमा

## अरबौं डुबाउने विकल पौडेल अख्तियारको फन्दामा

काठमाडौं । २०८० साल विकल पौडेलका लागि शुभ रहेन । देशको प्राविधिक क्षेत्रमा व्यापक चलखेल गर्दै आएका पौडेल अन्तत अख्तियार दुरुपयोग अनुसन्धानको फन्दामा परेका छन् । सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद प्रकरणमा विकलले राज्यकोषमा ६९ करोड ८ लाख ८१ हजार रुपैयाँ नोक्सान गरेको ठहर सहित मुद्दा दायर भएको छ । यो घटनामा थप ८ जना पनि

बाँकी सातौं पृष्ठमा

## आर्थिक संकटका बेला प्रहरीभित्र हतियार किन्ने खेल



काठमाडौं । देश चरम आर्थिक संकटमा पर्ने अवस्था आइरहेको बेला नेपाल प्रहरीले भने फेरि हतियार किन्ने मोह राखेको छ । हतियार किन्नका लागि भन्दै प्रहरीले तालुकदार मन्त्रालयसँग समेत लबिङ्ग गरिरहेको पाइएको स्रोतले दाबी गरेको छ ।

प्रहरीलाई हतियार अतिआवश्यक रहेको बताउँदै जसरी पनि हतियार खरिद गर्नुपर्ने भन्दै प्रहरी प्रधान कार्यालयले गृहकार्य सुरु गरिरहेको छ । दैनिक प्रयोग तथा सुरक्षामा, भीआईपी सुरक्षा तथा चुनावलक्षित सुरक्षामा हतियार अपुग रहेको भन्दै यसपटक जसरी पनि हतियार खरिद गर्नुपर्ने लबिङ्ग हेडक्वार्टरले गरेको स्रोतले जनाएको छ ।

बन्दुक, ९ एमएम पेस्तोल, फोल्डिङ सर्ट गन, गोली, प्लाष्टिकको गोली, अश्रु ग्यास लगायतका विस्फोटक पदार्थ र हतियार आवश्यक रहेकोले तत्कालै खरिद प्रक्रिया अघि बढाउनुपर्ने भन्दै प्रहरीले लबिङ्ग गरिरहेको छ । यसअघि पनि आवश्यक रहेको भन्दै खरिद प्रक्रिया अघि बढाइए पनि बिचमै रोकिएका कारण खरिद हुन नसकेकाले यो पटक जसरी पनि हतियार खरिद गर्नुपर्ने प्रहरी हेडक्वार्टरको भनाइ छ ।

बाँकी सातौं पृष्ठमा

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

CTEVT बाट मान्यता प्राप्त यस शंकरापुर एकेडेमीमा, SEE परीक्षा दिएर बस्नुभएका सम्पूर्ण विद्यार्थीहरुलाई ३ बर्षे HA, LAB, Nursing, Pharmacy, Radiography लगायतका विभिन्न विषयका प्रवेश परीक्षाको तयारी कक्षाहरु संचालन हुने भएकोले समयमै सम्पर्क राखि आफ्नो स्थान सुरक्षित गर्नुहुन अनुरोध गरिन्छ ।

हाम्रो विषेशताहरु:

- Scholarship प्रदान गरिने Send Up Toppers, दलित, जनजाति र पिछडिएकाको लागि ।
- अनुभवी तथा दक्ष शिक्षकहरु
- सुविधा सम्पन्न यथेष्ट कक्षाकोठाहरु
- CTEVT लगायत विभिन्न मान्यता प्राप्त Board का Model–Tests हरु
- हप्ताको एक दिन Test कक्षा संचालन
- दैनिक ३ घण्टा कक्षा संचालन
- हरेक हप्ता विद्यार्थीको पढाईको Evaluation & Feedback

यस शंकरापुर एकेडेमीमा CTEVT द्वारा मान्यता प्राप्त ३ वर्षे डिप्लोमा कोर्षहरु : HA / Lab / Nursing / Pharmacy / Radiography उपलब्ध छन् ।

Note: साथै विद्यार्थीहरुलाई यस ३ वर्षे डिप्लोमा कोर्ष पश्चात स्नातक तहमा कुन डिप्लोमा कोर्ष पछि कुन कोर्ष पढ्न पाईने जानकारी यस प्रकार गरिएको छ ।

Our Programs

- Diploma in Pharmacy (D. Pharm)
- Diploma in General Medicine (HA)
- Certificate in Medical Lab Technician (CMLT)
- Diploma in Nursing (PCL Nursing)
- Diploma in Radiography

4 Years Bachelors Course

- B. Pharm
- MBBS
- BMLT
- BN
- BMIT

शंकरापुर एकेडेमी प्रा. लि.

सातदोबाटो, ललितपुर

फोन नं: ०१–५५५५५५३,५५५५५५०,९८४३२३३३६७

"गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता"

का.जि.का.द.नं. ५३/०५४/०५५

खोजतलास
www.khojtalasnews.com
राष्ट्रिय साप्ताहिक

# मसाज र स्पा सेन्टरको नाममा यौनजन्य गतिविधि, प्रहरी मुकदर्शक

काठमाडौं । मसाज र स्पा सेन्टरको नाममा विभिन्न संचार माध्यमदेखि लिएर सामाजिक सञ्जालमा पनि विज्ञापनको ओइरो लागेको देख्न सक्छौं । मसाज र स्पाको नाममा काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा मसाज मात्र नभई यौनधन्दा र यौनजन्य गतिविधि पनि हुने गरेको पाइएको छ । यस्तो अश्लिल क्रियाकलाप हुने गरेको सुइँको पाएको प्रहरीले बेलाबेलामा छापा नमार्ने पनि होइन, तर पनि यो धन्दा रोकिएको छैन ।

प्रहरी पनि मसाज सेन्टरमा हुने अनैतिक क्रियाकलापबारे राम्रोसँग जानकार छ । महानगरिय प्रहरी वृत्त वौद्धका डिएसपी हरिबहादुर बस्नेतलाई बौद्ध, जोरपाटी क्षेत्रमा अनैतिक क्रियाकलाप गरेर मसाज र स्पा सेन्टर संञ्चालन गरिएको छ भन्ने जिज्ञासामा उनले भने, 'यो विषय मेरो दायरा भित्र नपर्ने भन्दै काठमाडौं जिल्ला परिसरको प्रवक्ताले सबै जानकारी दिने भन्दै अनविज्ञता देखाए ।'

महानगरीय प्रहरी वृत्त वौद्धको एरिया भित्रै पर्ने जोरपाटी क्षेत्रमा शान्ति सुरक्षाको जिम्मा लिएका डिएसपी बस्नेतले अनविज्ञता जनाउनु र आफु पन्छिन खोज्नुले उनको मिलेमोतोमा मसाज र स्पा सेन्टरहरूमा अवैध धन्दाहरू संचालन भइरहेको स्पष्ट बुझ्न सकिन्छ ।

बौद्ध प्रहरीले महिनावारी रुपमा नजरना उठाउने, हप्तावारी उठाउने गरेका कारण प्रहरी पन्छिन खोजेको स्रोतको दाबी छ । त्यसैले प्रहरीलाई स्पा सेन्टरमा तपाँइहरूको मिलेमतो भएको भन्ने चर्चा छ नि भन्ने प्रश्नमा डीएसपी बस्नेतले भने, 'मलाइ थाहा छैन भनेर मात्र पन्छिरहे ।' संवाददाताले तपाँइलाई थाहा नभए कसलाई थाहा हुन्छ ? भनी प्रतिप्रश्न गर्दा उनले फेरि उही शब्द दोहोऱ्याए ।

डिएसपी बस्नेतको भनाई सुनेर स्पष्ट के हुन्छ भने उनकै मिलेमतोमा काठमाडौंको बौदमा मसाज र स्पा सेन्टरमा अवैध यौनजन्य गतिविधि भइरहेका छन् र उनले आर्थिक लाभ लिएको स्पष्ट देखिन्छ ।

बस्नेत सिंहदरबार बृत्तमा रहँदा पनि विभिन्न किसिमका कमाउ धन्दामा लागेको आरोप समेत लाग्दै आएका विवादित पृष्ठभूमी भएका प्रहरी अधिकृतका रुपमा परिचित छन् । त्यसैले डिएसपी बस्नेतसँग शान्ति सुरक्षको अपेक्षा गर्नुपर्ने अवस्था नरहेको र उनि शान्ति सुरक्षाभन्दा बढी कमाउ धन्दामा सक्रिय हुने प्रहरी अधिकारी भित्र पर्ने प्रहरी संगठनभित्र चर्चा चल्ने गरेको छ ।

हाम्रा संवाददाताहरुको अनुसन्धान अनुसार मसाज र स्पामा तेलमालिस त बहाना मात्र पो रहेछ, मसाजकर्ताको ध्येय अर्कैतिर हुन्छ । त्यो हो, 'ह्याप्पी इन्डिङ' अर्थात् मसाज र स्पा सेन्टरमा हुने स्खलन ।

ग्राहकलाई जतिसुकै अनुशासनमा राख्न खोजे पनि ग्राहकको मागका कारण मसाज र स्पामा हिजोआज 'ह्याप्पी इन्डिङ'को चलन बढ्दो छ । उपत्यकाका विभिन्न मसाज सेन्टर र स्पा चहारेर तयार पारेको एक महिना लामो रिपोर्टिङमा जे देखेका छौं त्यो आज हामी लेख्न बाध्य भएका छौं ।

मसाज केन्द्र प्रवेश गर्दा थकित मुद्रामा छिरेको एउटा पुरुष फर्कदा 'फ्रेस' मात्र भइरहेको हुँदैन, उसको मुहारमा बेग्लै चमक पनि छाइरहेको देख्न सकिन्छ । काठमाडौंमा रहेका मसाज सेन्टर र स्पामा दिनहुँ हुने गतिबिधि हो यो ।

यो तेल मालिसमा के त्यस्तो जादु हुन्छ र यसले दिनहुँ ग्राहक लोभ्याइरहेको हुन्छ ? के कारणले ग्राहकको अनुहार दिप्त हुन्छ ? भन्ने मान्छेमा विभिन्न किसिमका जिज्ञासा आउनु स्वभाविक हो ।

मसाज र स्पाको आवरणमा त्यहाँ अश्लील क्रियाकलाप भएको स्पष्ट थाहा भएको छ । तेल मालिस त बहाना मात्रै रहेछ । त्यहाँ पाइने 'अरुखाले' सेवाले मात्र ग्राहक पल्काइरहेको छ ।

के हो त्यस्तो सेवा भन्ने सबैमा उत्सुकता हुने नै भयो, त्यो ह्याप्पी इन्डिङ त हो नि, छानीछानी मसाज सेन्टर र स्पा धाउने एक जना ग्राहकले भने, अहिले स्ट्यान्डर्ड भनिएका स्पामा पनि अश्लील क्रियाकलाप हुने गरेको ती ग्राहकले हामीलाई हाँस्दै बताए ।


उनले भने माथिदेखि तलसम्म पुरै मसाज गर्ने गरेका छन् । लास्टमा हस्तमैथुन गरेर ग्राहकलाई ह्याप्पी बनाइ दिन्छन् । त्यसकै मज्जा लिन यहाँ मान्छेहरुको भिड लाग्ने गरेको ती ग्राहक बताउँछन् । कहिलेकाँही त रमाइलो पनि गर्नुपर्छ नि होइन र ? हामीले तपाई महिनामा कति पटक आउनु हुन्छ भने प्रश्नमा उनले भने हप्तामा एकपटक ।

**के हो त ह्याप्पी इन्डिङ ?**

पछिल्लो समय मसाज र स्पा धाउने ग्राहकमाझ चल्तीको गोप्य भाषा हो- ह्याप्पी इन्डिङ । कसैले छापा मार्ला भन्ने डर पनि भएन मज्जा पनि हुने भयो ।

काठमाडौंको जोरपार्टीस्थित ग्रिनसाइन स्पामा भेटिएका युवाले भने, त्यसैले कहिलेकाहीं साथीभाइ मिलेर 'ह्याप्पी इन्डिङ' गर्न यतातिर आइन्छ कहिले काँही त रमालो पनि गर्नु पर्‍यो नि होइन र ।

त्यस्तै अर्को फेमेली हेल्थ स्पामा जाँदा पनि एक जना नियमित ग्राहकले भने म पनि मसाज गर्न धेरै पटक आइसके अहिले त मलाई



हप्तामा एकपटक अनिवार्य आउनै पर्ने लत नै बसिसकेको छ । उनले थपे जिन्दगी भनेको रमाइलो गर्दै बिताउने हो किन एक बारको जुनीमा रमाइलो नगर्ने त्यसैले अहिले नियमित आउने गरेको छु ।

मसाज र स्पा सेन्टरतिर पछिल्लो समय पुरुषको गोप्य अंगमा पनि मसाज गरिदिने प्रचलन बढेको छ । यो त मसाजको पार्ट नै भइसक्यो, उनले भने १२ सय रुपैयाँमा मसाज पनि हुन्छ ह्याप्पी इन्डिङ पनि हुन्छ त्यस्तो भएपछि किन नआउने त ? फेमिली हेल्थका संचालकले स्पा सेन्टर नजिकै मेडिकल हल पनि संचालन गरेका छन् । सो मेडिकल हलबाट स्पामा चाहिने यौनजन्य सामाग्रीदेखि गर्भनिराधात्मक औषधीहरु खपत गराउने गरेको स्रोतले दाबी गरेको छ । यतिमात्र नभई फेमिली हेल्थ स्पाका एक नियमित ग्राहकले भने दैनिक दर्जनौं कण्डमदेखि गर्भनिरोधात्मक औषधीका खोलहरु यत्रतत्र छरिएको स्पष्ट देखिन्छ ।

हामी एक नियमित ग्राहकको सहयोगमा उनीसँगै जोरपाटीमा संचालित फेमेली हेल्थ स्पा' भित्र पुगियो । प्रवेश गर्न नपाउँदै चार-पाँच जना युवतीको समूहले सामूहिक रुपमा स्वागत गरिहाले, नमस्ते सर नमस्ते भन्दै के सेवा लिनु हुन्छ भनेर अफर सुरू गरिसकेका थिए ।

'पानी पिउने हो सर ? स्वागतको सिलसिला थप अघि बढ्यो । पानी पिइसकेपछि सदाझैं ती ग्राहकले एक घण्टा मसाज गर्ने निर्णय गरे । युवतीसहित भित्र पर्दाले छोपिएको कोठामा पुगे । बाहिर अन्य युवतीहरु विभिन्न कुरा गरिरहेका थिए । झण्डै दर्जनभन्दा माथि रहेका किशोरीहरुसँग छानी छानी ह्यापी इन्डिङ्ग गर्न पाइन्छ भनेर मुस्कुराउदै युवादेखि लिएर अधवैंशेसम्मका ग्राहकहरुलाई सन्तुष्टि दिने काम फेमेली हेल्थ स्पाले गरिरहेको ग्राहकहरुको भनाई रहेको छ ।

करिब एक घण्टाको मसाजपछि आएका ग्राहक मुस्कुराउँदै बाहिरिए । फेरि युवतीहरुले पानी अफर गरे । उनले पिए । कस्तो भयो त मसाज ? 'बबाल नि ? ह्याप्पी इन्डिङ नहुने कुरै थिएन ।

मन्द मुस्कानसहित उनी बोले । त्यहाँ उनले एक घण्टाको बडी मसाजको १२ सय रुपैयाँ तिरेछन् जसभित्र 'ह्याप्पी इन्डिङ' पनि पर्‍यो । भित्र थप एक सय रुपैयाँ टिप्स पनि दिए, उनले सुनाए ।

**हामीले सुने भन्दा धेरै नै फरक अनुभव**

हामीले एक महिनाभित्र ठमेल, दरबारमार्ग, लाजिम्पाट, चाबहिल, चुच्चेपाटी, बौद्ध, जोरपाटीलगायत विभिन्न स्थानमा खोलिएका मसाज र स्पा सेन्टरमा पुग्दा थाहा भयो- नेपालीहरुमा 'ह्याप्पी इन्डिङ' गर्न मसाज धाउने ट्रेन्ड बढेको रहेछ । मसाज सेन्टरको आवरणमा यौन व्यवसाय चलाइरहेको खबर पहिले-पहिले पनि धेरै आएका थिए तर अहिले हामीले प्रत्यक्ष निहाल्ने र समाचार लेख्ने अवसर पायौं ।

सिधा 'सेक्स डिल'

ब्यानरमा प्रस्ट लेखिएको हुन्छ- मसाज सेन्टर अथवा स्पा, हामी जोरपाटीका केही मसाज वा स्पा सेन्टरमा पुग्दा भित्र सिधै 'सेक्स डिल' हुने गरेको पाइएको छ ।

काउन्टरमा रहेकी महिलाले भनिन् एकछिन पछि आउनुस् ल । हामीले कतिखेर आउने के-के छ त सर्भिस ? भन्ने प्रश्नमा उनले सिधा जवाफ दिइन्, सबथोक हुन्छ, बस्ने हो भने थप हजार रुपैयाँ बढी दिनुपर्छ । हामी त्यसो भए एकछिन् पछि आउने सर्तमा बाहिर निस्कियौं ।

त्यसपछि हामी अर्को स्पामा गयौं । त्यहाँ चार युवतीहरु देखिन्थे । त्यहाँ रहेकी एक युवतीले मसाज गरेको मूल्य सोध्दा सुरुमा १५ सय भनिन् । पछि १२ सय रुपैयाँमा तयार भइन् ।

मसाजमात्रै त के गर्नु र ? घुमाउरो प्रश्नमा ती युवतीले सिधा जवाफ दिइन्, थप मज्जा लिनलाई पैसा थप्नुपर्‍यो नि ? त्यत्तिकै कहाँ रमाइलो हुन्छ ? अन्त्यमा ती युवती १५ सय रुपैयाँमा मसाज र रमाइलो दुवै गर्न तयार भइन् । त्यसपछि हामी एकछिन पछि आउने सर्तमा बिदा भयौं ।

त्यसपछि हामी अर्को स्पामा गयौ के छ सेवाहरू भनेर प्रश्न गर्दा त्यहाँ पनि १५ सयमा एक घण्टा र ८ सयमा आधा घण्टा मसाज हुने बताइन् । अरु के-के सर्भिस छ त ? भन्ने प्रश्नमा ती महिलाको जवाफ कूटनीतिक थियो, मसाजको पैसा तिरेर भित्र जानुस् । अरु सर्भिसको कुरा भित्रै गर्नुस् न ? मन मिल्ने कुरा न हो । उनको जवाफको आशय बुझ्न गाह्रो थिएन । त्यसपछि हामी एकछिनमा आउने सर्तमा त्यताबाट पनि बिदा भयौं ।

हामीले स्थलगत रिपोर्टिङका क्रममा चाबहिल, बौद्ध र जोरपाटीका यी स्पा- ग्रिन साइन स्पा,फेमेली हेल्थ स्पा,युनिक हेल्थ स्पा,साकुरा स्पा र एभरेष्ट हेल्थ स्पालगायतमा पनि ह्याप्पी इन्डिङ हुने गरेको पाइयो ।

'केही स्तरीय स्पाबाहेक प्राय:मा ह्याप्पी इन्डिङ हुन्छ, मसाज र स्पाका नियमित ग्राहक रहेका एक जनाले ठोकुवा गरेर भने, यति नभइ त मसाज र स्पा सेन्टर चल्छ पनि कसरी ? जिउ मालिस गर्नलाई मात्र त को त्यहाँ जान्छ र ? रमाइलो त हुनै पर्‍यो नि होइन र ?

बाध्यताले मसाजसम्म

मसाज सेन्टर र स्पामा काम गर्ने अधिकांश कर्मचारीको आ-आफ्नै बाध्यताहरू रहेछन् । अधिकांश कलेज पढ्ने किशोरीले आफ्नो चाहाना पुरा गर्न र घरको अवस्था कम्जोर भएकाले बाध्यताले यस्तो काम गर्न बाध्य भएको बताउने गरेका छन् भने कसैलाई श्रीमानले छाडेको, आर्थिक अवस्था कमजोरलगायतका कारणले उनीहरुलाई मसाज र स्पा सेन्टरसम्म अश्लील काम गर्न बाध्य बनाउने गरेको रिर्पोटिङका क्रममा खुल्यो ।

हामीले ग्राहकको भेषमा काठमाडौं उपत्यकाका विभिन्न भागमा रहेका स्पा सञ्चालकहरूसँग कुरा गर्ने रिपोटिङ गर्ने क्रममा भ्वाइस रेकर्डिङ गरेर उनिहरूसँग कुराकानी गर्ने गरेका थियौं । स्पा र मसाज सेन्टरमा हुने यस्ता अनैतिक काम रोक्न नियमनकारी निकायले चासो दिन जरूरी रहेको देखिन्छ ।

**यस्तो छ ऐनमा व्यवस्था**

मानव बेचबिखन तथा ओसार प्रसार नियन्त्रण ऐन २०६४ मा कुनै प्रकारको फाइदा लिइ वा नलिइ वेश्या वृत्तिमा लगाउने कार्यलाई मानव बेचबिखन तथा ओसार प्रसार गरेको मानिने उल्लेख छ ।

ऐनले वेश्या वृत्तिमा लगाउने वा शोषण गने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याइ कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाइ आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने कुनै स्थानमा राख्ने वा नेपालभर एक ठाउँबाट अर्को ठाउँमा लैजाने वा विदेश लैजाने वा अरु कसैलाई दिने कार्यलाई निषेध गरेको छ ।

कुनै प्रकारको फाइदा लिइ वा नलिइ वेश्या वृत्तिमा लगाउने कसुरको मात्रा अनुसार १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना र वेश्यागमन गर्नेलाई एक महिनादेखि ३ महिना कैद र २ हजार रुपैयाँदेखि ५ हजार रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था छ ।

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धि विद्यमान मुख्य कानुनी व्यवस्थाहरु

नेपालको संविधान २०७२ मा मौलिक हक र कर्तव्यको रुपमा र नागरीक सुरक्षा नीतिमा समेत उल्लेख गरेको छ । त्यस्तै मुलुकी अपराध ( संहिता) ऐन, २०७४। मानव बेचबिखन तथा ओसारपसार ( नियन्त्रण) ऐन २०६४ र नियमावली २०६५ । श्रमजीवि महिलाहरूप्रति डान्स रेस्टुरेन्ट, डान्स बार, मसाज, स्पाजस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५ ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण)ऐन २०६४ र नियमावली २०६५का मुख्य व्यवस्थाहरुमा दण्ड तथा सजाय सम्बन्धि,क्षतिपूर्ति सम्बन्धि, गोपनीयता सम्बन्धि, पिडितको बयान प्रमाणित गराउने व्यवस्था एवं पीडकलाई पक्राउ गर्न वा खानतलासी लिन सकिने व्यवस्था गरिएको छ ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रमुख समन्वयकारी निकायहरूमा महिला,वालवालिका तथा समाजकल्याण मन्त्रालय,मानव वेचविखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति, मानव वेचविखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति,मानव वेचविखन तथा ओसारपसार नियन्त्रण कार्यदल-उपसमिति मानव वेचविखन तथा ओसारपसार नियन्त्रण स्थानीय सयन्त्रहरु सक्रिय छन् ।

त्यस्तै मानव बेचबिखन ऐन २०६४ अन्तर्गत (दफा ४ )मा अरुलाई वेश्यावृत्तिमा लगाउनेलाई कारबाही गर्ने कुरा उल्लेख छ ।

यो केवल राष्ट्रिय दण्ड (संहिता) ऐन, २०१७ को खण्ड ११९ र १२० हो जसले वेश्यावृत्तिको लागि अनुरोध गर्न निषेध गर्दछ । कुनै व्यक्ति वेश्यावृत्तिमा संलग्न भएमा वा कसैलाई संलग्न गराएमा तीन वर्ष कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने ऐनमा उल्लेख छ ।

यसैबीच ऐनको दफा १२० ले कुनै पनि व्यक्तिले जानीजानी आफ्नो घर, जग्गा वा यातायातका साधन उपलब्ध गराउन नहुने ऐनमा उल्लेख गरेको छ ।

नयाँ वर्ष २०८० सालको हार्दिक मंगलमय
शुभकामना
सम्पूर्ण देशबासी तथा विदेशमा रहनु भएका
नेपाली भाषीहरुमा २०७९ सालको हार्दिक मंगलमय शुभकामना ।
आउदो सालमा देश र विदेशमा भइरहेका दुःखदपूर्ण घटनाहरूको अन्त्य
भई सबैमा सुख तथा समृद्धि छाओस् भन्ने
कामना व्यक्त गर्दछौं ।
सुशील शाही खड्गी
अध्यक्ष तथा
सूर्य बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार

शुभकामना
नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा
सम्पूर्ण देशबासी एवम् शुभेच्छुक मित्रहरुमा
हार्दिक मंगलमय शुभकामना ।
AMC
AM Construction
Company Pvt. Ltd.
('A' class Civil Contractor)
Gwarko, Ring Road, Lalitpur
GPO Box # 8915 EPC 1144,
Kathmandu, Nepal
Phone : 01-5202751, 5200770
Fax : 977-01-5202750
E-mail: abin.amconst@gmail.com

खोजतलास मिडिया प्रा.लि.का लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **भरत महर्जन**, निर्देशक : **अमिता लक्ष्मी श्रेष्ठ (सैंजु)**, प्रधान सम्पादक **राजु बस्नेत**, सम्पादक : **शशी कोइराला**, कार्यकारी सम्पादक : **रूपक शाक्य**
कार्यालय : सातदोबाटो, ललितपुर, फोन : ०१५५५५५५५ इमेल : khojtalashdainik@gmail.com, वेवसाइट : www.khojtalashonline.com, मुद्रक : ई. प्रेस प्रा.लि., शान्तिनगर–३१

# उपेन्द्र यादवका लागि उपचुनाव गर कि मर



काठमाडौं । सत्ता बाहिर रहनै नसक्ने बानी परिसकेका उपेन्द्र यादवलाई यसपटक फेरि छटपटी बढ्यो । यसकारण उनले अनेकन जुक्ति लगाएर सांसद हुने प्रयास गरेका छन् । यसभित्र उपप्रधानमन्त्री बन्ने उद्देश्य लुकेको छ उपेन्द्रको । प्रचण्ड नेतृत्वको सरकारमा उपेन्द्रले आफ्नो दल जनता समाजवादी पार्टीबाट एकजना मात्र मन्त्री पठाइएका छन् अशोक राई । जसपाको भागमा परेको बाँकी एक मन्त्रीमा कसैलाई पनि पठाइएको छैन र उपनिर्वाचन अघि कसैको नाम जाने सम्भावना पनि छैन । कारण हो उपेन्द्र यादवको सरकारमा सहभागी हुने चाहना ।

सप्तरीबाट जनमत पार्टीका अध्यक्ष सीके राउतसँग दोब्बरभन्दा बढी मतान्तरले पराजित यादवलाई संसदमा पुगेर मन्त्री बन्ने छटपटी चलेकै थियो । पहिलोपटक चुनाव हारेका यादव पटक पटक मन्त्री बनिसकेका छन् । सत्तामा पुग्न उनले रणनीतिक चाल चले । बारा २ बाट चुनाव जितेका रामसहाय प्रसाद यादवलाई उपराष्ट्रपतिमा बढाएर सिट खाली गराए । जहाँ उनी चुनाव लड्दैछन् । बारा २ मा यादव समुदायको मत उल्लेख्य छ । उनलाई त्यही आशा छ । अर्कोतर्फ, प्रचण्डको साथ पाउनेमा ढुक्क छन् । तर, नेपाली काँग्रेसको मत निर्णायक छ । उपेन्द्रलाई रोक्न बढेका छन् सीके राउत । उनले माओवादी केन्द्रबाट पराजित शिवचन्द्र कुशवाहालाई अगाडि बढाएका छन् । कुशवाहा रामसहाय यादवबाट मंसिर ४ को चुनावमा मात्र ३५४ मतले पराजित भएका थिए । उनी माओवादी छाडी राउत नेतृत्वको जनमतमा आवद्ध भएर उपचुनावमा उम्मेदवार खडा भएका छन् ।

उपेन्द्रलाई बारा २ को चुनाव जितेमा उपप्रधानमन्त्री बन्ने आशा छ । वन मन्त्रालयमा उनको प्रवेश हुनसक्छ । चुनावमा पराजित भए ठूलो धक्का लाग्छ । त्यसैले उपेन्द्रले सारा शक्ति बारा २ मा केन्द्रित गरेका छन् । सीके राउतले पनि बारा २ मा सारा शक्ति केन्द्रित गरेका छन् । मधेशमा यादव भर्सेस राउत भएको छ अहिले । रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीबाट पूर्वडिआइजी रमेश खरेल पनि घण्टी बोकेर बारा २ पुगेका छन् । बलियो संगठन रहेको नेकपा एमालेले पुरुषोत्तम पौडेललाई सारेको छ । यसकारण पनि बारा २ मा उपेन्द्रलाई चुनौती छ । अरुले हारेमा केही गुमाउने छैनन् उपेन्द्रले हारेमा मधेशको राजनीतिबाट पकड गुमाउन पुग्ने अवस्था बन्नेछ । यसकारण उनमा निकै छटपटाहट देखिन्छ ।

# देशभरका विद्यार्थीको हातमा समयमै पुस्तक




काठमाडौं । यसपटक शिक्षा क्षेत्रमा नयाँ किर्तिमान बनेको छ । नेपालको इतिहासमा पहिलोपटक विद्यालयका बालबालिकाले शैक्षिक सत्र सुरु नहुँदै पाठ्यपुस्तक पाएका छन् । हुम्ला होस् या झापा, काठमाडौं होस् या धनगढी जताततै पाठ्यपुस्तक पुगेको छ यसपटक । जनक शिक्षा सामाग्री केन्द्रले समयमै पाठ्यपुस्तक छपाई पूरा गर्दा विद्यार्थीको हातहातमा पुस्तक पुगेको छ । यसका लागि केन्द्रका महाप्रबन्धक अनिल झाले अहोरात्र खटिए । गरेमा के असम्भव रहेछ भन्ने देखाए ।

इञ्जिनियर झा काममा निकै खटिनेमा पर्छन् । उनी जहाँ नेतृत्व लिन पुग्छन् त्यहाँ कुशलतापूर्वक काम गरेर देखाउँछन् । जनक शिक्षामा उनले काम गरेरै देखाए । विगतका वर्षहरुमा शैक्षिक वर्ष आधा आधी हुँदा पनि विद्यार्थीले पाठ्यपुस्तक पाएनन् । दुर्गम जिल्लाको पीडा त छँदै थियो । काठमाडौं उपत्यकामा पनि पाठ्यपुस्तकबाट वञ्चित भए विद्यार्थी । यसपटक भने सबैको हातहातमा पुस्तक पुगिसकेको छ

इञ्जिनियर झासँग जनक शिक्षामा काम गरेको पुरानो अनुभव छ । उनले विगतमा काम गर्दा पनि जनक शिक्षालाई नाफामा लगेर किर्तिमान बनाएका थिए । नयाँ र अत्याधुनिक मेशिन जडान गरेका थिए । यसपटक झाले पाठ्यपुस्तक समयमै विद्यार्थीको हातमा पुऱ्याउन रातदिन खटिए । महाप्रबन्धक झा आफै खटिए प्रेसमा । उनी कतिपय राति त जाग्राम नै बसे प्रेसमा । काम गरे असम्भव रहेनछ भन्ने देखाएका छन् उनले ।

झाले उदयपुर सिमेन्ट कारखानामा पनि महाप्रबन्धकको जिम्मेवारी सम्हालिसकेका छन् । उनले उक्त कारखानालाई निकै सुधारेर कुशलता देखाइसकेका छन् । समयमै पाठ्यपुस्तक विद्यार्थीको हातमा पुऱ्याउने गरी कार्य गरेवापत् उनी यतिबेला चर्चामा छन् । झाको कामबाट प्रधानमन्त्री प्रचण्ड पनि खुशी भएको बुझिएको छ । कुनैपनि काम देखाउन नसकेका प्रचण्डका लागि अहिले विद्यार्थीको हातहातमा पुस्तक पुगेको देखाउने र सुनाउने विषय बन्न पुगेको छ । यसैले झालाई भविष्यमा महत्वपूर्ण जिम्मेवारी दिने चर्चा चलेको छ ।

## किन नेपाल आए चौथाइवाले

काठमाडौं । भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख डा. विजय चौथाइवाले नेपालमा छन् । उनी स्थलमार्ग हुँदै आइतवार साँझ नेपालको सुदूरपश्चिम प्रदेश प्रवेश गरेका हुन् । चौथाइवाले नेपालको धनगढीमा भइरहेको मानसखण्ड सम्मेलनमा सहभागी भए । उनी सोराइ पार्टी प्यालेसमा भएको समापन कार्यक्रमका प्रमुख अतिथि भए जहाँ काँग्रेस नेता आरजु देउवा पनि सहभागी भइन् । सुदूरपश्चिम विश्वविद्यालय आयोजक रहेको संगोष्ठीमा नेपाल र भारतका विज्ञहरुले दुई देशको सम्बन्ध, सभ्यता र सांस्कृतिक कनेक्टिभिटीलगायतमा गम्भीर छलफल गरेका थिए ।

२ वैशाखबाट सुरु भएको संगोष्ठी ४ गते समापन भएको थियो । समापनपछि चौथाइवाले काठमाडौं आए । उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, पूर्वप्रधानमन्त्रीहरु शेरबहादुर देउवा, माधवकुमार नेपाल, केपी शर्मा ओली, परराष्ट्रमन्त्री एनपी साउदलगायत नेताहरुसँग भेटे ।

# साइबर सुरक्षा केन्द्र खोल्दै सरकार

काठमाडौं । सरकारले राष्ट्रिय साइबर सुरक्षा नीति निर्माण प्रक्रिया अघि बढाएको छ । पटक-पटक सरकारी तथा गैरसकारी संघ संस्थाको प्रणालीमाथि साइबर आक्रमण बढेपछि सरकारले राष्ट्र्य साइबर सुरक्षा नीति निर्माण गरेर बलियो कानुनी व्यवस्था गर्न लागेको हो ।

सरकारको डाटा सेन्टरका रुपमा रहेको राष्ट्रिय सूचना प्रविधि केन्द्रमा नै पटक-पटक भइरहेका आक्रमणका कारण सरकारी सर्भर डाउन भएर सेवाग्राही पटक-पटक पीडित बन्ने गरेका छन् । साइबर सुरक्षालाई ध्यानमा राखेर काम नगर्दा सरकारका विभिन्न महत्वपूर्ण र गोप्य तथ्यांक बाहिरिने जोखिम उच्च छ ।

नेपालमा विभिन्न अनलाइन तथा सूचनाप्रविधिसम्बद्ध प्रणाली प्रयोग बढिरहँदा सर्वसाधारणदेखि सार्वजनिक तथा निजी संस्थाहरुसम्म साइबर आक्रमणको जोखिममा छन् । यसमा सुधार गर्ने गरी सरकारले 'राष्ट्रिय साइबर सुरक्षा नीति-२०८०'को मस्यौदा तयार गरेको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका उपसचिव टंकबहादुर महत सञ्चार प्रविधि प्रणालीहरू माथिको साइबर आक्रमणको जोखिम दिनानुदिन बढ्दो रहेको बताउँछन् । साइबर सम्बन्धि आपराधिक गतिविधि बढ्दै गएकाले व्यक्तिगत तथा संस्थागत विवरणहरूको गोपनीयता एवम् तथ्यांक लगायत सूचना प्रविधि प्रणाली सुरक्षाको विषय जटिल बन्दै गएको छ। यसैलाई ध्यानमा राखेर भरपर्दो, सुरक्षित र उत्थानीशल साइबर स्पेस निर्माणका लागि नीति ल्याउन लागिएको महतले बताए ।

विश्वव्यापी साइबर सुरक्षा सूचकांकमा अहिले नेपालको स्कोर ४४.९९ छ । आगामी पाँच वर्षभित्र ६०, दश वर्षभित्र ७० र पन्ध्र वर्षभित्र ८० प्रतिशत पुऱ्याउने लक्ष्य राखेर सरकारले नीतिको मस्यौदा तयार गरेको हो ।

सुरक्षित साइबर स्पेस निर्माणका लागि कानूनी र संस्थागत व्यवस्था गर्ने, साइबर आक्रमणको जोखिम न्यूनीकरण गर्दै संवेदनशील राष्ट्रिय पूर्वाधार संरक्षण गर्ने, साइबर स्पेसलाई सुदृढ बनाउन साइबर सुरक्षा क्षेत्रमा जनशक्ति उत्पादन एवम् कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि र साइबर सुरक्षासम्बन्धी जोखिम न्यूनीकरणका लागि द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा समन्वय, अनुभव एवम् सहयोग आदान प्रदान गर्ने उद्देश्यसहित मन्त्रालयले नीतिको मस्यौदा छलफल तथा सुझावका लागि सार्वजनिक गरेको छ ।

९ वटा रणनीति तय गर्न प्रस्ताव गरिएको छ । सुरक्षित, भरपर्दो र उत्थानशील साइबर स्पेस बनाउन आवश्यक कानुन एवम् मापदण्ड बनाउने पहिलो रणनीति छ । यसअन्तरगत विद्यमान कानुनलाई साइबर सुरक्षा अनुकूल हुने गरी संशोधन, परिमार्जन र पुनरावलोकन गर्ने योजाना छ ।

सूचना तथा सञ्चार प्रविधि दुरूपयोगबाट हुने साइबर अपराध विरुद्ध एवम् साइबर सुरक्षा सबलीकरणको लागि कानुन तर्जुमा गर्ने र साइबर अपराध अनुसन्धान, प्रमाण सङ्कलन, अभियोजन तथा नियन्त्रणका लागि अन्तर्राष्ट्रिय मापदण्डअनुरूप कानूनी तथा नीतिगत व्यवस्था गर्ने कार्यनीति लिइँदैछ ।

यस्तै सूचनाको हक, गोपनीयताको हक लगायतका मौलिक अधिकारहरूको संरक्षणका सन्दर्भमा क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय मापदण्डअनुरूप कानुनी तथा नीतिगत व्यवस्था गर्ने, सूचना प्रविधिको माध्यमबाट सिर्जना हुने बौद्धिक सम्पत्ति तथा प्रतिलिपि अधिकार संरक्षणको लागि सम्बन्धित कानुनमा संशोधन र एकीकरण गर्ने प्रस्ताव नीतिमा छ ।

साइबर आक्रमण तथा अपराधबाट सिर्जना हुने जोखिम बहन गर्न साइबर सुरक्षा बीमाको व्यवस्था गर्ने र साइबर सुरक्षा मापदण्डहरू कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय मापदण्डसमेतका आधारमा राष्ट्रिय साइबर सुरक्षा फ्रेमवर्क तर्जुमा गर्ने योजना पनि छ ।

संवेदनशील पूर्वाधार जोखिम आकलन तथा न्यूनीकरण एवम् घटना प्रतिक्रिया योजनाहरूको निर्माण गरी कार्यान्वयन गर्ने, साइबर सुरक्षा प्रक्रियामा तयारी, संरक्षण, पहिचान, प्रतिक्रिया तथा पुनर्लाभ सम्बन्धी कार्ययोजना बनाएर काम गर्ने, राष्ट्रिय साइबर सुरक्षा रणनीतिको लागि प्राविधिक मार्गदर्शनको विकास गर्ने, गुणस्तरीय सफ्टवेयर, हार्डवेयर, नेटवर्क डिभाइसको निर्माण, आयात तथा प्रयोग सम्बन्धी मापदण्ड तयार गरी लागु गर्ने लगायतका योजना पनि नीतिमा प्रस्ताव गरिएको छ ।

सफ्टवेयर विकासकर्तालाई सफ्टवेयरको गुणस्तर एवम् सुरक्षा सुनिश्चिततामा जिम्मेवार बनाउनेदेखि सफ्टवेयर आपूर्तिकर्तालाई आफूले आपूर्ति गरेको सफ्टवेयरको गुणस्तर एवम्सुरक्षाको सुनिश्चितताका लागि जिम्मेवार बनाउनेसम्मका योजनाका आधारमा प्रस्तावित कार्यनीति सार्वजनिक भएको छ ।

यस्तै साइबर सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय अभ्याससमेतका आधारमा न्यूनतम प्राविधिक मापदण्ड निर्माण गर्ने, साइबर सुरक्षा परीक्षणको मापदण्ड र परीक्षकको योग्यता निर्धारण गर्ने र विभिन्न उत्पादन वा सेवाहरूबीच अन्तरसञ्चालन र डाटा आदान-प्रदानलाई सहज बनाउन खुला मापदण्डहरूको प्रयोगलाई प्रोत्साहन गर्ने नीतिको मस्यौदामा भनिएको छ ।

सरकारले राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गर्ने नीति लिन प्रस्ताव गरेको छ । साइबर सुरक्षा सम्बन्धि अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्द्धन, जनचेतना अभिवृद्धि गर्ने काम केन्द्रले गर्नेछ ।

साइबर सुरक्षासम्बन्धी तयारी, रोकथाम, पहिचान, प्रतिक्रिया तथा पुनर्लाभ गर्न सातै दिन चौबिसै घण्टा सम्पर्क निकायको रूपमा कार्य गर्न, डिजिटल फोरेन्सिक अनुसन्धान गर्न तथा साइबर सुरक्षासँग सम्बन्धित निकायको नियमनकारी निकायको रूपमा समेत कार्य गर्ने गरी राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गर्नुपर्ने सरकारको निष्कर्ष छ ।

सूचना प्रविधि क्षेत्रको नियमन तथा सरकारी निकायहरूका लागि आवश्यक पर्ने सूचना प्रविधि प्रणालीको विकास एवम् नियमन गर्ने गरी सूचना प्रविधि विभागको क्षेत्राधिकार विस्तार गर्ने र साइबर सुरक्षा र साइबर अपराध अनुसन्धानसम्बन्धी विद्यमान संस्थाहरूको क्षमता अभिवृद्धि गर्न पनि नीतिमा प्रस्ताव गरिएको छ ।

साइबर आक्रमणहरूबारे सूचना आदानप्रदान गर्न डिजिटल पूर्वाधार विकास गर्ने तथा राष्ट्रिय आकस्मिक योजना तयार गरी काम गर्ने विषय पनि प्रस्तावित नीतिमा छ ।

साइबर सुरक्षा सम्बन्धी विषय हेर्न सञ्चारमन्त्रीको नेतृत्वमा निर्देशक समिति बनाउन प्रस्ताव गरिएको छ। समन्वय एवम् प्राथमिकीकरणका लागि सहसचिव नेतृत्वको राष्ट्रिय साइबर सुरक्षा रणनीतिक कार्यसमूह गठन गरी क्रियाशील बनाउने, नेपाल सूचना प्रविधि आकस्मिक सहायता समूह तथा क्षेत्रगत सूचना प्रविधि आकस्मिक सहायता समूह र प्रदेशमा प्रादेशिक सूचना प्रविधि आकस्मिक सहायता समूहको गठन गरी क्रियाशील तुल्याउने योजना पनि छ ।

संघ, प्रदेश र स्थानीय सरकारको समन्वय र सहकार्यमा साइबर सुरक्षा सूचना सञ्जाल विकास गर्दै व्यावसायिक योजनाहरूमा एकीकृत सूचना सुरक्षा नीतिहरू समावेश गर्न संस्थाहरूलाई प्रोत्साहित गर्ने सरकारी तयारी छ ।

सूचना तथा सञ्चार प्रविधि प्रयोग हुने राष्ट्रिय संवेदनशील पूर्वाधारहरूको पहिचान एवम् संरक्षण गर्ने व्यवस्था सुनिश्चित गर्दै संवेदनशील तथ्यांक संकलन, प्रशोधन, प्रयोग तथा भण्डारण गर्ने सार्वजनिक निकाय तथा निजी क्षेत्रका संस्थालाई आवधिकरूपमा साइबर सुरक्षा परीक्षण अनिवार्य गर्ने योजना पनि कार्यनीतिमा छ ।

नागरिकहरूको अनलाइन पहिचानको सुरक्षा तथा डाटा सुरक्षासम्बन्धी व्यवस्था गर्ने, व्यक्तिगत वा संस्थागत तथ्यांकहरू संकलन, प्रशोधन, प्रयोग एवम् भण्डारण गर्ने निकायहरूमा भएका साइबर आक्रमण तथा प्रयोगकर्ताका डाटा हानी, नोक्सानी, तथा चोरीसम्बन्धी सूचना सार्वजनिक गर्न अनिवार्य गर्ने र साइबर सुरक्षासम्बन्धी पूर्वाधारको निर्माण तथा स्तरोन्नति गर्ने नीतिको मस्यौदामा उल्लेख छ । 'साइबर सुरक्षासम्बन्धी परीक्षण एवम् प्रमाणीकरणका लागि प्रचलित कानुन, मापदण्ड, निर्देशिका एवम् असल अभ्यास अनुरुप गर्ने व्यवस्था मिलाइनेछ,' नीतिको मस्यौदामा भनिएको छ, 'साइबर सुरक्षा विकासका सूचकहरूको निर्माण गरी राष्ट्रिय साइबर सुरक्षा परिपक्वता मापन गरिनेछ ।'

## तातोपानी पारी चीनले ढुवानीको सवारी मात्र जान दिने

काठमाडौं । तातोपानी नाका वैशाख १८ बाट खुलेपछि व्यवसायी उत्साही भएका छन् । तर, चीनले तातोपानी नाकाबाट नेपाली सामानका ढुवानी सवारी प्रवेश अनुमति दिने भएपनि नेपालीलाई भने विना भीसा प्रवेश अझै रोक लगाउने नीति लिएको छ । उसले सामान ढुवानीका लागि मात्र सवारीलाई दुईतर्फी अनुमति दिने नीति लिएको छ । तर, नेपाली सामान के के निर्यात गर्न दिने खुलाइएको छैन । नेपालले चीया, कफी, जडिबुटी, राँगाको पकाएको प्याकिङ मासुलगायत सामाग्री निर्यात गर्न खोजेको छ । चीनले यसअघि नै एकतर्फी स्याउ, लसुनलगायत सामाग्री नेपाल पठाइरहेको छ तातोपानी नाकाबाट ।

सोमवार नेपाली सुरक्षा अधिकारीसँगको वार्तापछि चिनियाँ टोलीले नेपालसँगको तातोपानी नाका ढुवानीका लागि मात्र दुईतर्फी खुलाउने सहमति गरेको हो । नेपाल र चीनबीचको सीमा सम्बन्धी बैठकमा ढुवानीका लागि मात्र दुईतर्फी रुपमा तातोपानी नाका खुलाउने सहमति भएको सिन्धुपाल्चोकका प्रहरी प्रमुख बालनरसिंह राणाले जानकारी दिए । नाका ढुवानीका लागि मात्र खुल्नेछ, राणाले भने । मानव आवतजावत भने अनुमति नहुने उनको भनाई छ । नेपालले चिनियाँ पक्षलाई तातोपानी नाका दुईतर्फी खोल्न पटक पटक आग्रह गर्दै आएको थियो ।

चीनले सीमा पार अपराध, कोभिड १९ को रोकथाममा आवश्यक सुरक्षालगायत विषयमा नेपाली पक्षबाट प्रत्याभूति होस् भन्ने चाहेको थियो । २०७२ सालको भूकम्पले क्षति पुगेपछि तातोपानी नाका बन्द हुँदै आएको थियो । पछि चीनले नेपालतर्फ सामान विक्री गर्ने गरी एकतर्फी खुलेपनि नेपालबाट उक्त नाका हुँदै चीनतर्फ निर्यात ठप्प थियो । त्यसअघि तातोपानी नाकाबाट खासातर्फ नेपालीहरु आवतजावत गर्न अनुमति थियो । परराष्ट्र सचिव भरतराज गिरीले चैत्रमा बेइजिङमा आयोजित सचिवस्तरीय बैठकमा तातोपानी नाका खोल्नेबारे कुराकानी गरेका थिए । त्यतिबेला नाका खोल्न आवश्यक पूर्वाधार निर्माण बढाउने सहमति भएको थियो । चीनले पूर्वाधार निर्माणका क्रममा रहेको जानकारी दिएको छ । त्यसका लागि नाका केही दिन दुईतर्फी नै बन्द छ ।

## फाष्ट ट्र्याक समयावधि थप्नुअघि प्रचण्डको अवलोकन

काठमाडौं । नेपाली सेनाले जिम्मा लिएर चिनियाँ ठेकेदार कम्पनीहरुले निर्माण गरिरहेको काठमाडौं तराई फाष्ट ट्र्याक ढिलाई भइरहँदा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अवलोकन गरेका छन् । मङ्गलवार उनले फाष्ट ट्र्याकको अवलोकन गरी निर्माणबारे जानकारी लिएका हुन् । प्रचण्डका साथमा उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वाला, सेनापति प्रभुराम शर्मा र वरिष्ठ सैनिक अधिकारीहरु सहभागी थिए ।

अवलोकन सेनाले गराएको हो । फाष्ट ट्र्याक निर्माणको समयावधि थप्न सेनाले पत्राचार गरेपछि सरकारका तर्फबाट प्रधानमन्त्री आफैले अवलोकन गरेका हुन् । उनले निर्माण ढिलाईबारे पनि जानकारी लिएका छन् । सेनाले कोभिड १९ को कारण भन्दै दुईवर्ष समयावधि थप्न पत्र पठाइसकेको छ । यसको टुंगो क्याबिनेटले लगाउनेछ ।

२०८१ भित्र निर्माण पूरा गर्नुपर्ने भएपनि फाष्ट ट्र्याकको निर्माण २५ प्रतिशत पनि पूरा भएको छैन । ११ वटा प्याकेजमा निर्माणको काम बाँडिएकोमा ६ वटा प्याकेजको मात्र ठेक्का लागेको छ । जसमा सबै चिनियाँ कम्पनी छन् । प्याकेज १ र २ मा १० किलोमिटर टनल रहेका छन् । जसमा क्रमशः चाइना स्टेन इन्जिनियरिङ र पोली चान्डा इन्डिनियरिङले ठेक्का पाएका छन् । सडक र पुलहरुको ठेक्का सिचुआन जेभी, पोली चान्डा इन्जिनियरिङ र एसडीएलक्यु चाइनालाई ठेक्का दिइएको छ । ७२.५ किलोमिटर एक्सप्रेस हाइवे को निर्माणमा एक खर्ब ७५ करोड नेपाली रुपैयाँ लागत अनुमान छ । तर, निर्माण अवधि बढ्ने भएकाले लागत पनि बढ्न सक्छ । सेनाले फाष्ट ट्र्याक निर्माणको जिम्मा लिएर चिनियाँ कम्पनीहरुलाई जिम्मेवारी दिँदा निकै विवाद भएको थियो । संसदले समेत ठेक्का रद्द गर्न भनेपनि तत्कालीन केपी शर्मा ओलीको सरकारले रोक्न तयार भएन ।

## पाँच चिनियाँ विमानमा अरबौं डुबानपछि तीन विमान खरिद हुँदै

काठमाडौं । बिमान खरिद गरी केही वर्षमात्र उडाएर थन्काएको छ नेपाल वायुसेवा निगमले । ती विमानहरु आन्तरिक उडानका लागि भन्दै चीनबाट भित्राइएको थियो । चिनियाँ विमान भित्राएर अरबौं नोक्शानी व्यहोरेको नेपालको वायुसेवा निगमले तीनवटा जहाज खरिद गर्ने भएको छ । उसले सोमवार प्रेस विज्ञप्तिमार्फत् आन्तरिक उडानका लागि तीनवटा साना जहाज खरिद गर्ने जानकारी गराएको हो । नेपाल वायु सेवा निगमका प्रवक्ता रमेश पौडेलका अनुसार जहाज खरिद गर्ने कार्ययोजना बढाउन उपसमिति गठन गरी कार्य समेत सुरु भइसकेको छ। निगमले कुन कम्पनीसँग खरिद गर्ने टुंगो नलगाएपनि पारदर्शी रुपमा खरिद गर्ने उल्लेख छ ।

यसअघि आन्तरिक उडानका लागि चीनबाट भित्राइएका ६ वटा विमान नेपाली आकाशका लागि प्रतिकूल भई ग्राउन्डेड भएपछि नेपालले नयाँ विमान खरिद बढाएको हो । ती विमानहरु २०१४, २०१७ र २०१८ मा पटक पटक गरी भित्राइएको थियो । पाइलटको अभाव, स्पेयर पार्ट र इन्जिनियरको अभाव देखिएपछि अरबौं घाटा व्यहोरेपछि २०२० बाट ग्राउन्डेड अवस्थामा राखिएको छ । ६ मध्ये एउटा दुर्घटनामा परेको र बाँकी पाँच विमानहरु विक्री गर्न निगमले प्रक्रिया बढाएको छ । ६ अर्ब ६७ करोड नेपाली रुपैयाँमा ४ वटा चिनियाँ विमान खरिद गरिएका हुन् भने २ विमान चीनले अनुदानका रुपमा दिएको हो । तर, विमान सञ्चालनमा वार्षिक ६० करोड घाटा व्यहोरेपछि ग्राउन्डेड गरिएको हो ।

## बन्ने भए प्रधानन्यायाधीश

काठमाडौं । तीन प्रमुख दलका शिर्ष नेताहरु प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया बढाउन सहमत भएका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीचको सोमवारको बैठकमा उक्त सहमति बनेको हो । बिरामी परेका ओलीको निजी निवास बालकोटमा बसेको बैठकमा प्रधानन्यायाधीश नियुक्तिका लागि संवैधानिक परिषद्को बैठक बोलाउने सहमति बनेको बैठकमा सहभागी काँग्रेस नेता रमेश लेखकले जानकारी दिए ।

प्रधानन्यायाधीश नियुक्ति नभएको १४ महिना नाघिसकेको छ । सर्वोच्च अदालत कामुको भरमा चल्दै आएको छ । नेपाल बार एशोशिएसनले मुख्य दलका नेताहरुलाई भेटेर यसबारे जानकारी गराइसकेका छन् । प्रधानन्यायाधीशका अलावा संवैधानिक निकायका पदाधिकारी नियुक्तिका लागि संवैधानिक परिषद्को बैठक बसी निर्णय लिनुपर्ने व्यवस्था छ । परिषदमा प्रधानमन्त्री पदेन अध्यक्ष हुनेछन् । सभामुख, प्रधानन्यायाधीश, राष्ट्रिय सभाको अध्यक्ष, प्रमुख प्रतिपक्षी दलका नेता र उपसभामुख परिषदका सदस्य हुने व्यवस्था छ ।

## भारत जाँदै प्रचण्ड

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमण वैशाखमै हुने भएको छ । यसका लागि परराष्ट्र मन्त्रालयले तयारी बढाइसकेको छ । परराष्ट्रमन्त्री नियुक्त भएलगत्तै आइतवार एनपी साउदले प्रधानमन्त्रीको भारत भ्रमणको तयारीलाई अगाडि बढाउने बताए । यसबाट पनि भ्रमणको तयारी तिव्र रहेको खुलेको छ । भारत भ्रमणमा नेपालले जलविद्युत, ऊर्जा व्यापार, थप हवाई रुट, सीमा समस्या समाधानलगायतका विषयमा कुरा उठाउने तयारी गरिरहेको छ । प्रधानमन्त्री प्रचण्डले गठबन्धनका दलसँग यस विषयमा परामर्श थालिसकेका छन् ।

प्रधानमन्त्रीको भारत भ्रमणलाई दृष्टिगत गरेरै परराष्ट्रमन्त्री नियुक्तिमा अझै ढिलाई नगर्न भनेपछि नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले शनिवार साउदको नाम दिएका थिए । लगत्तै उनको नियुक्ति भयो । प्रचण्डलाई चीनबाट पनि भ्रमणको निम्तो आएको थियो । तेस्रोपटक प्रधानमन्त्री भएका उनले यसपटक पहिलो विदेश भ्रमण भारतबाट सुरु गर्ने नीति लिएको देखिन्छ । पहिलोपटक प्रधानमन्त्री हुँदा उनले चीनलाई पहिलो विदेश भ्रमणको गन्तव्य बनाएका थिए ।

# ‘पुरानो मतको जमिनदारी भत्किनेछ’



**अर्थशास्त्री स्वर्णिम वाग्ले चाहन्थे कांग्रेसको टिकट। उनी चाहन्थे गोरखा, चितवन या काठमाडौंबाट टिकट। तर परिस्थितिले उनलाई तनहुँ पुर्‍यायो। अनि पुर्‍यायो राष्ट्रिय स्वतन्त्र पार्टीमा। तर यो नयाँ दल, अनि क्षेत्रमा वाग्ले उत्साही हुँदै प्रचारमा जुटेका छन्। उपचुनावी विषयलाई लिएर वाग्लेसँगको कुराकानी :**

*० तपाईं गोरखा या चितवनबाट लडौं भनेर सोचिराख्नुभएको थियो। परिस्थितिले तनहुँमा ल्याइपुर्‍यायो, होइन त ?*

हो, तनहुँ आइपुगियो। राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट म उम्मेदवार बनेको छु। यो सुखद संयोग हो।

*० पहिलो पटक निर्वाचनमा उम्मेदवार बनेर जनतासम्म पुगिराख्नुभा’छ, के पाउनुभएको छ ?*

एकदमै उत्साह छ। जनता विकल्पको खोजीमा छन्। हाम्रै मतदाता हुन्, पाँच वर्षपछि पनि भोट हालिहाल्छन् भन्ने खालको राजनीतिक आचरणबाट यो जिल्ला गुज्रिरहेको आभास हुन्छ। विश्वसनीय विकल्प आएपछि चाहिं यतै आकर्षित भइरहेको सहसुस गरेका छौं।

*० तपाईंले विभिन्न चुनाव हेर्दै आउनुभएको छ। आफैं भिड्न थालेपछि चुनाव कस्तो हुने रहेछ ?*

एकदमै दबावमूलक हुँदोरहेछ। बिहान ४ बजे उठेर १२ बजे सुतिन्छ बल्ल। समयसीमा कम छ। एक मानेमा राम्रो पनि हो, कम समयसीमा हुनुमा। तनहुँको यो क्षेत्रमा ४२ वटा वडा छन्। तनहुँ भनेको धेरै नेपालीले पृथ्वी हाइवे पोखरा-काठमाडौं गर्दा दायाँ-बायाँ होला भन्ने सोच्छन्। दायाँतिर पनि विकट नै छ तर दक्षिणी भेग एकदमै दुर्गम छन्।

देवघाट, आँबुखैरेनी र बन्दीपुरका गाउँहरू मिनी कर्णाली जस्ता छन्। सडकको ट्र्याक चाहिं पुगेका छन्, बर्खामा चल्ने अवस्था छैन। सबै ठाउँमा गाडी लिएर पुग्ने प्रयास गरिरहेको छु। १२ दिनको चुनावी अभियानमा ४२ वटा वडा र वडा वडामा दर्जनौं बस्ती पनि हुने सबै ठाउँमा पुग्नै पर्ने यस्तै छ।

*० मागहरू कस्ता रहेछन्, जनताका ?*

जनताका मागहरू सामान्य नै छन्। अहिले मुख्य बाटो नै हो। धुलाम्मे छन्। धेरै बाटाहरू २०५३/५४ सालतिरै ट्र्याक खोलिएको रहेछ तर त्यसपछि केही पनि नभएको। पछिल्ला चरणमा जसको पहुँच पुग्यो, जुन गाउँबस्तीमा मन्त्री, सांसदको नजर पुग्यो, त्यहाँ अलिअलि बजेट हालिदिएका होलान् तर ट्र्याक खोलेर छोडिएका धेरै छन्। मतदाताको आक्रोश थियो, धेरै वर्ष भयो धुलो खाएको भन्ने। सकारात्मक कोणबाट बाटो राम्रो भइदिए उब्जनी बजार लैजान पाउँथ्यौं भन्ने पनि थिए। शिक्षा, स्वास्थ्य र खानेपानीको समस्या देखियो।

*० यहाँ तपाईंको प्रतिस्पर्धी उम्मेदवारले त खानेपानी व्यवस्थापनमा प्राप्त उपलब्धिलाई सबल पक्ष बनाएर प्रचार गरिरहनुभएको रहेछ नि ?*

उहाँहरूले केलाई आधार बनाएर भनिरहनुभएको छ, मैले बुझेको छैन। तर, खानेपानीको समस्या आइरहेका छन्। पहिलेभन्दा केही सुध्रिएको होला तर मागहरू आइराखेका छन्।

हामीले पनि खानेपानी, सिंचाइ, तटबन्धको एकीकृत प्याकेजका रूपमा काम गर्नुपर्छ भनेका छौं। मर्स्याङ्दी बगिरहेको छ तल, माथि टारहरू सुख्खा छन्। लिफ्टिङ गरेर बहुउद्देश्यीय आयोजनाका रूपमा काम गर्नुपर्छ भनेर लागिरहेका छौं।

*० जनतालाई आफ्ना एजेण्डा कसरी बुझाइरहनुभएको छ ?*

दमौलीमा आइतबारको आमसभा एक हिसाबले मेरो प्रतिबद्धता जस्तो पनि हो। जनतासँग करार गरे जस्तो पनि भयो। दुई हप्तामा मैले जे देखें, त्यो भनेको हुँ। तनहुँ-१ को सर्वाङ्गीण विकास गर्ने त भइहाल्यो। तर, मैले गाउँ-गाउँमा के पनि भनिरहेको छु भने सांसदको काम चाहिं वास्तवमा स्थानीय काम मात्र गर्ने होइन।

देश संघीयतामा गएसकेपछि ३/४ सय अर्ब त स्थानीय तहलाई पठाइरहेका छौं। माथिबाट हेर्दा ३/४ खर्ब तल आए पनि वडामा बाँडेर हेर्दा ७०/८० लाख हुने रहेछ। त्यसले एकैचोटि धेरै खाले आकांक्षा पूरा गर्दो रहेनछ, त्यसका लागि सांसदले सहजीकरण गरेर स्रोत र साधनको जोहो गरेर पनि भूमिका खेल्न सकिन्छ।

योजना आयोगमा बसेको र संघीयतालाई माथिबाट पनि हेरेका कारणले यहाँको स्थानीय अधिकारलाई नकुल्चने गरेर मेरो काम सहजीकरण गर्ने हो। स्थानीय जनप्रतिनिधिसँग समन्वय गरेर काम गर्ने हो तर यहाँका जितेर जाने सांसदले देशकै एजेण्डाबारे बोल्ने हो। सुशासन र समुन्नतिलाई बढी फोकस गरिरहेको छु। त्यो बुझाइ पनि राखेको छु। स्कुलको छाना हाल्ने, हेल्थपोष्टको स्थानीय विषय होला तर प्रणालीगत सुधारका लागि संसदमा गएर कानुनबाट काम गर्नुपर्छ, कार्यकारी भएर पनि काम गर्नुपर्छ भनिरहेको छु।

*० दलहरू बीचको मतभेद लोकतन्त्रमा स्वाभाविक हो, तर त्यसको सीधा असर विकासमा पनि पर्ने गरेको देखिन्छ। तपाईंले स्थानीय सरकारसँग सहजीकरण गर्छु भन्नुभयो। स्थानीय तहमा त सबै तपाईंका विपक्षी छन्, कसरी काम गर्नुहुन्छ ?*

त्यहीं पनि हामीले परिवर्तन गर्न खोजिरहेका छौं। राष्ट्रिय स्वतन्त्र पार्टी ६/७ महिनाकै मिहिनेतमा एकैचोटि, एकै धक्कामा राष्ट्रिय पार्टी बन्यो। यसको प्रमुख कारण चाहिं जनतामा सोझै जाने मोडलमा हामी गएका छौं। कार्यकर्ता पंक्ति नै नबनाउने भनेका छौं, सदस्य त रहलान्। भ्रातृ संगठन त हुँदै हुँदैन। बिचौलिया वर्ग जुन हामीले उत्पादन गर्‍यौं, देखिने आम्दानी केही छैन, विलासी जीवन बाँचिराखेको छ।

यो जम्मै भ्रष्टाचारको मलजल, टिकटको किनबेच, लेनदेन साराबाट जनता वाक्क भएका छन्। त्यसको एउटा जड यो पनि हो। खर्चिलो, भड्किलो चुनाव, चुनावअघिको खर्च र त्यसपछि निर्देशित गर्ने प्राथमिकताहरूले नै सिस्टमलाई दूषित बनाइराखेको छ। मैले भाषणमा पनि भनें धेरैले वाच गरेका छैनन्, रूपान्तरणकारी भन्ने, राजनीति सङ्ल्याउने जुन हाम्रो अभियान छ, त्यसलाई बीउ रोपिएको छ। त्यो मर्मलाई अगाडि बढायौं भने अरू पार्टीलाई दबाव पर्छ।

रास्वपाको अभ्यासले अरूलाई पनि दबाव पर्छ। दुई कार्यकालभन्दा बढी नेतृत्व गर्न नपाउने, भ्रातृ संगठन नराख्ने, कार्यकर्ता पंक्ति एकदमै चुस्त मिनिमम मात्र राख्ने, नातागोता एउटै कमिटीमा काम नगर्ने जस्ता कुराहरूले पैसाको भूमिका गौण बनाउने छ।

म अचम्म परेको चाहिं कुना कुनामा इन्टरनेट पहुँचले सबै उम्मेदवार परिचित। यो कुरा मलाई नयाँ लाग्यो। ७० वर्षको आमाले पनि हेरिराख्नुभएको छ, बाबुलाई मैले टिभीमा देख्या हो, मोबाइलमा देख्या हो भन्नुहुन्छ। टिकटक, युट्युब, मूलधारे मिडियाभन्दा बाहिर व्यापक रहेछ। काठमाडौंमा बसेर कल्पना नगरेको कुरा यो पाएँ।

*० स्वर्णिम वाग्लेले संसदमा नेतृत्वदायी भूमिका खेल्ने र पार्टीमा चाहिं मैले हेर्छु भन्ने खालको पार्टी सभापति रवि लामिछानेले संकेत गर्नुभयो, त्यस्तै हो तपाईंहरूबीचको समझदारी ?*

सांसद भएर गएपछि मेरो पनि रुचि हुन्छ। आर्थिक मामिला, परराष्ट्र मामिलामा मेरो विषयगत दख्खल पनि छ र रुचि पनि भएकाले योगदान गर्न सक्छु भन्ने हो। संसदीय फाँटको नेतृत्व भनेर भनेको छैन, त्यो कुरै भएको छैन। पार्टीगत दायित्वको विषयमा कुरा गरेका छैनौं, महाधिवेशन आउँदैछ। त्यो त पछि समझदारीमा होला।

*० रवि लामिछाने र तपाईंबीच वैचारिक भिन्नता देखिन्छ। तपाईं एमसीसीलगायत वैदेशिक सहायताको पक्षमा मुखर देखिनुहुन्छ। रविचाहिं त्यसको खुलेर आलोचना गर्नुहुन्छ। एउटै पार्टीमा यी दुईखाले विचार कसरी रहलान् ?*

यो विषयमा संसदले निरुपण गरिसकेको छ, विकास परियोजनाका रूपमा अगाडि बढाउने। जुन खालको आशंका पैदा गरिएको थियो, संसदले पारित गरेको यतिका समय भइरहेको छ, त्यस्तो केही आएको छैन। नयाँ तथ्य, नयाँ सन्दर्भमा फेरि हेर्नुपर्छ।

त्यो तत्कालीन विचार थियो। त्यो व्यक्तिगत धारणा होला, पार्टी पनि जन्मिसकेको थिएन। यो त्यति ठूलो विवादको विषय होइन। विकासको परियोजनाका हिसाबले उपयुक्त दखियो, पछि भूराजनीतिक कुराहरू जोडिए। कसले के कुरालाई महत्व दियो भन्ने कुरा होला। तीन वर्षअघि कसले के भन्यो भन्ने अर्थ अहिले नहोला।

*० राष्ट्रिय स्वतन्त्र पार्टीले संवैधानिक समाजवादका कुरा गरेको छ, स्वर्णिम वाग्ले बजार अर्थतन्त्रलाई अलि बढी ठाउँ राख्नुपर्छ भन्ने गरेकाले पनि विरोधाभास छ भनिन्छ नि ?*

यो अपूर्ण बुझाइ हो। मेरा लेखहरू पढ्नुहुन्छ भने, त्यो कहीं पनि पाउनुहुन्न। अमेरिका बसेको २/४ वर्ष, बेलायत पढ्या हो भनेर भनिएको हुन सक्छ। दह्रो राज्य चाहिन्छ, नियमनकारी राज्य चाहिन्छ। निजी क्षेत्र डाइनामिक हुने ठाउँ राख्नुपर्छ। राज्यले नियमन गर्नुपर्छ। छाडातन्त्र वा बजारलाई छोड्नुपर्छ भन्ने मैले कहिल्यै पनि भनेको छैन।

*० तपाईंले जित्दा लोकतन्त्र नै कमजोर हुन्छ भन्ने खालका कुरा शीर्ष राजनीतिक नेतृत्व तहबाट सुनिए, किन होला त ?*

यो एउटा हाउगुजी हो। अरू कुरा केही नपाएपछि सिर्जना गरिएको छ। मान्छेहरू आत्तिएका छन्, अत्तालिएका छन्। रन्थनिएका छन्।

*० आत्मविश्वास एउटा कुरा हो, सँगै प्रतिस्पर्धीको सामर्थ्य र सीमाको पनि हेक्का राखिएकै होला, तनहुँ-१ मा को हुन् त तपाईंको प्रतिस्पर्धी ?*

वास्तवमा मैले विपक्षीहरूको केही पनि हेरेको छैन। प्रतिस्पर्धामा छु, आफ्नो कुरा राखेको छु, समय कम छ। विपक्षीहरूको नामसमेत उल्लेख गरेको छैन, गालीगलौज गरेको छैन। तर, मलाई सुनाइएको छ, उनीहरूले चाहिं ममाथि ठूलो प्रहार गरिरहेका छन्। २/४ दिनअघिसम्म त नामसमेत लिंदैनथे जस्तो लाग्छ मलाई। कांग्रेसले एमालेलाई एमालेले कांग्रेसलाई प्रतिस्पर्धी देख्यो। अहिले उहाँहरूमा चेत पलाएको हो भने हाम्रा लागि त राम्रै हो।

*० चुनावमा उसले भोट काट्छ भनेर उहिल्यैदेखि सुनेको हो, यहाँ कसले कसको भोट काट्छ ?*

यो पनि यसपटक पल्टिन्छ जस्तो लाग्छ मलाई। नसोचेको नतिजा आउने अर्को आधार के हो भने काठमाडौंमा कलिकति छनक पायौं बालेनको। परम्परागत पण्डितहरूले फेल नै खाएका हुन्, त्यहाँ। यहाँ पनि विदेशमा गएका गाउँवासीहरूको प्रभाव सबै पार्टीमा पृथक् ढंगले आउँदैछ, यसपटक।

त्यसैले परम्परागत ढंगले हाम्रो यति भोट, कांग्रेस, एमाले, रामचन्द्रको यति भोट थियो, गोविन्द जोशीले यति ल्याउनुभा’थ्यो, सुरेश आलेले यति ल्याएका थिए भनेर त्यो सोझो खाममा गरिने हिसाबभन्दा फरक आउँछ यसपालि। इन्टरनेटको प्रभावले पनि नौलो अनुभव गराएको छ। पुरानो मतलाई राजनीतिक जमिनदारीका रूपमा लिने चिज भत्किन्छ, यसपालि।

*० तनहुँमा तपाईंहरूले सांसद मात्रै जिताएर पठाउँदै हुनुहुन्न कि भावी अर्थमन्त्रीलाई पठाउँदै हुनुहुन्छ भन्ने चर्चा सुनियो। त्यसो हो भने प्रचण्ड नेतृत्वको सरकारमा रास्वपा जाँदैछ ?*

त्यो विन्दुसम्म आइपुगेका छैनौं। पहिले सांसद जित्ने नै उद्देश्य छ। सरकारमा जाने नजाने भन्ने कुरा त पार्टीको छलफलबाट मात्र तय हुन्छ होला। तुरुन्तै सरकारमा जाने मकसद हुन्छ भन्ने लाग्दैन।

*० तपाईंलाई चुनाव लड्ने अफरहरू थिए, रास्वपाबाट तनहुँ आउँदै गर्दा आफू कतातिर पो गएँ भन्ने लागेको छ कि ?*

जुन पार्टीमा मेरो लामो योगदान रह्यो, विरासत पनि थियो त्यो पार्टीमा अड्नै नसक्ने विन्दुमा पुगें। यो वैकल्पिक लोकतान्त्रिक दलका रूपमा मैले पाएँ र यसैमा काम गरेर यो पार्टीलाई स्थापित गराउने, ५ वर्षमा एकमना सरकार बनाउने लक्ष्य छ। यो हाम्रो इमानदार प्रयास हुनेछ।

## चक्रपथको दोस्रो खण्ड पछि भत्काउन नपर्ने गरी निर्माण गरिंदै

काठमाडौं। चीन सरकारको आर्थिक सहयोगमा विस्तार हुन लागेको चक्रपथको दोस्रो खण्डमा भविष्यमा आवश्यक संरचना बनाउँदा भत्काउन नपर्ने गरी त्यसका लागि स्थान राख्न लागिएको छ। आगामी दिनमा सरकारले चाहदा चक्रपथमा मेट्रो रेल, मोनो रेल वा अरु कुनै संरचना बनाउन सकिने गरी केन्द्रमा कम्तीमा तीन मिटरको खाली ठाउँ राखिने गरी छलफल भइरहेको सडक विभागले जनाएको छ।

त्यो क्षेत्रमा भोलि ‘डेडिकेडेट’ बस लेन वा अरू कुनै प्रयोजनका लागि प्रयोग गर्न सकिने विभागका महानिर्देशक सुशीलबाबु ढकालले बताए। अहिले सडक सुरक्षाको पनि काम गर्छ भनेर कम्तीमा तीन मिटर राख्न लागिएको हो। त्योभन्दा दायाँबायाँ चार-चार लेनको सडक हुने र छेउछेउमा पैदल यात्रुका लागि हिंड्ने मार्ग बनाउन लागिएको उनले बताए। पैदल यात्रु मार्गभन्दा मुनि ‘युटिलिटी करिडोर’ राख्ने गरी छलफल भइरहेको छ।

‘पैदल यात्रु मार्ग छेउमा ग्रीन बेल्ट बनाउने र त्योभन्दा पनि छेउमा सर्भिस लेन बनाउने गरी छलफल भइरहेको छ,’ उनले भने।

सडकको बीचको भाग ३८ मिटरमा चार लेनसहितको सडक र पैदलयात्रु मार्ग निर्माण हुनेछ।

भविष्यमा कुनै पनि सुधार, विस्तार, चुस्त सडक व्यवस्थापनका लागि चाहिने संरचना बनाउनका लागि अहिले बनेको संरचनालाई बाधा नपर्ने गरी डिजाइन गर्नुपर्छ भनिएको महानिर्देशक ढकालले बताए। चक्रपथको पहिलो खण्ड ( कोटेश्वरबाट कलङ्कीसम्मको सडक) मा निर्माण सम्पन्न भएको केही वर्षमा नै कहिले आकाशे पुल त कहिले ‘फ्लाई ओभर’ निर्माणका लागि संरचना बिगार्नु परेको छ।

कलङ्कीदेखि बसुन्धारासम्मको सडक चीन सरकारले निर्माण गर्ने गरी फाइनल डिजाइनको क्रममा छ। आवश्यक स्थानमा संरचना निर्माण अहिले भर्खरै चिनियाँ पक्षले नगरेपनि भविष्यमा बनाउन सकिने गरी डिजाइन गर्ने सहमति भएको छ। ‘उसको डिजाइनमा हुन्छ र खर्च सरकारले गर्ने गरी छलफल भइरहेको छ,’ उनले भने।

यो खण्डमा ‘फ्लाई ओभर’ लगायतका संरचना नबन्न सक्ने उनले बताए। ‘चाहिने नै ठाउँमा पछि पनि बनाउन सकिन्छ,’ उनले भने।

‘सर्भिस लेन’को सवारीसाधन मुख्य लेनमा नआउने गरी डिजाइन गर्न लागिएको विभागले जनाएको छ।

चक्रपथको पहिलो खण्डमा चीन सरकारले जम्मा तीन आकाशे पुल निर्माण गरेको थियो भने सरकारले पछि छ आकाशे पुल निर्माण गरेको थियो। दोस्रो खण्डमा यात्रुलाई सडक पार गर्न कुन संरचना ठीक हुन्छ भनी छलफल भइरहेको छ।

चक्रपथको पहिलो खण्डभन्दा डिजाइनका हिसाबले दोस्रो केही फरक बन्न सक्ने देखिएको सडक विभाग, विकास सहायता समन्वय महाशाखाका प्रमुख विजय जैसीले बताए। पहिलो खण्डमा बीचमा दुईवटा आउने र दुई वटा जाने गरी चार लेन थियो। बीचमा दुबैतर्फको सडक र दायाँबायाँ लाग्न सर्भिस लेन थियो। अहिले एकातर्फबाट आउने र अर्को तर्फबाट जाने मात्रै गर्न छलफल भइरहेको छ।

‘पहिले बीचको लेनका कारणले गर्दा दुर्घटना बढाएको भनेकाले अहिले बीचको हटाएर एकातिरबाट जाने चार लेन र अर्कातर्फबाट फर्कन चार लेन बनाउन छलफल भइरहेको छ,’ उनले भने। निर्माणस्थल खाली हुँदै गर्दा चिनियाँ पक्षले निर्माणका लागि छलफल अघि बढाएको हो।

अहिलेसम्म चिनियाँ पक्षले निर्माण गर्ने लेनमा झण्डै ८० प्रतिशत खाली गरिएको छ। पहिले चावहिल नजिकै धोबीखोलासम्म विस्तार गर्ने योजना बनाइएको भए पनि निर्माणस्थल खाली गर्न नसकिएकाले कलङ्कीबाट बसुन्धारासम्म मात्रै विस्तारको योजना अघि बढाइएको हो।


शुभकामना

नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशबासी एवम् शुभेच्छुक मित्रहरुमा हार्दिक मंगलमय शुभकामना।

भाइराम खड्गी
वडा अध्यक्ष तथा
काठमाडौं महानगरपालिका वडा नं. २८



शुभकामना

नयाँ वर्ष २०८० सालको सुखद् उपलक्ष्यमा सम्पूर्ण देशबासी एवम् शुभेच्छुक मित्रहरुमा हार्दिक मंगलमय शुभकामना।

चिनिकाजी महर्जन
वडा अध्यक्ष तथा
काठमाडौं महानगरपालिका वडा नं. २२

## सम्पादकीय

# न्यायपालिकामाथि कार्यपालिकाको हस्तक्षेप केहिलेसम्म ?

संवैधानिक लोकतन्त्रमा कानुनी राज्य प्रतिस्थापन अनुरुप न्यायपालिकालाई स्वतन्त्ररुपमा काम गर्ने वातावरण हुनुपर्ने हो । तर, नेपालमा न्यायपालिकालाई कार्यपालिका र व्यवस्थापिकाले हस्तक्षेप गरी न्यायपालिकालाई स्वतन्त्र, निष्पक्ष र स्वतन्त्ररुपमा चल्न नदिई पंगु बनाउने काम गरिरहेको छ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका शक्ति पृथकीकरणको मान्यता राखी स्वतन्त्र, स्वच्छ र निष्पक्षरुपले आ–आफ्नो क्षेत्राधिकार प्रयोग गरिनुपर्ने भए पनि कार्यपालिकाले सिधै न्यायपालिकालाई हस्तक्षेप गर्ने प्रवृत्तिका कारण यतिबेला न्यायपालिकालाई अपांग र पंगु बन्न बाध्य बनाइएको छ ।

**काम चलाउ सरकारका कारण न्यायपालिका पनि काम चलाउकै रूपमा नेतृत्व गर्नुपरिरहेको अवस्था छ। शैद्धान्तिक रूपमा राष्ट्रको पितालाई शपथग्रहण गर्न पनि पदीय पूर्ण दायित्व नदिएको व्यक्तित्वबाटै शपथग्रहण गर्न दिई गरिमामय पदहरूको मूल्य र मान्यतालाई उपहास गर्ने काम भइरहेको छ। सरकार गठनदेखि कार्यपालिका एवम् व्यवस्थापिकासम्म सम्पूर्ण काम समयमै हुनुपर्ने हो, तर संविधानका संरक्षक भई न्याय दिने अंगमा पूर्णता दिनु नपर्ने अभ्यासले यतिबेला न्यायपालिका पंगु बन्न पुगेको हो ।**

काम चलाउ सरकारका कारण न्यायपालिका पनि काम चलाउकै रुपमा नेतृत्व गर्नुपरिरहेको अवस्था छ । शैद्धान्तिक रुपमा राष्ट्रको पितालाई शपथग्रहण गर्न पनि पदीय पूर्ण दायित्व नदिएको व्यक्तित्वबाटै शपथग्रहण गर्न दिई गरिमामय पदहरुको मूल्य र मान्यतालाई उपहास गर्ने काम भइरहेको छ । सरकार गठनदेखि कार्यपालिका एवम् व्यवस्थापिकासम्म सम्पूर्ण काम समयमै हुनुपर्ने हो, तर संविधानका संरक्षक भई न्याय दिने अंगमा पूर्णता दिनु नपर्ने अभ्यासले यतिबेला न्यायपालिका पंगु बन्न पुगेको हो ।

न्यायपालिकाको नेतृत्वलाई सम्माननीय प्रधान न्यायाधिशको रुपमा प्रतिस्थापित नगरी राख्नु संविधानलाई नै नजरअन्दाज गरेको आरोप सिद्ध हुन आउँछ । न्यायपालिकाका जिल्लादेखि सर्वोच्च अदालतसम्मको पदहरुको रिक्तताले बढिरहेको मुद्दामामिला इन्साफ गर्न परै जावस बिद्यमान मुद्दामामिलाहरुको समेत निरुपण गर्न नसकेको कारण न्यायपालिकाको अस्तित्व र विद्यमानताको कुनै औचित्य नै नरहेको अवस्था सिर्जना भएको छ ।

न्यायपालिकाको जिम्मेवार को ? भन्ने प्रश्न उठिरहेको अवस्था भनेको न्यायपालिका लज्जास्पद अवस्था भइसकेको बुझ्न गाह्रो छैन । त्यसैले कार्यपालिकाले न्यायपालिकालाई अधिनमा राख्ने कानुनी प्रावधानलाई नै उखेल्नु जरुरी भइसकेको छ । न्यायपालिकालाई स्वतन्त्र, स्वच्छ र निष्पक्ष बनाउन संविधानले भनेकै अनुसार कार्यपालिका न्यायपालिकामाथि न्याय दिने काम गर्न किन ढिलाई गरिरहेको छ ?

यसतर्फ राज्य संचालकका रुपमा रहेको विभिन्न राजनीतिक दलका नेताहरुले न्यायपालिकालाई स्वतन्त्र, निष्पक्ष र स्वच्छ ढंगमा चल्ने वातावरण सिर्जना गर्नुपर्ने अवस्था आइसकेको छ । कार्यपालिकाका जिम्मेवार व्यक्तिहरुले पनि न्यायपालिकामाथि कुनै हस्तक्षेप नगरी निष्पक्ष, स्वतन्त्र र स्वच्छ ढंगमा काम गर्न दिएको अवस्थामा पीडितले न्याय पाउने अवस्था आउँछ । हैन भने अहिलेको अवस्थालाई हेर्ने हो भने जसको पावर र पैसा छ उसैले न्याय पाउने वातवारण बनिरहेको छ ।

त्यसैले सबै क्षेत्रका जिम्मेवार व्यक्तिहरुले न्यायपालिकामाथि हस्तक्षेप होइन, स्वतन्त्ररुपमा न्यायपापालिका चल्ने वातावरण सिर्जना गरिदिनुपर्छ । यसतर्फ सम्बन्धित व्यक्ति र संघसंस्थाहरुको पनि चेत खुलोस् ।

# रूनुका पनि फाइदा



गोपाल ढकाल
मनोविद्

मानिस जन्मनासाथ पहिलो प्रतिक्रिया वा व्यवहार स्वरुप रुने गर्छ । यसर्थ मानिसको पहिलो भाषा रुवाई नै हो । गर्भभित्रको वातारण तथा जीवनशैली र जन्मेपछिको बाहिरी वातावरण एवं जीवनशैली फरक पर्दा हुने कठिनाई समायोजनको प्रक्रियामा उ रुने गर्छ । आमाको गर्भमा हुँदा शिशुले आफै नाकबाट श्वास लिनुपर्दैन । नवजात शिशु जन्मिने बित्तिकै रोएन भने चिमोटेर वा प्याट प्याट पिटेर भए पनि रुवाउने प्रयास गरिन्छ ।

यसले श्वासप्रश्वास प्रक्रियालाई सहज बनाउँछ । बच्चाले रुँदा गहिरो सास लिन्छ । सुख, दुःख दुबैमा मान्छे रुने गर्छ । तर, भावनात्मक चोट पर्दा व्यक्ति बढी जसो रुने गर्छ । हाँसो, खुसी, क्रोध, निरासा, लाज, घृणा, माया जस्तै रुनु पनि एक प्रकारको भावना वा संवेग हो र मन नै भावनाको स्रोत हो । भावना शरीरभित्रको रासायनिक प्रतिक्रिया हो । सबै भावनाको नियन्त्रण र सञ्चालन दिमागले गर्ने गर्छ । मस्तिष्कको बीच भाग, लिम्बिक सिस्टमले सबै प्रकारका भावनाहरू नियन्त्रणमा राखी परिचालन गर्ने काम गर्छ । अरु भावनाहरू जस्तै रुनु पनि मन र मस्तिष्कसँग सम्बन्धित क्रियाकलाप हो । भावनाहरू विशेषगरी अनुहारमार्फत् व्यक्त हुन्छन् । मानवजातिको लागि रुवाई नै पहिलो भाषा भएकाले नवजात शिशुले भोक लाग्दा, डर लाग्दा, असजिलो हुँदा, एक्लो हुँदा, आवश्कता पुरा नहुँदा रोएर समस्या व्यक्त गरिरहेको हुन्छ । बिस्तारै उसले इसारा गर्न, बोल्न सिक्दै गएपछि भने रुवाई क्रमशः कम हुँदै जान्छ । सबै उमेर समूहका व्यक्ति मनमा चोट पर्दा दुःखी हुने, रुने गर्छन् । तर, व्यक्ति, उमेर र परिवेश अनुसार रुवाइको प्रकृति भने फरक फरक हुन सक्छ । कोही सुक सुक गरेर रोलान, कोहि भने डाँको छोडेर रोलान् ।

हरेक पटक आउने आँशु फरक प्रकृतिका आँखाबाट निस्कने तरल पदार्थ जसलाई आँशु भनिन्छ । यो एकै प्रकारको हुँदैनन् । यसमा पनि रासायनिक अन्तर पाइन्छ । दुःख र भावनात्मक चोट पर्दा निस्कने आसु (संवेगात्मक आँशु), आँखामा केही धुलो, कसिंगर पर्दा निस्कने आँसु (आँखाको पानी) र आँखालाई ब्याक्टेरियाबाट बचाउन तथा आँखालाई सुख्खा हुनबाट रोक्न अश्रुग्रन्थीबाट निस्कने आँशु फरक हुन् । कहिले काही हामी फिल्म हेर्दा, उपन्यास, कथा आदि साहित्य पढ्दा, गीत सुन्दा पनि रुने गर्छौ । काल्पनिक नै भए पनि कथा र पात्रमा डुब्दा हाम्रो मस्तिष्कको दायाँ गोलार्ध बढी सक्रिय हुन थाल्छ । जुन भावनासँग सम्बन्धित हुन्छ । जसले गर्दा भावनामा डुबेर हामी रुने गर्छौ । तर, बायाँ गोलार्ध अरु बेला भन्दा कम सक्रिय हुन्छ । जुन तर्क तथा तथ्यसँग सम्बन्धित हुन्छ । मानिस रुनुको पछाडि धेरै कारण छन् । जस्तो भावनात्मक चोट लाग्दा, मनमा पिर पर्दा, तनाव हुँदा, निरास हुँदा, बिछोड तथा आफन्तसँग छुट्टिनु पर्दा, शारीरिक चोट पटक लाग्दा, शारीरिक दुखाई, सोचेजस्तो परिणाम नआउँदा, असफल हुँदा, अप्रत्यासित सफलता वा खुसीको समाचार सुन्दा, कसैले गाली, दुर्व्यवहार, हेला, अपमान, आरोप तथा लान्छना लगाउँदा, अत्याधिक रिस उठ्दा, पछुतो हुँदा आफ्नो गल्ती महसुस हुँदा, बिछोड पछिको मिलन हुँदा, अरुको पीडा देख्दा सुन्दा, कसैले आफुप्रति सहानुभुति राख्दा, कामको मुल्याङ्कन गर्दा, प्रशंसा गर्दा, माया गर्दा आदि अवस्थामा मानिस रुने गर्छ । रुनुको फाइदाहरू जब मनको पिर, ब्यथाले सहज निकास पाउँदैन तब व्यक्ति रुन्छ । पिर, दुःखमा प्रायः सबैलाई रुन मन लाग्छ । तर, सामाजिक परिवेश वातावरणको कारण निर्धक्कसँग रुने अवसर नमिल्न पनि सक्छ । पीडालाई दबाएर राख्नु व्यक्त नगर्नु भन्दा मन खोलेर रुनु मानसिक तथा शारीरिक स्वास्थ्यको लागि धेरै फाइदाजनक हुन्छ । हाम्रो समाजमा भने पीर पोख्न रोएको व्यक्तिलाई नरोउ भनेर सम्झाउने, अझ केटो मान्छेलाई त झन् छोरा मान्छे भएर रुनु हुन्न भन्ने, रुनुलाई कमजोरीपन, कमजोर मन भएको व्यक्तिको रुपमा हेर्ने गरिन्छ । यो राम्रो कुरा होइन । भन्ने गरिन्छ 'मनको पिर आँशुले बगाएर लान्छ ।' नभन्दै रुँदाखेरी मन हल्का र सफा हुने, तनाव कम हुने, रिस कम हुने, मुड राम्रो हुने, आन्नन्दको महसुस हुने, सोच सकारात्मक हुने, टाउको तथा शरीरको दुखाई कम हुने हुन्छ । तनाव, दुःख, पीडा हुँदा शरीरमा उत्पन्न भएको बिकारहरू आँशुमार्फत बाहिर निस्कन्छ । ठुलो मानसिक चोट पर्दा पनि व्यक्ति रुन सकेन भने पछि उसमा मानसिक रोग देखा पर्ने सम्भावना हुन्छ । रोएपछि व्यक्तिले अरुको मदत पाउने, अरुले ध्यान आफुतिर तान्ने मौका पाउँछ । रुवाई, दुःख, पीडा व्यक्त गर्ने अर्मुत भाषा पनि हो । यो सबैले बुझ्न सक्छन् । जो व्यक्ति रुन लजाउँदैन, ऊ मानसिक रुपमा बलियो हुन्छ । सजिलैसँग रुने व्यक्ति भावना अरुसँग पोख्न डराउदैनन् । रुवाइ : एक प्रकारको थेरापी रुनुलाई एउटा थेरापीको रुपमा पनि लिन सकिन्छ । रुदा आँशुसँगै मस्तिष्कबाट इन्डोर्फिन नामक हर्मोन निस्किन्छ । जसबाट मनमा हल्का एवं आनन्दको महसुस हुन थाल्छ, तनाव कम हुने, शान्त, हलुका र आनन्दको महसुस हुन्छ ।

रुँदा मस्तिष्कको लिम्बिक सिस्टमको कार्यमा कमी आउँछ । जसले गर्दा पनि आरामको महसुस हुन्छ । रुनुलाई नेचुरल पेनकिलर पनि मानिन्छ । तर, सानो सानो कुरामा पनि तनाव लिनु, चित्त दुखाउनु, बढी इमोशनल हुनु, रुनु चाही राम्रो होइन । यसले दिमागमा नकारात्मक असर पार्न सक्छ । धेरै रुने व्यक्ति खुसी हुन सक्दैन । साथै गलत बानीको विकास हुन पनि सक्छ । महिलाको मन कमलो हुन्छ । त्यसैले धेरै रुने गर्छन भन्ने गरिन्छ । एक अध्ययनबाट पनि महिला पुरुष भन्दा चार गुणा बढी रुने गरेको देखिएको छ । यसो हुनुको पछाडि महिलामा प्रोलैक्टिन नामक हर्मोन हुन्छ जसले रुन प्ररित गर्ने गर्छ । व्यक्ति भावुक हुँदा इन्डोक्राइन सिस्टमले आँखाको क्षेत्रमा हर्मोन निकाल्न थाल्छ । जुन आँखामा आँसुको रुपमा रसाउन थाल्छ । मनमा चोट परेका व्यक्तिलाई रुनको लागि उत्साहित गर्नुपर्छ । उनीहरूलाई रुनबाट रोक्नु हुँदैन । तर, आफ्नो कुरा वा स्वार्थ पुरा गर्न रुवाईलाई नै अस्त्रको रुपमा प्रयोग गर्ने केटाकेटी, महिला आदिलाई भने यस्तो व्यवहार गर्नबाट निरुत्साहित गर्नुपर्छ ।

# सामुदायिक विद्यालयको जग्गामा व्यापारीहरूको आँखा

काठमाडौं । पछिल्लो समय सार्वजनिक सम्पत्ति मासिने क्रम बढ्दो छ । सार्वजनिक सम्पत्तिमा विभिन्न व्यक्तिहरुले आफ्नो निजी प्रयोजनका लागि उपभोग गर्दै आएका समाचारहरु सामान्य जस्तै भइसकेका छन् ।

बालुवाटारको ललिता निवासको सरकारी जग्गा होस् या प्रदर्शनी मार्गमा रहेको फनपार्क। यस्तै एक अर्को स्थानमा पनि सार्वजनिक जग्गा व्यक्तिले प्रयोग गरेको कुरा अहिले अदालतसम्म पुगेको छ । यी त प्रतिनिधिमुलक घटना मात्रै हुन् ।

सार्वजनिक सम्पत्तिको दोहनको अवस्था हेर्ने हो भने सबैभन्दा बढी व्यापारिक समूहको निशानामा सामुदायिक विद्यालयका जग्गाहरु नै परेका देखिन्छन् । संघीय राजधानी काठमाडौंमा रहेको जुद्धदय पब्लिक विद्यालय(जेपी) र ललितपुरको पुल्चोकस्थित मदन स्मारक माध्यमिक विद्यालय र सातदोबाटोको महेन्द्र आदर्शको जग्गामा वर्षौंदेखि व्यापारिक समूह रजगज गर्दै आइरहेका छन् ।

मार्टिन चौतारीले काठमाडौंका दुई सामुदायिक विद्यालयमा विसं. २०७८ र २०७९ को विभिन्न समयमा गरिएको स्थलगत अनुसन्धानका क्रममा उक्त तथ्य सार्वजनिक गरेको हो । सहरी क्षेत्रका सामुदायिक विद्यालयको भूमिमा कसरी व्यापारिक पक्षको पहुँच हुन्छ भन्ने विषयमा अध्ययन गरिएको सोधपत्रमा यी दुई विद्यायलयको जग्गामा व्यापारीहरुको प्रयोजनलाई उल्लेख गरिएको छ ।

विद्यालयको भूमिलाई एक कम्पनीले आफ्नो हातमा लिएर अर्को कम्पनीलाई स्वामित्व बेचेर 'कम्पनीकरण' गर्ने गरेको देखिएको छ । विद्यालयको सार्वजनिक भूमि अतिक्रमण हुँदासमेत स्थानीय प्रशासन र राजनीतिक पक्षले बेवास्ता गर्दा व्यापारिक स्वार्थ समूहले वर्षौंदेखि रजगज गरिहेको प्रष्ट देखिन्छ । स्थानीय समुदायले सार्वजनिक भूमि कम्पनीकरणको प्रतिरोध गर्दा सार्वजनिक सम्पत्ति जोगाउने कुरामा सरकार र राज्यले बेवास्ता गरेको सोधपत्रमा उल्लेख छ ।

**विद्यालयको भूमि कसरी पुग्यो व्यापारीको कब्जामा?**

सामुदायिक विद्यालयको प्रशस्त सम्पत्ति देखेपछि नाफा कमाउने उद्देश्यले विभिन्न व्यक्ति तथा कम्पनीले त्यसमा आँखा गाडेको देखिन्छ । राजधानी




काठमाडौंको नामी र पुरानो सामुदायिक विद्यालयको रुपमा परिचित जुद्धोदय पब्लिक (जेपी) स्कुलको जमिनलाई आफ्नो अधीनमा पारेर शटर बनाउने काम २०४७ देखि नै व्यापारीहरूले सुरु गरेको तथ्य सार्वजनिक भएको हो ।

नाङ्लो बेकरीका कक्षपति परिवारले सुरुमा जेपीको जग्गा आफ्नो हातमा पारेको र पछि उक्त विद्यालयको भूमिमा घर टहरा बनाई भाडामा लगाएको घटना सार्वजनिक भएको छ । सामान्यतः मूल सम्झौतामा पूरक सम्झौताहरू थप्दै विद्यालयको भूमिमा व्यापारिक वर्गको पकड बलियो बनाउँदै लगेको देखिन्छ ।

जेपी स्कुल र तरुण प्रालिबीच विसं २०६५ सालमा भएको सम्झौतामा विद्यालयको ९ रोपनी जग्गामध्ये ६० प्रतिशत भागमा 'व्यापारिक भवन' निर्माण गर्ने भनिएको छ । निर्माण कार्य सकिएपछि एक महिनाको ४ लाख ३५ हजार बुझाउने भन्ने सम्झौतामा उल्लेख छ ।

झट्ट हेर्दा स्कुलले भाडाबापत आम्दानी गर्ने जस्तो देखिए पनि यो रकम उक्त इलाकाका लागि चलनचल्तीको भन्दा निकै कम भएको शोधपत्रमा उल्लेख छ । उक्त सम्झौतामा करारनामा बमोजिम दोस्रो व्यापारिक पक्षले तिर्नु/बुझाउनुपर्ने मासिक भाडा रकम करारनामा बमोजिमको निर्माण विकासको अवधिमा भने प्रथम पक्षलाई बुझाउनु नपर्ने र निर्माण अवधि थप हुन गएमा वा भएमा सो अवधिसमेतको भाडा रकमसमेत पहिलो पक्ष भनिएको विद्यालयलाई बुझाउन नपर्ने सर्त उल्लेख गरिएको छ । उक्त करार मान्न विद्यालयलेसमेत मञ्जुरी गरेको देखिन्छ ।

स्थानीय व्यापारी श्याम सुन्दरलाल कक्षपतिले निर्माणको अवधि लम्बाउँदै जाने र विद्यालयलाई भाडा नतिर्ने, तर भुइँ तलाको निर्माण सम्पन्न गरेर उनले अन्य व्यापारिहरुबाट भाडा असुल्दै आएका छन् ।

व्यापारीहरुले पहिलेको सम्झौतामा थप पुरक सम्झौता गरी अन्य कम्पनीलाई भाडामा लगाएको देखिन्छ । जेपी स्कुलमा २०६५ सालमा पसेको तरुण सेवा प्रालिले २०६६ र २०७२ सालमा स्कुलसँग पूरक सम्झौता गर्दै करार सम्झौता भएको २०६५ सालदेखि पुराना शटर व्यवसायीसँग वार्षिक सम्झौता गरेर भाडा उठाउन पाउने हक २०६६ सालको पूरक सम्झौताले कम्पनीलाई दिएको थियो ।

साथै, नयाँ भवन निर्माण गर्न पुराना टहराहरूलाई भत्काई व्यापारिक पक्षलाई हस्तान्तरण गर्नुपर्ने "हक" पनि कम्पनीलाई दिइएको थियो। पूरक सम्झौतामा व्यापारीले आफू अनुकुलको प्रावधान घुसाएको र त्यसमा स्कुल पक्षले सहजै हस्ताक्षर गरेको देखिन्छ ।

दुई पक्षबीच विसं २०७२ मा गरिएको पछिल्लो पूरक करारनामामा मूल सम्झौतालाईसमेत काटिएको छ । मूल सम्झौतामा 'जुनसुकै कुरा लेखिएको भए तापनि' भन्दै शर्तहरू थपिएको देखिन्छ । व्यापारिक भवन निर्माणको अवधि पहिलेभन्दा दुई वर्ष थप्दै पुनः 'निर्माण सम्पन्न गर्न नसकेमा' भन्ने प्रावधान राख्दै भवन बनाउन विलम्ब भएमा 'विलम्ब स्वरूप मासिक रुपैयाँ २,१७,५०० का दरले १ बैशाख २०७४ देखि भाडा बुझाउने' भनिएको छ । मूल सम्झौता गर्दा उल्लेख गरिएको भन्दा यो रकम आधा हो ।

यसबाट कम्पनीलाई दुईटा फाइदा भएको देखिन्छ । पहिलो, निर्माण अवधि लम्बिँदा भुइँ तलामा बनेका नयाँ शटरबाट यथेष्ट भाडा उठाउन पाइने। दोस्रो, ३० वर्षे लीज अवधिलाई लम्ब्याउन र आधामात्र भाडा दिए पुग्ने अवस्था सिर्जना गर्न सकियो । थप, कम्पनीले जेपी स्कुललाई तिर्ने भनेर कबुल गरेको भाडा पनि नदिएको शोधमा उल्लेख गरिएको छ ।

विद्यालयको सम्पत्ति हडप्ने सुनियोजित प्रक्रियाबारे स्थानिय सरकार र राज्य संयन्त्र बेखबर नभए पनि यसबारे भने मौन देखिएका छन् ।

त्यसैगरी ललितपुरको नःटोल स्थित मदन स्मारक माध्यमिक विद्यालयले आफूसँग रहेको २६ रोपनी जग्गा लिजमा दिनका लागि ०६४ सालमा गोरखापत्र दैनिकमा टेण्डर आव्हान गऱ्यो । सूचनामा २० वर्षकासम्मका लागि व्यापारिक प्रयोजनमा प्रयोग गरिने उल्लेख गरिएको थियो । सम्झौता अनुसार व्यापारीले भवन बनाउन ढिलो गरे । ढिलो हुनुमा आफूलाई जग्गाको हकदैया प्राप्त व्यक्तिहरु भन्नेहरुले गरेको प्रतिरोध जिम्मेवारी रहने कुरा सम्झौतामा उल्लेख गरिएको थियो ।

विद्यालयको जग्गा लीजमा दिने सम्झौतापछि जग्गा दाता र स्थानीयहरुले प्रतिरोधसमेत गरे । स्थानीयहरुले बारम्बार सम्बन्धित निकायमा पुगेर विरोध जनाउँदा जिल्ला प्रशासन कार्यालय ललिपुरले भाडामा दिने काम अघि नबढाउन पत्र पठाएको थियो ।

तर विद्यालयले आवश्यक प्रक्रिया पुऱ्याएर दुई महिनापछि दीर्घकालीन रुपमा विद्यालयको जग्गा भाडामा दिएमा विद्यालयको आम्दानी हुने र पठनपाठनमा अवरोध नहुने भन्दै जिप्रकालाई पत्र लेखेपछि पुनः जिप्रकाले जग्गा फुकुवा गरेको देखिन्छ ।

विद्यालयका अध्यक्षले निहित स्वार्थका कारण विद्यालयको हित विपरीत व्यापारिक रुपमा जग्गा लीजमा दिएको भन्दै स्थानीयहरु आन्दोलित नै बने । विद्यालयको जग्गा बचाउनका लागि आफूलाई जग्गाको "हकदैया प्राप्त व्यक्तिहरू" भनेर चिनाउने स्थानीयहरूले स्कुलको सम्पत्ति व्यापारीको हातमा जानबाट रोक्न वडा कार्यालय, महानगरपालिका कार्यालय, जिल्ला प्रशासन कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, गृह मन्त्रालय लगायतका विभिन्न ठाउँमा निवेदन दिने, डेलिकेशनमा जाने समेत गरेका थिए ।

स्थानीयहरुकै सक्रियताका कारणले गर्दा विद्यालयको जमिनमा व्यापारिक भवन बनाउने काम केही समयका लागि रोकिएको थियो । तर केही समयपछि व्यापारिक समूहले पुनः जबर्जस्ती निर्माण कार्य अगाडि बढाउने प्रयत्न गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

यसरी सामुदायिक विद्यालयको सम्पत्ति दोहन हुँदासमेत स्थानीय सरकार र सम्बन्धित निकाय मौन भएको भन्दै शिक्षाविद्हरुलेसमेत चिन्ता व्यक्त गरेका छन् ।

# वेद र विज्ञान के झगडिया हुन् ?

*विनु पोखरेल*

म आफ्ना आलेखमाथिका हरेकजसो प्रतिक्रिया पढ्न छुटाउँदिनँ । किनकि सामाजिक मनोविज्ञान अध्ययन गर्ने यो सहज उपाय पनि हो । यसअघि प्रकाशित 'अघि अघि वेद पछि पछि विज्ञान' शीर्षकको आलेखमाथिका बहस पनि मैले पढें ।

ती बहसहरुमा कसैको विचार विज्ञान र वेदमा भेद छ भन्नेमा त कसैको समान छ भन्नेमा देखिन्थ्यो । कसैको तर्क विज्ञान तुलना गर्ने कुरा नै होइन भन्ने थियो । तर, के उहाँले भन्नुभएको जस्तै वेद र विज्ञान फरक कुरा हुन् ? खासमा वेद के हो, अनि विज्ञान के हो ? कतै हामी विज्ञान र वेदको भिन्नतामा अल्मलिएका त छैनौं ? त्यसैले आउनुस् यस आलेखमा वेद र विज्ञानको सम्बन्ध, भेद र यसका प्रभावबारे चर्चा गरौं ।

पाठकहरुमध्ये एकजनाले जिज्ञासा राख्नुभएको छ- वेद अघिअघि र विज्ञान पछिपछि भएको भए हाम्रो समाजमा हवाईजहाज किन बनेन ? किन पश्चिमी समाजले नै आविष्कार गर्‍यो ? परिणाममा नदेखिने ज्ञानको के अर्थ हुन्छ ?

वेद र विज्ञानको अर्थ खोज्नु अघि आलेखको सुरुवात गरौं वेद नै विज्ञान रहेको पुष्टि हुने गरी भारत वर्षमा भएका आविष्कारको यो तथ्यबाट-

महाभारत, रामायण जस्ता पुराना शास्त्रमा उल्लेख भएका पुष्पक विमानबारे हामी पढ्नमात्र सक्छौं, देख्न सक्दैनौं । ती विमानबारे शास्त्रमा लेखिएका मात्र होइन, आधुनिक कालमा पनि पश्चिमी देशहरुमा भन्दा पहिले नै यहाँ विमान उडाएर परीक्षण गरिएको थियो ।

१७ डिसेम्बर १९०३ मा अमेरिकाको साउथ क्यारोलिनाको समुद्री किनारमा राइट दाजुभाइले सबैभन्दा पहिला हवाईजहाज उडाएका थिए । जुन जहाज १२० फीटमाथि उडेर तल झरेको थियो । हामीले त्यसलाई पहिलो विमान आविष्कार भनेर पढ्दै आएका छौं ।

तर, आधुनिक कालमा पनि राइट दाजुभाइले भन्दा आठ वर्षअघि नै सन् १८९५ मा १५०० फीटमाथि उड्ने विमान परीक्षण भएको थियो । यसरी हाम्रा प्राचीन शास्त्रको आधारमा विमान उडाउने वैज्ञानिक थिए शिवकर बाबुजी तलपदे ( सन् १८६४-१९१६) । जसले मुम्बईको समुद्री किनारमा विमान उडाएका थिए । त्यो विमान १५०० फीटमाथि पुगेर सकुशल अवतरण भएको थियो ।

नेपालमा पनि विमान वैज्ञानिक थिए । जसको नाम थियो, अच्युतानन्द (वि.स.१९०७-१९८९) । धादिङमा जन्मेका उनी बनारसमा पढेर आएका थिए । त्यस बखत राइट दाजुभाइको विमानलाई आकार नै दिएर उडाउने समाचार वि.स. १९६० मा आउँदै गर्दा उनले पनि विमान बनाइरहेका थिए ।

मतलब अठारौं शताब्दीभन्दा पनि धेरै अघि नै विमान कसरी बनाउने भन्ने कुरा लेखिएको थियो भने विमान पनि थिए । अनि हामीसम्म आइपुग्दा त्यो ज्ञान विस्मृत भयो ।

उता नजाऔं, तलपदे को थिए ? त्यो हेरौं । उनी संस्कृत अध्येता मराठा थिए । जसले १५ सय वर्षअघि नै भारद्वाज ऋषिले लेखेको विमानशास्त्र पढेका थिए । जुन पुस्तकको नाम हो 'बृहद् विमानशास्त्र' । यस ग्रन्थ अहिले पनि इन्टरनेटबाट लिएर पनि पढ्न सकिन्छ । तलपदे को थिए भनेर जान्न डा. महेशराज पन्तको आलेख हेर्न सकिन्छ (पन्त, विमानपण्डित, राजधानी, २०७३ फागुन १४ शनिबार ) ।

भारद्वाजको त्यस विमानग्रन्थमा आठ अध्याय र सय खण्ड छन् । त्यहाँ विमान बनाउने पाँच सय सिद्धान्तसहितका तीन हजार श्लोक छन् । त्यसमा पनि पाँचसय प्रकारका विमान बनाउने ३२ तरिकाबारे उल्लेख गरिएको छ । (बृहद् विमानशास्त्र, अनुवादक ब्रहमुनि परिव्राजक, नईदिल्ली २०१५,) । यसको अर्थ हजारौं हजार वर्षअघि नै विमानशास्त्र लेखिएको थियो । तसर्थ आजको विज्ञानको प्रयोग वैदिक ज्ञानले गरेको थियो भन्न हिच्किचाउनु पर्दैन ।

विभिन्न प्रकारका यानको बारेमा मानव सभ्यताकै पुरानो ग्रन्थ मानिएको ग्रन्थ ऋग्वेदमा नै उल्लेख छ । त्यहाँ उल्लेख गरिएको छ-

आ वां रथो अश्विना श्येनपत्वा सुमृडीकः स्ववाँ यात्वर्वाङ् ।

यो मर्त्यस्य मनसो जवीयान् त्रिबन्धुरो वृषणा वातरंहाः ॥

(ऋग्वेद । प्रथम मण्डलको ११८ औं सूक्तको पहिलो मन्त्र )।

शिल्पकर्ममा पारंगत हे बलशाली स्त्रीपुरुष हो ! तल, माथि र बीच तीनै ठाउँमा बन्धन भएको, बाज जसरी उड्ने, वायुको जस्तो वेग भएको, मनुष्यको मनभन्दा पनि तीव्र गतिवाला, अत्यन्त आरामदायी र सबै सुविधाले परिपूर्ण, तिमीहरूको यो जुन 'रथ' छ त्यसलाई जमीनमा ओराल ।

ऋग्वेदको यस मन्त्रले विमान वेदको ज्ञानको अवधारणा भएको र त्यसको प्रयोग पहिल्यै थियो भन्ने बताउँछ ।

तर, तलपदेले तयार गरेको विमानको विस्तार किन हुन सकेन भन्नेबारे प्रश्न उठ्नसक्छ । उनले विमान उडाउने बेला भारतमा अंग्रेजको शासन चलिरहेको थियो । तलपदेले विमान उडाएको ठाउँमा अंग्रेजहरु सामेल हुनु स्वाभाविक थियो । जब उनले विमान उडाए, सबै चकित भए ।

त्यसपछि उनलाई एक 'रेल्ली ब्रदर्स' नामको संस्थाले हामी तपाईंको विमान बनाउन इच्छुक छौं, हामीलाई तपाईंका स्केच र विमान कसरी तयार गरिन्छ भन्ने सूत्र दिनुस् भन्यो । तर, उनी मानेनन् । त्यसपछि उनलाई उनले भने जस्तै विमान बनाउने र त्यसको निर्देशन पनि उनैले गर्ने भनेर सम्झौता गरे । त्यसपछि तलपडेका सारा सूत्र र तरीका लेखिएका कागज उनीहरुले लिएर गए । तर, त्यसरी गएका उनीहरु फर्केर आएनन् र फेरि सम्पर्क पनि गरेनन् । पछि यही सूत्र राइट दाजुभाइकोमा लगियो र त्यसको आठ वर्षपछि त्यसैमा आधारित भएर उनीहरुले विमान बनाएर उडाए । अनि उनै राइट्स दाजुभाइको नाम विमान बनाउनेमा लेखाइयो ।

यो कुरा राजीव दीक्षितले उहाँको प्रवचनमा धेरै ठाउँमा उल्लेख गर्नुभएको छ । उहाँले बोल्नुभएको सम्पर्क सूत्र म यहाँ छ ।

संस्कृत शब्दकोषहरु अनुसार विज्ञानको मूल अर्थ शिल्पशास्त्र हुन्छ । अर्थात् विज्ञानको अर्थ हो ज्ञानको व्यवहार वा प्रयोग । तर, के ज्ञान प्रयोग गर्न नसकिने हुन्छ ? होइन । यथार्थमा ज्ञान भएर नै प्रयोग गर्न सकिने भएको हो ।

हामी विज्ञान र पराविज्ञानमा कस्तो अवस्थामा थियौं र छौं भन्ने कुरा अध्ययनमात्र हैन, यसअघि नै पनि तथ्यको खोज र बहस पनि भएका छन् । त्यसमध्ये कविशिरोमणि लेखनाथ पौडेलको 'बुद्धिविनोद'को प्रश्नहरुमा उत्तर दिँदै खगोलशास्त्री, इतिहासविद् नयराज पन्तले लेखेको कुरा यहाँ राख्न उचित ठान्छु । लेखनाथको प्रश्न छ-

अगाडि अध्यात्मविषे थियो जति थियेन कि शिल्पविषे उति मति ।

बनेन होला किन रेल बेलुन, तँलाई मालुम् छ कि यो कुरा मन ?

त्यसको जवाफमा नयराज पन्त लेख्छन्-

आन्वीक्षिकी शिल्पकार दुवैतिर, हामी पुगेथ्यौं उहिल्यै निक्कै पर ।

अचिन्त्यको गूढ रहस्य खोज्दथ्यौं विमानलाई रसले चलाउँथ्यौं ।

(पन्त, बुद्धिविनोद प्रश्नावली र त्यसको उत्तर, तेस्रो संस्करण पृष्ठ २२ )

यसले के जनाउँछ भने हाम्रो समाजमा अध्यात्मको जति उन्नति भएको थियो, विज्ञानको पनि कम उन्नति थिएन ।

**दोस्रो दृष्टान्त**

अब कुरा गरौं नेपाली विमान पण्डितको । नेपालमा पनि विमान वैज्ञानिक थिए । जसको नाम थियो, अच्युतानन्द (वि.स.१९०७- १९८९) । धादिङमा जन्मेका उनी बनारसमा पढेर आएका थिए । त्यस बखत राइट दाजुभाइको विमानलाई आकार नै दिएर उडाउने समाचार वि.स. १९६० मा आउँदै गर्दा उनले पनि विमान बनाइरहेका थिए ।

सधैं विमान बनाउने काम गरिरहेको देख्नेहरुले उनलाई विमान पण्डित भनेर चिन्थे । एकदिन उनी पैसाको खाँचो भएर विमान बनाउन नसकेको भन्दै सरकारलाई गुहार्न गए । जुनबेला वीरशमशेर (वि.स.१९०९-१९५९)को शासनकाल चलिरहेको थियो । नेपालको पहिलो वैज्ञानिक नामले चिनिने वीरका छोरा गेहेन्द्रशमशेर ( वि.स.१९२८-१९६४) पनि यन्त्रविद्या नै पढिरहेका थिए । त्यसैले अच्युतानन्दलाई सहज भयो । किनकि गेहेन्द्रले आफ्ना बाबुकहाँ पुर्‍याइदिए । तर, सरकारबाट उल्टो सरकारको निर्देशनविना बनाएको भन्दै जेलसम्म हुन सक्ने भनेपछि उनी निराश भएर फर्किए । पछि त उनी पागल नै भएका थिए भनेर महेशराज पन्तले उही आलेख (विमान पण्डित अच्युतानन्द वाग्ले) मा उल्लेख गर्नुभएको छ ।

अब पाठकहरुको जिज्ञासा वेद र विज्ञानको भेदका बारेमा केही कुरा-

पहिला वेद र विज्ञानको अर्थबाट कुरा थालौं । वेद विद् धातुबाट बनेको शब्द हो । वेदको अर्थ हो ज्ञान । अर्को वि उपसर्ग लागेको ज्ञा धातुबाट विज्ञान बनेको छ । संस्कृत शब्दकोषहरु अनुसार विज्ञानको मूल अर्थ शिल्पशास्त्र हुन्छ । अर्थात् विज्ञानको अर्थ हो ज्ञानको व्यवहार वा प्रयोग । तर, के ज्ञान प्रयोग गर्न नसकिने हुन्छ ? होइन । यथार्थमा ज्ञान भएर नै प्रयोग गर्न सकिने भएको हो ।

यसैले वेद विज्ञान र धर्म बोकेको बोध पराविज्ञान हो । विज्ञानले त अझ धर्मलाई अस्वीकार नै गर्छ । तर, यसले आफ्नो आधार भने धर्म बोकेर नै तय गरेको हुन्छ । अर्थात् विज्ञान व्यवहार हो, वेद त्यस व्यवहारभन्दा अघिको बोध हो ।

यसलाई सरलीकृत गरौं- धर्म सत्यको अनुभव हो, विज्ञान सत्यको खोज हो, अनि त्यसबाट निस्कने कला सत्यको अभिव्यक्ति । मतलब ज्ञान( सत्य)कै आधारमा विज्ञान(खोज) हुने हो । जुन प्रत्यक्ष अवलोकन गर्न सकिने हुन्छ । बरु यति कुरा पक्का हो, जहाँ विज्ञान सकिन्छ त्यहाँबाट पराविज्ञान सुरु हुन्छ ।

पराविज्ञान शब्द वा अरु तरिकाले व्यक्त गर्न नसक्ने मानसिक, आध्यात्मिक बोध पराविज्ञान हो । जुन कुरा वेदले बोकेको छ । तर, त्यो पनि विज्ञानको बाटो भएरै प्रवेश हुने हो । अनेक प्रयोगपछि प्राप्त बोध नै पराविज्ञान हो । यसबारे परा र अपरा विद्या भनेर उपनिषद्मा नै व्याख्या छ (ईशादि नौ उपनिषद्को मुण्डकोपनिषद्, प्रथम मुण्डक, प्रथम खण्ड, श्लोक ६,७ गीता प्रेस) ।

यसबारेमा पश्चिमा दार्शनिकको ज्ञान विज्ञानको बारेको बुझाइ पनि हेरौं-

युनानी दार्शनिक अफलातुन भन्छन्- विज्ञान र वास्तविकताको सामञ्जस्य नै ज्ञान हो । वास्तविकता निर्विषय हुन सक्दैन । अनि त्यही विषयको एक-रस विज्ञान हो (सांकृत्यायन, दर्शन-दिग्दर्शन, युनानी दर्शन, पृ-१५, किताब महल, इलाहवाद) ।

यसको अर्थ ज्ञान र विज्ञान दुई फरक कुरा नभएर एकअर्कामा आधारित हुन्छन् । हुन चाहिँ विज्ञान धर्मविना रहन सक्छ । तर, ज्ञान धर्मविना रहन सक्दैन । धर्मविनाको ज्ञान पनि हुँदैन । अथवा ज्ञान हुँदै त्यो धार्मिक हुन्छ । यसैले वेद विज्ञान र धर्म बोकेको बोध पराविज्ञान हो । विज्ञानले त अझ धर्मलाई अस्वीकार नै गर्छ । तर, यसले आफ्नो आधार भने धर्म बोकेर नै तय गरेको हुन्छ । अर्थात् विज्ञान व्यवहार हो, वेद त्यस व्यवहारभन्दा अघिको बोध हो ।

वेद, उपनिषद्मा समाज विज्ञान, जीव विज्ञान र मनोविज्ञानको बोध जुन उचाइमा राखिएको छ, त्यसको हाराहारीमा आजको दुनियाँले पनि एउटा पुस्तक या अरु कुनै प्रयोग गर्न सकेको छैन । जहाँ प्राणी र पदार्थको जुनसुकै अवस्थाको सम्बोधन छ । बोध (धर्म)को गहिराइ विज्ञानभन्दा भित्र हुन्छ भन्ने कुरा अनुभवमात्रै गर्न सकिन्छ, त्यसलाई कुनै विज्ञानले परिभाषित गर्न सक्दैन ।

जस्तैः बाटोमा हिँड्दाहिँड्दै तपाईंले आफ्नो घरमा आगलागी भएको खबर सुन्नुभयो । तपाईं अत्यन्त मर्माहत हुनुभयो । तपाईं घरतिर दौडिँदै हुनुहुन्छ । तर, अर्कैको घरमा आगलागी भएको थाहा पाउनुभयो । घरमा आगलागी भएको एउटा घटना भयो । तर, तपाईंको मनमा केही समयको अन्तरालमा दुई किसिमको बोध विकास भयो । एउटा खबरले तपाईंको शरीरमा एकथरि प्रतिक्रिया दियो, अर्को खबरले अर्कोथरि । विज्ञानले त्यो घरको आगलागी बताउन सक्छ । तर, अध्यात्मले आगलागीमा तपाईंभित्र आएको दुईथरि बोधको अध्ययन गर्छ ।

विज्ञानले आफ्नो क्षेत्रमा प्रयोग गरेर अध्ययनलाई एकिनसाथ भन्नसक्छ । तर, वेदले त्यसलाई धर्म(सत्य) मा लगेर जोडिदिन्छ । पहिले या अहिले जेसुकैको खोज भैरहेको भए पनि त्यसको एउटै उद्देश्य मानिसको मानसिक ऊर्ध्वगमनको लागि हुनुपर्ने हो । तर, आधुनिक विज्ञानको भौतिक खोजले मानिसलाई मानसिक उर्ध्वगमनमा पुर्‍याउन सकेन । बरु धर्मको त्यो बाटो छोडेर मानसिक नीचतातर्फ अगाडि बढेको छ ।

सच्चिदानन्द भनेको सत्-चित्-आनन्द अर्थात् चित्त सत्यमा पुगेको आनन्दको महसुस । पश्चिमा समाज यस्तो आनन्दबाट जहिलेसुकै वञ्चित रह्यो । किनकि सत्य भनेको परम शून्यता हो । 'शून्यता दिव्यते तोत्र तस्याम अपि सपिप्यते' अर्थात् त्यो सुखानुभुति परम् शून्यताको बेला तयार हुन्छ ।

भौतिक खोजले सुख त ल्यायो । सँगसँगै त्यसले मानिसको आन्तरिक सुख र आनन्दका बाटोहरु बन्द गरिदियो । देश देशका बीचमा, समाज समाजका बीचमा, सभ्यता सभ्यताका बीचमा र व्यक्ति व्यक्तिका बीचमा आजको द्वन्द्वले जतिसुकै बेला युद्धको आयोजना हुन सक्ने स्थिति छ । विज्ञानले गरेको प्रगतिमा चित्तको आनन्दका लागि कतै ठाउँ छैन ।

पश्चिमा समाजले प्रतिशोध र प्रतिस्पर्धाको चुरोमा पुगेर युद्ध युद्ध अनि युद्ध गरिरहँदा यस सभ्यताका मानिसहरु भने सच्चिदानन्दको सुखानभुति गरिरहेका थिए । यद्यपि आज त्यसको प्रभाव हाम्रो समाजमा पनि पर्न थालेको छ ।

सच्चिदानन्द भनेको सत्-चित्-आनन्द अर्थात् चित्त सत्यमा पुगेको आनन्दको महसुस । पश्चिमा समाज यस्तो आनन्दबाट जहिलेसुकै वञ्चित रह्यो । किनकि सत्य भनेको परम शून्यता हो । 'शून्यता दिव्यते तोत्र तस्याम अपि सपिप्यते' अर्थात् त्यो सुखानुभुति परम् शून्यताको बेला तयार हुन्छ । यो कतिबेला हुन्छ भने जब राग सकिन्छ । अथवा जब चित्त युद्ध अथवा प्रतिस्पर्धा र प्रतिशोधबाट बाहिर निस्कन्छ । यसलाई बुद्धले निर्वाण भने । आज आएर सच्चिदानन्दको अंग्रेजी शब्द 'याब्सुलेट भोइडनेस' त खोजी गरे पाश्चात्य समाजकाले । तर, त्यसको अनुभूति गर्न आजसम्म जानेको छैन । किनकि उनीहरुमा ध्यान, योग, तपस्या, अभ्यास नभएको मात्र होइन बर्जित नै छ ।

यस सभ्यतामा यसैको खोज उहिलै भएको हो । जसलाई वैश्वानर, तेजस, प्रज्ञा र ब्रह्म या जागृत, स्वप्न, सुसुप्ति र तुरिय गरी चार तहमा मानसिक उद्विकास हुने कुरा उपनिषद्मा उल्लेख गरिएको छ (माण्डुक्योपनिषद्, तेस्रो श्लोक )। विज्ञानले अनुभूति गर्न सक्ने भएको भए यसको प्रयोगात्मक विधि आइसक्थ्यो । तर, अहिले योग गुरुहरुले यसलाई योग शिक्षाको रुपमा विस्तार गरेर अनुभूत गराउन थालेका छन् । यसलाई व्यवहार वा विज्ञान भन्न नसकिने होइन ।

**अन्तिम दृष्टान्त**

एक पाठकको जिज्ञासा रहेछ, यति ज्ञानी थिए भने सूर्य ताराहरुको बारे किन अध्ययन गरेनन् भन्ने । अध्ययन नगरेको हो र ? बरु ब्रह्माण्डबारे वेदले जे भन्यो, विज्ञानले त्योभन्दा फरक केही भन्न सकेको छैन । यस भागमा खगोल विज्ञानमा भएका विराट अध्ययनबाट केही तथ्य राख्नु उचित होला ।

पाश्चात्य समाजले बाइबललाई मान्छ । बाइबल भन्छ- सूर्यले पृथ्वीलाई परिक्रमा गर्छ । बाइबलले त्यस्तो दाबी गरेकाले त्यहाँ त्योभन्दा बाहेकको तथ्यमा अध्ययन नै हुन पाएन । किनकि बाइबलभन्दा फरक अध्ययन गर्नेलाई चर्चका पोपले मृत्युदण्ड दिन्थे ।

त्यसैको शिकार भएका थिए, ग्यालिलियो ग्यालिली (सन् १५६४-१६४२) । उनले ब्रह्माण्डको केन्द्र सूर्य हो भने । जुन कुरा बाइबलको विरुद्ध थियो । त्यसैले बाइबलविरुद्ध बोलेको भन्दै रोमन क्याथोलिक चर्चले उनलाई सजाय सुनाइएको थियो । पछि ग्यालिलियो ग्यालिलीले सजाय कम गर्न माफी मागे ।

उनले रुँदै माफी माग्दै भनेका थिए- अहिले पनि पृथ्वी सूर्यकै चक्कर लगाइरहेको छ । माफी मागेकाले उनको सजाय आजीवन नजरबन्दमा परिणत भयो । र, त्यही कष्टमा उनको ज्यान गयो ।

आदित्यबारको अपभ्रंश भएर आइतबार भएको हो । आदित्यको अर्थ सूर्य हो । भारतमा आइतबारलाई रविबार भनिन्छ । रवि भनेको पनि सूर्य नै हो । यसैलाई अंग्रेजीमा 'सन डे' भनियो । पाश्चात्य समाजले चन्द्रमालाई ग्रह नै मान्दैन । तर पनि सोम अर्थात् चन्द्रमालाई ग्रह मान्ने हाम्रो शास्त्रले बनाएको सोमबारकै अंग्रेजी भाषान्तर गरी 'मुन डे' भने उनीहरुले स्वीकार गरेका छन् ।


आज हामी खगोलशास्त्रको अध्ययन गर्न ती नै ग्यालिलियो र कपर्निकसलाई पढ्छौं । तर, हाम्रो समाजमा यी वैज्ञानिकहरु जन्मनुभन्दा पनि हजार वर्ष पहिले खगोलशास्त्रको अध्ययन भएको थियो । त्यसभन्दा अगाडिका खगोलशास्त्रीय रचनाहरु प्रशस्तै पाइन्छन् । खगोलशास्त्री आर्यभट (४७६-५५० वि.स.) जसले सौर्यमण्डलको अध्ययन गरेका थिए । उनले भनेका थिए- सूर्य र पृथ्वी आआफ्नो कक्षमा त घुम्छन् । तर, सूर्यले नभएर पृथ्वीले सूर्यलाई परिक्रमा गर्छ भनेका थिए । यसबारे उनले लेखेका श्लोक नै उद्धृत गरौं-

अनुलोमगतिर्नौस्थः पश्यत्यचल विलोमगं यद्वत् ।

अचलानि भानि तद्वत् समपश्चिमगानि लङ्कायाम् ॥९॥

(आर्यभटीय, गोलपाद), (पूर्णिमा ३४अङ्क,१३९ पृष्ठ ) ।

*क्रमशः*




## साप्ताहिक राशीफल

भाष्कर ज्यो. श्री विकास प्रसाद दुलाल

**d]if M** (चू,चे,चो,ला,लि,लू,ले,लो,अ)

आँट गर्दा चिताएको काम सजिलै बन्नेछ, अध्ययनमा ध्यान केन्द्रित हुनेछ, रोकिएको काम बन्नेछन्, नयाँ कामको थालनी हुनेछ, व्यापार उद्योगमा फाइदा हुनेछ, व्यवसायको लागि यात्राको अवसर खुल्नेछ, विवादमा अघि सर्नाले आलोचित भइनेछ, प्रेमबन्धन कसिन सक्छ, अन्त्यमा स्वास्थ्य अलि कमजोर रहने देखिन्छ ।

**a[if M** (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो)

अरुको आशमा काम गर्दा रोकिनेछ, काम गर्दा पूरा गर्न अलि कसरत गर्नुपर्ने देखिन्छ, साझेदारी लाभ हुनेछ, बुद्धिको उपयोगले लक्ष्य प्राप्ति हुनेछ, अध्ययनमा विशेष सफलता हुनेछ, नयाँ जिम्मेवारी हात लाग्न सक्छ, प्रतिस्पर्धी काममा आफ्नो पक्ष कमजोर रहनेछ, फजुल खर्च बढ्नेछ, अन्त्यमा रमाइलो यात्रा हुने देखिन्छ ।

**ldy'g M** (का,की,कू,घ,ङ,छ,के,को,हा)

मेहनत गर्दा आँटेको काम पूरा हुनेछ, आर्थिक पक्ष सवल रहनेछ, कामबाट प्रतिष्ठा मिल्नेछ, शुक्रबारदेखि पारिवारिक असमझदारी बढ्ने, आफ्नो श्रम बाट अरुले फाइदा उठाउन सक्नेछन्, पार्टनरमा काम नगर्नु राम्रो देखिन्छ, आइतबारदेखि समय सुधार हुनेछ, मनमा उत्साह छाउनेछ, रोकिएका अधुरा काम पनि पूरा हुनेछन् ।

**ss{6 M** (ही,हू,हे,हो,डा,डी,डु,डे,डो)

जिम्मेवारी हात पर्नेछ, आफ्नो मेहनतबाट अरुले फाइदा लिन सक्नेछन्, कार्यशैलीमा प्रतिस्पर्धा हुनेछ, पुरुषार्थी कामले धन र मान समेत हात पर्नेछ, घरेलु कार्य सफल हुनेछन्, सत्रुले समेत मित्रताको हात अगाडि बढाउनेछन्, बुद्धिको उपयोगले ठूलो सफलता हुने देखिन्छ ।

**l;+x :** (मा,मी,मू,मे,मो,टा,टी,टू,टे)

सुरुमा रमाइलो देखे पनि काममा केही उत्तारचढाव हुने छन्, स्वास्थ्य कमजोर रहनेछ, समस्या समाधान हुन सहयोगीहरुले साथ दिनेछन्, कार्य सफल आंशिक रुपले हुनेछन्, अन्त्यमा अप्ठ्यारो परिस्थिति सुल्झन सक्छ, नयाँ कामको थालनी हुनेछ, आम्दानीको श्रोत पनि सवल हुँदै जानेछ ।

**sGof M** (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो)

खर्च बढ्नेछ, चिताएको काम रोकिनेछ, स्वास्थ्यमा गडबढ देखिन्छ, अध्ययनमा समय दिन सकिने छैन, शुभ चिन्तकहरु टाढिन सक्छन् । आम्दानीको श्रोत कमजोर बन्नेछ, व्यावसायिक काममा सामान्य उपलब्धी हुनेछ, केही विवादास्पद कामको जिम्मेवारी बहन गर्नुपर्ला, अरुको भरमा काम गर्दा व्यर्थ खर्च बढ्ने देखिन्छ ।

**t'nf M** (रा,री,रु,रे,रो,ता,ती,तू,ते)

पछिसम्म फाइदा हुने काम प्रारम्भ हुनेछ, आम्दानीको श्रोतहरु खुल्नेछन तर सरसापटमा धन बाहिरिन सक्छ, आफूलाई मन परेको चिन खरिद गर्दा खर्च बढ्न सक्छ, शुक्रबारदेखि स्थितिमा सुधार आउनेछ, रमाइलो भेटघाट हुनेछ, खानपानमा आनन्द प्राप्त हुनेछ, अध्ययनमा पनि प्रगति हुनेछ, अन्त्यमा वाद विवाद बढ्नेछ ।

**a[lZrs M** (तो,ना,नी,नू,ने,नो,या,यी,यू)

समाजमा स्थापित हुने समय छ, उपलब्धी हात पार्ने समय छ, नयाँ काम वा नोकरी प्राप्त हुनेछ, विशिष्ट मान्छेसँगको कामबाट तारिफ हासिल हुने समय छ । सामाजिक कार्यमा पदवी हासिल हुनेछ, मित्रता र प्रेम बन्धन कसिने छ, आम्दानी बढ्नेछ, दिगो काममा लगानी गर्नुपर्ने देखिन्छ, अर्थ अभाव भने रहनेछ ।

**wg' M** (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)

अरुको कामबाट सामान्य फाइदा हुनेछ, हिम्मत गर्नाले प्रतिष्ठित काममा सहभागि भइनेछ, नोकरी प्राप्त हुनेछ, आम्दानी बढ्नेछ, अधुरा काम पूरा हुनाले मनमा आनन्द मिल्नेछ, अन्त्यमा लाभांशको केही भाग खर्च गर्नुपर्ने छ र समाजसेवी काममा लोकप्रियता हाशिल हुने देखिन्छ ।

**ds/ M** (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी)

स्वास्थ्य कमजोर हुनेछ, आँटेको काम धनको अभावले रोकिनेछ, शनिबारदेखि स्थितिमा सुधार हुनेछ, मंगलमय हुने कर्म सम्पाद हुनेछ, विवादास्पद काममा सफलता हुने देखिन्छ, नजिकका मित्रले धोका दिनेछन्, अन्त्यमा आम्दानीको श्रोत बढ्नेछ, यात्राको अवसर पनि जुट्ने देखिन्छ ।

**s'De M** (गू,गे,गो,सा,सी,सू,से,सो,दा)

रमाइलो यात्राको अवसर जुट्नेछ, प्रियजनसँग भेटघाट हुनेछ । सोचेको कामबाट धन लाभ हुनेछ, अप्ठ्यारो काममा बोझ थपिन सक्छ, चोटपटकको योग देखिएको छ, अन्त्यमा हर्ष उल्लाश बढ्नेछ, शुभचिन्तकको सहयोगले आँटेको काम बन्नेछ, मान सम्मान तथा दाम पनि कमाउन सकिने देखिन्छ ।

**dLg M** (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची)

परिश्रमले अवसर हात पर्न सफल भइनेछ, प्रतिस्पर्धीहरु कमजोर हुनेछन्, प्रियजनसँग भेटघाट हुनेछ, खर्च बढ्नेछ, काम विग्रनाले आकस्मिक झमेला आइलाग्न सक्छ, स्वास्थ्य पनि कमजोर रहनेछ, अन्त्यमा सामाजिक कार्यले मनमा प्रशन्न दिलाउने देखिन्छ ।

## अत्यावश्यक टेलिफोन

### प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |

### अस्पताल

| | |
|---|---|
| वीर अस्पताल | ४२२१११९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| टेकु अस्पताल | ४२५३३९६ |
| मेरो डेन्टल हस्पिटल, गोंगबु | ४३८२२४५ |
| काठमाडौं मेडिकल कलेज, सिनामंगल | २४३६१५२ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नर्भिक हस्पिटल, थापाथली | ४२५८५५४ |
| सुमेरु अस्पताल, धापाखेल | ५२७५३७७/५२७५०८८/५२७५०९९ |
| सुमेरु सिटी अस्पताल | ५४०००००/५४११११११, ५४४४४४४ |
| होम तथा प्रसूतीगृह प्रालि, सामाखुसी | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्युट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| नेपाल मेडिसिटी हस्पिटल, नख्खु, भैंसेपाटी | ४२१७७६६ |
| भरोसा अस्पताल प्रालि, बानेश्वर | २४३४९६८/४४८९८९१ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५ /६ |
| बी.एन्ड.बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, तीनकुने | ४१११९५७/८५८ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | २४३३५१८/२४३०६१५ |
| ॐ हस्पिटल एन्ड रिसर्च सेन्टर | २४३६२२५ |
| मनोरोग उपचार तथा पुनर्स्थापना केन्द्र, जोरपाटी | ४९१२०४८ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसूतीगृह | ४३८३१५२/४३८०८४८ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| सहिद मेमोरियल अस्पताल | ४६७२९३४/६२०८७२ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| ओम समाज डेन्टल अस्पताल, चाबहिल | ४४७३४४४/४४८०८८० |
| स्टार अस्पताल, सानेपा | ५५५०१९७/५५५०१९८ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल प्रालि | ४२४४०२२ |
| एभरेस्ट हस्पिटल,नयाँबानेश्वर | ४७८१२९४/४७८३०२४ |
| काठमाडौं नाक,कान, घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| शुभेच्छा इन्टरनेसनल हस्पिटल | ४२८९५३४/४२८९३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| अल्का हस्पिटल | ५४५१५५५/५४५५५५५ |
| मानसिक अस्पताल | ४४८०१७०/५५२१३३३ |
| बयोधा अस्पताल | ४२८६४२८/४२८१६६६ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५/४४२६१८४ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्रीबाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बीपी स्मृति अस्पताल, बसुन्धारा | ४३८७०९४/४३८७०९६ |
| भेनस हस्पिटल, बानेश्वर | ४४९०३३३ |
| आयुर्वेद अस्पताल, नरदेवी | ४२५६८८३/४२५९१८२ |

### एम्बुलेन्स/शववाहन

| | |
|---|---|
| मेडिक्रेयर नेसनल अस्पताल ( एम्बुलेन्स) | ४४६७०६७ |
| श्री सत्यसाई निःशुल्क एम्बुलेन्स/शववहान | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०/९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |

### अन्य

| | |
|---|---|
| दमकल | १०१ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |


फरक धार- फरक विचार

# बिना औषधी जुनसुकै रोग सन्चो पार्न सफल उपचार विधि -उर्जा शक्ति उपचार विधि



डी .बी. शाही
उर्जा शक्ति थेरापिस्ट

मानव जातिको उत्पत्तिसँगै उसको विकासको क्रमको निरन्तरता निरन्तर चल्दै आएको छ । यो ब्रह्माण्ड र यसमा चलायमान जीवित प्राणीहरु जीवित रहुन्जेल यो निरन्तरता पनि अन्तसम्म निरन्तर चलिरहनेछ । हालसम्मको जानकारीले यो ब्रह्माण्डको एउटा महत्वपूर्ण अंग पृथ्वी मात्रै यस्तो अंग मानिएको या देखिएको छ कि यसमा अध्यात्मवादी हुन या भौतिकवादी सबैले अहिलेसम्म ८४ लाख प्राणीहरुको अस्तित्व स्वीकार गरेको देखिन्छ । यी सबै ८४ लाख प्राणीहरुमा केवल मनुष्य मात्र यस्तो प्राणी छ जो बुद्धिमान छ, जसले जस्तोसुकै काम गर्न सक्ने क्षमता राख्दछ । अन्य प्राणीहरु समेतलाई आफ्नु इच्छा अनुसार काम गराउन, आफ्नु अधीन राख्न, शोधखोज, विश्लेषण र परिचालन गर्न सक्छ । उ आफ्नु उत्पत्तिकाल देखिनै उन्नत, उज्ज्वल, सफल, सरल र स्वस्थ जीवनशैलीको खोजीमा अत्यन्त गम्भीर भएर निरन्तर लागि परेको छ । यसैक्रममा उसले आफ्नु जीवनमा शारीरिक र मानसिक रुपमा आइपरेका या देखिएका समस्याहरुको समाधान वा निदान गर्ने प्रयासमा विभिन्न विधिहरुको आविष्कार र प्रयोग गर्दै आएको छ । प्राकृतिक चिकित्सा विधि, आधुनिक चिकित्सा विधि प्रमुख देखिन्छन् भने अन्य थुप्रै विधिहरु, औषधीहरु, वैद्य, योगा र थेरेपीहरु,ज्योतिष, तन्त्रमन्त्र, धामीझाँक्री, रेकी, जोरे, जल, फल, मिट्टी, उपवासलगायत सयौं प्रकारका विधि र औषधी ,जडिबुटीहरुद्वारा मनुष्यमा भौतिक,शारीरिक र मानसिकरुपमा देखा परेका समस्या भनौं या उनिहरुको भाषामा रोगको समाधान र निदानको प्रयत्नमा गम्भीर भएर खटिएर लागि परेको छ तर जतिजति उसको जानकारी र समस्या (रोग) समाधानको प्रयत्नमा सफल भएको प्रचार प्रसारको दायरा बढाउँदै गएको छ उतिउति समस्या (रोग ) निर्मुल हुनको साटो झन् नयाँ रुपमा बढेर गएको छर्लङ्ग देखिन्छ । मानव समाजको उत्पत्तिकालदेखि नै दाइजोको रुपमा आएको रुघाखोकी अहिलेसम्म कुनै पनि विधिले नसन्चो पार्न सकेको छ न त्यसको मुल कारण पत्ता लगाउन सकेको छ तर त्यसका स्वरुप (प्रकार)भने सयौं पत्ता लगाएको छ, त्यस्तै बाथरोग सयौं प्रकारका पत्ता लगाउन सफल छ तर निर्मुल पार्ने उपाए कुनैपनि विधिसँग छैन, यस्तै प्रेसर, सुगर, ग्यासटिक, क्यान्सर, अल्सर आदि सबैका भेराइटी (स्वरुप) अनेक प्रकारका रोगहरुको नामाकरण गरेको र पत्ता लगाउन सकेको छ तर त्यसको समाधान या निदान कसैसँग छैन केवल त्यो विधि प्रयोग गरिरहुन्जेल या प्रेस्काइब गरेको औषधी सेवन गरुन्जेल सजिलो, आराम (रिलिफ) मात्रै गराउने हो । मानव समाजको विकासको क्रममा आजको मानव आफुलाई बैज्ञानिक र आधुनिक सभ्य तथा बुद्धिमान भन्न मन पराउँछ, उसले कुनै एउटा व्यवसायिक संस्थाले बेचेको बुद्धि र सीपलाई आफु जानकार र विशेषज्ञ भएको गर्भ गर्छ, जानीनजानी उ आफ्नु क्षमता र बुद्धि गिरबी या बन्धक भएको भन्ने कुरामा जहिले पनि अनभिज्ञ रहेको देखिन्छ, जसको कारण अर्बौंमा एकआध जना जसले आफ्नु मन, मस्तिष्क र बुद्धि प्रयोग गर्न सफल हुन्छन् त्यस्ता ब्यक्ति भगवान, बुद्ध, कार्ल मार्क्स, लेनिन, माओ, योगी नरहरिनाथ, महात्मा गान्धी, महाराजा पृथ्वीनारायण, महेन्द्र वाहेक प्राय: अरु सबै विद्वान, विश्लेषक, योजनाकार, चिकित्सक,पत्रकार आदिमा स्वास्थ्य, सुशासन र सुव्यवस्थाको वकालत गर्नेहरु अरुको कुरा, बुद्धि र सीपको भारी बोकेर विद्वान, विश्लेषक र ज्ञाता बनेको भ्रममा बाँचीरहेको यथार्थ स्वीकार गर्न सक्ने कुनै सम्भावना देखिन्न । जबसम्म आधुनिक मानव रोगको स्वरुप र प्रकारको शोध खोजभन्दा पनि रोग लाग्ने कारणको खोजी तिर लाग्ने प्रयासमा जुट्दैन तबसम्म रोगको निदानको कुनै सम्भावना देखिन्न ? अबको मानव साँच्चै रोग मुक्त हुन चाहन्छ भने रोगको नाम र प्रकार पत्ता लगाएर औषधी, थेरेपी, तन्त्रमनत्रद्वारा निर्मुल पार्ने निरर्थक प्रयास गर्नुको साटो रोग लाग्ने कारणहरु र रोग उत्पन्न गर्ने वातावरणको खोजीमा लाग्न जरुरी देखिन्छ र कतिपय ब्यक्ति लागेका र समाजलाई सतर्क गर्ने प्रयासमा लागिपरेको देखिन्छ तर उनिहरुको पहुँच बहुराष्ट्रिय ब्यबसायिक कम्पनीसम्म नपुगेको या उनिहरुको विधि(थिउरी) प्रमाणीत गरेर अपनाउँदा बहुराष्ट्रिय कम्पनीहरुलाई फाइदा नपुग्ने भएको कारण यस्ता विधि, अभ्यास र शोध खोज प्रयोगमा आउन पाउँदैनन् या प्रचारप्रसार गर्न पनि दिइन्न ? बिना कुनै औषधी उपचार गर्ने विधिहरु आविष्कार गर्ने प्राकृतिक चिकित्सकहरुलाई वाहियात भनेर उनिहरुको विधिमाथि प्रतिबन्ध लगाउने, उनिहरुको प्रचारप्रसार रोक्ने, उनिहरुलाई थुनछेकसम्म गर्ने काम जनताको स्वास्थसँग अत्यन्त गम्भीर भएको नौटंकी गर्ने सत्ताका ठेकेदारहरुले गरेको थुप्रै घटनाहरु इतिहासको पानामा कैद छन् ? कथित कोरोनाको खेल नङ्ग्याउने एकजना इन्डियन डाक्टर बी.आर. चौधीरीलाई ६० हजार कोरोना रोगीहरु बिना मास्क, बिना क्वारेन्टाइन, बिना सोशल डिस्टन्सको नीति नमानी एकजनाको पनि मृत्यु हुन नदिएर बचाएकोमा स्याबासी र पुरस्कृत गर्नुपर्ने ठाउँमा उनको सम्पूर्ण प्रचारप्रसारमा बन्देज, युट्युवलगायतका सामाजिक संजाल समेत बन्द गर्न लगाएर उनलाई जेल हाल्ने जस्ता घृणित कार्य गरियो ? राष्ट्रपिताको उपाधि दिएका महात्मा गान्धीलाई समेत त प्राकृतिक चिकित्सालय खोल्न र प्रचारप्रसार गर्न हम्मेहम्मे पारिएकाको इतिहास साक्षी छ। कृत्रिम बौधिकता, सीप र योग्यताले आजको मानवको आफ्नु बुद्धिमा बिर्को लगाएर टाँगा तान्ने घोडा जस्तो एकसुरे बनाएको र बनाउँदै गएकोछ । हिजोको हाम्रो रहनसहन, सिद्धान्त, नैतिकता सबैलाई अज्ञानता र अबैज्ञानिकको बिल्ला भिराएर गुगल बुद्धिको दास बनाउँदै लगेको कुरा मान्छेले आफ्नु बुद्धिको बिर्को खोलेर हेर्ने आँट र जाँगर गर्‍यो भने प्रष्ट देख्न र अनुभव गर्न सहजै सक्छ ।



यस्तै जापानका एकजना डाक्टर बैज्ञानिकले औषधीको सेवन र प्रयोगबाट रोगमा केही सुधार देखिए पनि कैयौं बर्ष औषधी सेवन गरिरहँदा त्यसले फाइदाको ठाउँमा अन्य धेरै नोक्सान पुर्‍याएको (साइड इफेक्टहरु) धेरै भएको देखेपछि उनले एक्युपेन्चर र एक्युप्रेसरको पनि केही समय प्रेक्टिस र प्रयोग गरेर हेर्नुभयो त्यसमा साइड इफेक्ट कम देखिए पनि रोगहरु पुर्णरुपमा निको हुन नसकेको देखे पछि १८२ देशहरूमा हजारौं बर्षदेखि प्रयोग गरिदै आएका विधिहरु, खानपिन, रहनसहन र धार्मिक ग्रन्थहरुमा उल्लेख र प्रयोग गरिँदै आएका विधिहरुको गहन अध्यन र प्रेक्टिस पछि उहाँले उर्जा शक्तिको उपचार विधि पत्ता लगाएर उपचार गर्न थालेपछि बर्षौंदेखि कुजिएर बसेका रोगीहरु पनि केही समयमै पुर्ण स्वस्थ भएको र फेरि बर्षौंसम्म पनि त्यो रोग नदोहरिएको पाए पछि उहाँ अत्यन्त उत्साहित हुँदै संसारभरि उर्जा थेरेपीको प्रचारप्रसार र प्रेक्टिसमा खटिएर लाग्नु भयो । उहाँले आविष्कार गरेको उर्जा थेरेपीले रोगलाई स्वीकार गर्दैन, उहाँको भनाइमा यो ब्रह्माण्डमा रोग भन्ने कुनै चिज छैन यो मान्छेले समस्या या भौतिक शरिरको संचालनलाई व्यवस्थित पार्न नसकेर व्यवस्थापनमा आएको गडबडी हो र त्यो असंतुलित गडबडीको ब्यालेन्सलाई सन्तुलित पार्न सक्यो भने मात्र शरीरले सही तरिकाले सुचारु र सन्तुलित रुपमा कार्य गर्न थाल्छ र मनुष्य या अन्य प्राणीहरु स्वस्थ जीवन जिउन सक्षम हुन्छन् । सामान्य रुपमा स्वस्थ र सुखी जीवन जिउनु भनेको पुर्णरुपमा गतिशील या उर्जावान हुनु हो र यो उर्जा या गति आउन या सन्तुलित रहन अति आवश्यक पर्ने केही नीतिनियम छन् जो केवल प्रकृति स्वयंले संचालन (रेगुलेट) गर्छ प्रकृतिको प्रक्रियालाई मान्छेले रत्तिभर पनि तलमथि गर्न सक्दैन । मनुष्य, पशुपंक्षी या अन्य प्राणी हुन वा कुनै संघसंस्था, परिवार, सरकार आदिले सुचारु, संततुलित काम गर्न र स्वस्थ रहनको लागि प्रकृतिले केही प्राकृतिक नियमहरु वरदान स्वरुप मनुष्यलाई प्रदान गरेकोछ, यी हुन् १.- मनले फिलिङ्ग यानि महसुस गर्नु, २. डाइरेक्शन यानि दिशा, ३. लक्ष्य मकसद यानि अन्तिम बिन्दु, ४. गति चाल यानि मुभ गर्नु, ५. गुरुत्व आकर्षण यानि ग्रेभिटिशनल फोर्स, ६. तान्नु र धकेल्नु यानि पुल एण्ड पुस, ७. चक्रिए शक्ति यानि रोटेशनल फोर्स । यी सबै शक्तिहरुमा तालमेल या गठबन्धन भएन भने मनुष्य या अन्य प्राणीहरु लगायत चल अचल जेजति प्राणी, बस्तु, सरकार, संगठन, परिवार जो यो ब्रह्माण्डमा अस्तित्वमा देखिएका उपस्थिति जनाउने गरेका छन् उनिहरुको ढाँचाको ब्यबस्थापनमा असंतुलन र असंतुष्टी आउन थाल्छ र हामीले प्राणीहरुको सिस्टममा देखिएको या आएको गडबडी, असंतुनलाई शरीरको अंग अनुसार विभिन्न रोगको नाम दिएर अनि रोगको उपचार गर्ने अथक प्रयासमा शरीरलाई काटकुट या रसायन केमिकलको प्रयोगशाला बनाउने काम गर्छौं भने सरकार, संस्था, पार्टी परिवारमा आएको असंतुलन कुनै अर्को शक्तिलाई व्यवस्थित पारिदिन आग्रह गर्छौं र उसको आदेश पालना गर्दै कसैको दास भएर स्वविवेक गिरबी राखेको अनुभुति गर्न सक्दैनौं । यही कारण हो कि मनुष्य सर्वश्रेष्ठ , सर्वशक्तिमान र सर्वबुद्धिमान प्राणी हुँदाहुँदै पनि हरेक क्षेत्रमा एकअर्काको दास भएर बाँच्न बाध्य छ ?

प्रकृतिको नियम (नेचर अफ ल), बिना औषधी रोग सन्चो पार्न सक्षम प्राकृतिक चिकित्सकहरु लगायत उर्जा शक्तिको असंतुलित व्यवस्थापनलाई उर्जा शक्तिको संतुलन वयवस्था गर्ने विधिका आविष्कारक डाक्टर केनको उर्जा उपचार पद्धति र अरु सबैको उपचारको मुलमन्त्र प्राय: समान छ उनिहरुको भनाइ र गराइमा रोग लागिसकेपछि रोगको उपचारमा नानाथरी उपचार विधि खोजेर भौंतारिनु भन्दा रोग लाग्ने या देखिने कारणहरुको पत्ता लगाएर रोगको होइन रोग लागेको शरीरको, अव्यवस्थित सिस्टमको उपचार गर्न जरुरी छ ।

मनुष्य या अन्य प्राणीहरु यो ब्रह्माण्डमा स्वस्थ, सभ्य र सुशासित रहन उनिहरुको सिस्टम, प्रणालीको गतिमा समानता या संतुलन समानरुपमा प्रवाहित हुन जरुरीछ तर हाम्रो गलत खानपिन, रहनसहन, गलत सोचले हाम्रो सिस्टमलाई रेगुलेट गर्ने प्रणाली अव्यवस्थित र असंतुलित हुन जान्छ र शाम्रो शरिरको उर्जालाई गतिशील बनाउने भिटामिन, प्रोटिन, मिनरलहरुको शरिरले संतुलित रुपमा उचित व्यवस्थापन गर्न सक्दैन अनि हाम्रो शरिरलाई चाहिने भन्दा बढी उत्पादन भएको केल्सियम, पोटासियम लयायत अन्य प्रोटिन, भिटामिन र मिनरलहरु शरिरको कुनै अलि कमजोर भागमा गएर सञ्चित (डिपोजिट) भएर बस्छ र जब त्यो सञ्चित भएको केमिकल त्यो भागले धान्न, बोक्न या सहन सक्दैन अनि हाम्रो शरीरले असैह पीडा या दुखाइ महसुस गर्न थाल्छ अनि हाम्रो शरीरलाई सन्चो पारिदिन कुनै अर्को मान्छे जसले रोगहरु संचो पार्ने मान्छेले निर्माण गरेको संस्थाले दिएको अनुमतिपत्र पाएको आफु जस्तै व्यक्ति कहाँ पुग्छ र उपचारको नाँउमा शरिरको एउटा अखण्ड ढाँचासंग काटछाँट र छेडखानी शुरु हुन्छ । वास्तवमा सञ्चित फोहर या बिषाधी तत्कालको लागि सर्जरी, औषधी या अन्य केही मनुष्यले अनुमानको आधारमा बनाएका विधिहरु प्रयोग गरेर हटाएर आराम दिलाउन त सक्छ तर सिस्टमको गडबडीको संतुलन ब्यालेन्स नमिलाएको कारण औषधी सेवन गरिरहँदा पनि केही समय पछि फेरि फोहर सञ्चित (डिपोजिट) भएर दु:ख दिन थाली हाल्छ । यसरी हेर्दा त रोग निर्मुल भयो भन्ने हुन्छ तर वास्तवमा शरीरमा सञ्चित भएको बिषाधी (टक्सिन) या कीटाणु (भाइरस) एक पटक प्रवेश गरिसकेपछि पुर्णरुपमा निर्मुल या निदान हुने सम्भावना क्षणिक हुन्छ र आजीवन औषधीको भरमा हेर्दा स्वस्थ देखिए पनि कामकाज गर्ने क्षमता अत्यन्त कमजोर रहन्छ र अलि कति मौसम, खानपिन र रहनसहनको संतुलन नमिल्ने बित्तिकै रोगले फेरि हमला गरि हाल्छ । हाल कथित कोरोना महामारीको आतंकले आज बहुतै सरल सहज र जसले पनि बुझ्न सक्ने भाषामा कोरोना भाइरस होस या अन्य कुनै कारण दुर्घटना या अन्य अप्राकृतिक घटनामा काटेको,चोट पटक लागेको घटना बाहेक रोग या भाइरसले हमला (अटैक) गर्ने कारण इम्युनिटी पावरलाई अत्यन्त प्रवल विश्वासका साथ मानेको , स्वीकार गरेको प्रष्ट छ । यो कुराले बहुतै स्पष्ट, सरल र स्वस्थ रहन मनुष्यलाई औषधी होइन इम्युनिटी पावर यानि उर्जा शक्ति संतुलित राख्न जरुरी छ भन्ने कुरा शतप्रतिशत ठिक भएको प्रमाणित गरेकोछ । हजारौं बर्ष पहिले प्रतिपादित या प्रयोग गर्दै आएको आयुर्वेदको केवल एउटा श्लोकले बहुतै सुन्दर तरिकाले यो कुरा प्रमाणित गरेको छर्लङ्ग र प्रष्ट बुझ्न सकिन्छ -

पथ्ये सति गदार्त्तस्य किमौषधनिषेवणै:।
पथ्येऽसति गदार्त्तस्य किमौषधनिषेवणै:॥

हजारौं बर्ष पहिले प्रतिपादित गरिएको यो श्लोकले प्रष्ट र स्पष्ट भनेको छ आहार विहार पथ्ये र सही छ भने औषधीको केही काम छैन यदि आहार विहार पथ्ये र ठिक छैन भने औषधीले केही हुनेवाला छैन् ।

## मञ्चबाट तलै ओर्लेर वितरण गरे राष्ट्रपतिले पदक

काठमाडौं । राष्ट्रपति भवन शीतल निवासमा शारीरिक रुपमा अशक्त एक वृद्धा अग्लो ठाउँमा रहेको मञ्चतर्फ अगाडि बढ्न खोज्दै हुनुहुन्थ्यो । यो दृश्य देख्नासाथ राष्ट्रपति रामचन्द्र पौडेल मञ्चबाट ओर्लन खोज्नुभयो । त्यहीबेला त्यहाँ रहेका सुरक्षाअधिकारीले राष्ट्रपति त्यसरी जान नमिल्ने संकेत गर्दै थिए । तर राष्ट्रपति पौडेलले त्यसलाई मान्नुभएन र उहाँ तलै ओर्लेर ती अशक्त वृद्धालाई पदक दिनुभयो । यो दृश्य देखिरहेका पदक लिन आउनेमध्ये एक जनाले यस्तो टिप्पणी गर्दै थिए, “जनताको छोरो राष्ट्रपति भएको अनुभूति हुने व्यवहार सधैं सबैले गरे हुन्थ्यो । ” ती वृद्ध पुरुष मात्र होइन शारीरिक रुपमा अशक्त भएका वृद्धवृद्धालाई राष्ट्रपति पौडेलले मञ्चबाट तल ओर्लेर सहजै पदक प्रदान गर्नुभएको थियो ।

यसैवीच राष्ट्रपति कार्यालय शीतल निवासमा आज आयोजित विशेष समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले एक जनालाई नेपाल रत्न, तीन जनालाई राष्ट्र गौरव, एक जनालाई सुप्रसिद्ध प्रबल जनसेवाश्री, १४ जनालाई प्रसिद्ध प्रवल जनसेवाश्री, १६ जना सुकीर्तिमय राष्ट्रदीप, एक सय ६५ जनालाई सुप्रबल जनसेवाश्री, छ जनालाई कीर्तिमय राष्ट्रदीप, तीन सय १६ जनालाई प्रवल जनसेवाश्री, एक जनालाई राष्ट्रदीप र दुई सय पाँच जनालाई जनसेवाश्री प्रदान गर्नुभयो ।

राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रको गौरव बढाउन अतुलनीय योगदान गर्ने पूर्वप्रधानमन्त्री स्व सुशील कोइरालासहित समाजका विभिन्न क्षेत्रका सात सय २८ व्यक्तित्वलाई विभिन्न मानपदवी सो अवसरमा प्रदान गर्नुभयो ।

राष्ट्रपति पौडेलले पूर्वप्रधानमन्त्री स्व कोइरालालाई दिइएको नेपाल रत्न उहाँकी परिवारिक सदस्य किरण कोइरालालाई प्रदान गर्नुभयो । राजनीतिज्ञ स्व जीवराज न्यौपाने ‘आश्रित’, लाई प्रदान गरिएको राष्ट्र गौरव उहाँकी धर्मपत्नी माया न्यौपानेलाई, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी र संस्कृतिविद् स्व सत्यमोहन जोशीलाई प्रदान गर्नुभयो । सुप्रसिद्ध प्रबल जनसेवाश्री डा. जगमान गुरुङलाई प्रदान गरियो । समारोहमा व्यवसायी, संस्कृतिविद्, कलाकार, पत्रकार, समाजसेवी, खेलाडी, प्रशिक्षक, निजामती, जङ्गी, चिकित्सक, विदेशी नागरिकलगायतलाई मानपदवी प्रदान गरिएको थियो ।

मन्त्रिपषिद्को सिफारिसमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २०७९ असोज ३ गते संविधान दिवसका दिन उक्त विभूषणको घोषणा गर्नुभएको थियो । नेपालको संविधानको धारा २७७ को उपधारा १ मा राष्ट्रपतिले राज्यका तर्फबाट प्रदान गरिने उपाधि, सम्मान र विभूषण प्रदान गर्ने उल्लेख छ ।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनालगायत विशिष्ट व्यक्तित्वको उपस्थिति थियो ।

## डीआईजी बढुवा सिफारिसविरुद्ध उजुरी

काठमाडौं । नेपाल प्रहरीका १३ एसएसपीलाई डीआईजीमा बढुवा सिफारिस गर्ने निर्णयविरुद्ध उजुरी परेको छ ।

बढुवाका लागि दाबेदार रहेका दुई एसएसपीले आफूहरुको नाम नसमेटिएको भन्दै लोकसेवा आयोगमा मंगलबार उजुरी दिएका हुन् । उजुरी दिनेमा एसएसपीद्वय अनुरागकुमार द्विवेदी र चक्रबहादुर सिंह रहेका छन् ।

बढुवा समितिको चैत २९ गते बसेको बैठकको सिफारिस अनुसार गृह मन्त्रालयले सूची प्रकाशित गरेको थियो । प्रहरी नियमावली, २०७१ ( संशोधनसहित) को नियम २७ को उपनियम (४) अनुसार मन्त्रालयले बढुवा सिफारिस सूची प्रकाशित गरेको थियो ।

बढुवाका लागि सिफारिस भएका एसएसपीहरुमा कुवेर कडायत, केदार ढकाल, विष्णु बहादुर केसी, भरत बहादुर बोहरा, रवीन्द्र केसी, राजेशनाथ बास्तोला, चन्द्र कुवेर खापुङ, जनक भट्टराई, लालमणि आचार्य रहेका छन् । यस्तै सुरेन्द्र प्रसाद मैनाली, अर्जुन चन्द ठकुरी, यज्ञ विनोद पोखरेल र विकास राज खनालको नाम पनि सिफारिस भएको थियो । सिफारिस सूचीमा कडायतको नाम पहिलो नम्बरमा रहँदा दाबेदार मानिएका द्विवेदी र सिंहको नाम भने समेटिएको थिएन ।

सितल थोपा सिंचाई प्रविधि उद्योग
Sital Drip Irrigation Technology Industry
ग्वार्को, ललितपुर, नेपाल, फोन : ०१- ५२०३६८८, ५२०२१५५
Email: sitaldripnepal@gmail.com, Website: www.sitaldripnepal.com
नेपालको १ मात्र थोपा सिंचाई प्रविधि उद्योग !
An ISO 9001 : 2015 Certified Company

माथिका सबै सामाग्रीहरू यस उद्योगबाट उत्पादन गरिन्छ ।
सितल थोपा सिंचाई र माइक्रो स्प्रिङ्क्लर प्रविधिका विशेषताहरु :
थोरै पानीमा धेरै जमिन सिंचाई गर्न सकिने, समयको बचत, झारपातको कमि, माटोको उर्वरा कायम राख्ने, गुणस्तरीय उत्पादन साथै उत्पादनमा वृद्धि, जडान मर्मत र संचालन गर्न सहज, १५ वर्ष सम्मको ग्यारेन्टी ।

सितल थोपा सिंचाई प्रविधिबाट उत्पादित सामाग्रीहरु

दाँते (फार्म रेक)
दाँते (फार्म रेक)
कर्न सेलर (हाते मकै छोडाउने)
होल मेकर
भारतको प्रख्यात कृषि सामाग्री उत्पादक Rajdeep Agri. Products को नेपालको लागी आधिकारिक (Authorised) विक्रेता

Label
Tomato Clip
Plastic Pots
Seedling Tray
Seed Displayer
Root Trainer
Shade Net House
Poly House
Green House
हामी सिल्पोलिन प्लास्टिकको आधिकारिक विक्रेता हौं ।

## रास्वपालाई ...

महामन्त्रीले पनि सकारात्मक रेस्पोन्स नगरेपछि देउवा बिलखबन्दमा परेको कांग्रेस नेताहरुले बताएका छन् ।

कांग्रेस र एमाले नमिल्दा व्यवस्थामाथि नै संकट उत्पन्न गर्ने खालका गतिविधिहरु भएको र अराजकतालाई राजनीतिक रुपमा दिन थालिएको विश्लेषण गर्दै शिर्ष तहमा यो सहमति आबश्यक भएको नेताहरुको जिकिर थियो । स्रोतका अनुसार बिगत तीन दिनदेखि एमाले उपाध्यक्ष पौडेल र कांग्रेसका नेता डा.रिजाल तथा राजेन्द्र बजागाई यो सहमति निर्माणमा खटिएका थिए । कांग्रेसले एमालेलाई सघाएसँगै चितवनमा माओवादीको समर्थन पनि एमालेलाई नै हुने कांग्रेस नेताहरुको दावी थियो ।

ओली र देउवाबीचको यो संवादको बारेमा प्रचण्ड पनि जानकार थिए । तर कांग्रेसभित्रै समस्या भएपछि अन्तिम चरणमा सहमति रोकिएको छ । कांग्रेस महाधिवेशनमा महामन्त्री हारिसकेपछि रक्षामन्त्रीबाट राजीनामा दिएर राजनीतिक मूलधारबाटै किनारामा लागेका रिजालले चुनावमा टिकट समेत पाएनन् । तर पछिल्लो समय रिजाललाई नै देउवाले विश्वासपत्रका रुपमा ओली र प्रचण्डसँग संवादमा खटाइनुलाई समेत अर्थपूर्ण रुपमा हेरिएको छ ।

सहमतिमा हस्ताक्षर हुन लागेकै बेला भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख बिजय चौथाइवाले ओलीलाई भेट्न पुगेका थिए । ओली भेटघाटमा रहेका बेला बाहिर कांग्रेसभित्र धेरै चलखेल भयो । कांग्रेसकै नेताहरुले उपचुनावमा एमालेसँग तालमेल सफल भए बैशाख १० पछि प्रचण्ड प्रधानमन्त्री नरहने भनेपछि माओवादी पंक्ति पनि तरंगित भयो । खासमा यो चलखेल कांग्रेसभित्रको थियो ।

काठमाडौंमा सहमति भएपछि देउवाले चितवनका कांग्रेस सभापति राजेश्वर खनाललाई फोन गरे । खनालसँगै बालकृष्ण खाँण पनि थिए । खाँणले चुनावी नतिजा के हुन्छ भन्न सकेनन् । तर खनालले एमालेलाई छाड्न मानेन् ।

लगत्तै कांग्रेस उपसभापति तथा उपप्रधानमन्त्री पुर्णवहादुर खड्काले एमालेसँग मिल्ने कुरामा कडा आपत्ति जनाए ।

उनको बोलीमा प्रचण्ड झल्किएको नेताहरु बताउँछन् । गठबन्धन भत्काएर एमाले र कांग्रेसको सरकार बन्ने खतरा समेत यसमा समेटिएपछि बालकोटमा मध्यरातमा सहमति हुन नसकेको नेताहरु बताउँछन् । दुई महामन्त्री र उपसभापतिहरुलाई थाहै नदिई देउवाले मिनेन्द्र रिजाल अघि बढाएपछि कांग्रेसभित्रका यदुबंशीहरु भड्किएको आरोप छ ।

## फाष्ट ट्र्याकले...

निर्माणको सुस्त गति, बीमामा भइरहेको चलखेलले देखाइसकेको छ ।

निर्माण गर्दा विभिन्न प्याकेजहरुमा निर्माण कम्पनीले काम गर्न नसकेपछि निलम्बन समेत गरियो । आयोजना प्रमुख विकास पोखरेललाई हटाएर कमल विक्रम शाहलाई ल्याइयो । तर, जो जो ल्याइए उनीहरु सडक निर्माणको विज्ञ नभई भवन निर्माणका विज्ञ थिए । सडक निर्माणको विज्ञ नल्याउने, दक्ष जनशक्ति पनि समयमा नराख्ने गतिविधि भइरहे । सेनाले फाष्ट ट्र्याककै लागि तोकेर चैत्रमा फेरि नयाँ जनशक्तिका लागि दरखास्त आवेदन माग गरेको छ । पटक पटक जनशक्ति माग गरेपनि सेनाभित्र फाष्ट ट्र्याकका लागि आर्थिक चलखेल हुने गरेको छ । यतिसम्मकी फाष्ट ट्र्याकका लागि सेनाले छुट्टै कमिटी बनाएर सेनापति प्रभुराम शर्माले सिधै चासो दिए । तरपनि कामले गति लिन सकेन । यसकारण सेनाले समयावधि थप्दै जाने नीति बनाइसकेको छ । सरकारबाट समयावधि थप्ने निवेदन सेनाले बढाइसकेको छ । यसको टुंगो चाँडै लाग्दैछ ।

फाष्ट ट्र्याकमा विभिन्न प्याकेजमा बीमामा निकै चलखेल भयो । बीमामा ठूलो कमिशनको खेल गर्न विगतमा प्रयास भए । बिमा नहुँदा चिनियाँ कम्पनीले प्रयोग गरेका श्रमिकको मृत्यु हुँदा धेरै तथ्य छताछुल्ल भयो । पछि जी टु जी अन्तर्गत राष्ट्रिय बीमा कम्पनी लिमिटेडमा सुरुका प्याकेजहरुको बीमा भयो । तर, पछिल्लो समयका प्याकेजहरु निजी कम्पनीमा बीमा गर्न सेनाले प्रक्रिया बढाइसकेको छ । जी टु जी अन्तर्गत राष्ट्रिय बीमा कम्पनीसँग बीमा गर्दा कमिशन नआउने अवस्था रहन्छ । निजी कम्पनीहरुबाट मोटो कमिशन आउने अवस्था रहन्छ ।

सेनाको विगतको ठेक्कापट्टा विवाद मुक्त हुन सकेन । तीनवटा प्याकेजहरुको निर्माण ठेक्कामा चिनियाँ कम्पनीहरु छनोट भए । प्रक्रियागत त्रुटी भन्दै संसदीय समितिले रद्द गर्न समेत पत्र लेख्यो तर सरकार पछि हटेन । छनोटमा नपरेको कम्पनीले समेत अदालतमा मुद्दा हालेर ठेक्का पार्न सक्यो । जुन रकममा कामै गर्न सकिदैन त्यो रकममा ठेक्का निवेदन दिएको कम्पनी छनोट गरियो । सेनाका एक उच्च अधिकारी ठेक्का रकमभन्दा लागत बढ्न सक्ने बताउँछन् । आखिर फाष्ट ट्र्याकमा समयावधि लम्ब्याउँदै जाने र ठेक्का लागत बढाउँदै जाने नियत देखिन्छ । राज्यलाई ठूलो भार थोपर्न खोजिएको छ फाष्ट ट्र्याकमा ।

५१ अर्बको निर्माण लागत बढ्दै दोब्बर पुग्ने अवस्था सृजना गरिदैछ । पछिल्लो समय ठेक्का खोल्दा १० अर्बभन्दा कमको खोल्ने योजना बनाइएको देखिन्छ । ठेक्का प्याकेज टुक्राएर सानो बनाएर स्वदेशी कम्पनीलाई निर्माणको अनुमति दिन खोजिएको छ । यसले झन् समस्या ल्याउन सक्छ । खासै ठूला आयोजनामा काम नगरेका र गरेपनि विवादास्पद स्वदेशी कम्पनीहरुले ठेक्का पाउने गरी योजना बुनिएको छ । अर्कोतर्फ, फितलो बीमा गरेर समस्या सृजना गर्न खोजिदैछ । फितलो बिमा गरिए भविष्यमा हुनसक्ने क्षतिमा भर्नुपर्ने क्षति रकम नपाउने अवस्था नआउला भन्न सकिदैन ।

२०७४ साउन २७ मा सेनाले निर्माणको जिम्मेवारी पाएको फाष्ट ट्र्याक २०७८ मा आयोजना सम्पन्न गर्ने लक्ष्य निर्धारण थियो । तर, समयमा काम नभएपछि कोभिड १९ लाई कारण देखाइयो । यही कारण देखाएर सेनाले समयावधि बढाउन खोजेको छ । सेनाले नयाँ कार्ययोजना अनुसार म्याद थपेर २०८१ मा सम्पन्न गर्ने लक्ष्य निर्धारण गरेकोमा अवधि बढाउँदै लान स्वीकृतीका लागि पत्र नै रक्षा र अर्थ मन्त्रालय पुगेको छ । २०८२ सम्म सक्ने लक्ष्य लिएर सेना बढ्न खोजेको छ ।

फाष्ट ट्र्याकको ठेक्कामा शक्तिराष्ट्रको रणनीतिक स्वार्थ पनि गाँसिएको छ । चिनियाँ परियोजनाका लागि बिष्फोटक पद्धार्थ नदिने भारतको नीति खुलस्त छ । फाष्ट ट्र्याकको निर्माणमा यसले ठूलो असर पर्न सक्छ । फाष्ट ट्र्याकको सुरुङमार्ग निर्माणमा बिष्फोटक पद्धार्थ चाहिन्छ । तर, भारतले नदिंदा समस्या आउन थालिसकेको छ । चीनबाट बिष्फोटक पद्धार्थ मगाउन थालेका छन् निर्माण कम्पनीका व्यापारीहरुले । तर, यो पनि झन्झटिलो छ । फाष्ट ट्र्याक यसकारण पनि समस्याले गिजोलिन थालेको छ ।

## अरबौं ...

अख्तियारको फन्दामा परेका छन् । सबै गरी साँढे २ अर्ब हिनामिनाको मुद्दा परेको छ ।

विकलसुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक हुँदा मुद्दा परेको छ । उनीसहित सीडीई, इन्जिनियरिङ्ग मार्केटिङ्ग कन्सर्न मेपटेक विल्डिङ्ग सर्भिसेस, परामर्शदाता वास्तुशिल्प एसोसिएट्स पनि अख्तियारको फन्दामा परेका छन् । विकलमाथि इम्बोस्ड नम्बर प्लेटमा देवनागरी लिपि हटाउन चलखेल गरी ठूलो अनियमितता गरेको विषय पनि उठ्दै आएको छ ।

## आर्थिक ...

अतिआवश्यक रहेको भन्दै प्रहरीले हतियार किन्न खोजिरहेका बेला देशको आर्थिक अवस्था भने सन्तोषजनक छैन । अर्थविद्हरूले आर्थिक संकट कायमै रहेको बताइरहेका छन् । अझ अर्थ मन्त्रालयका सचिव तोयम रायले त सामाजिक सुरक्षा भत्ता समेत खुवाउन नसक्ने अवस्था आएको बताएका छन् ।

गत चैत २६ गते पत्रकारहरूसँग छलफल गर्दै सचिव रायले भनेका थिए, 'अब लामो समयसम्म सामाजिक सुरक्षा भत्ता बाँड्न सक्ने अवस्था छैन । वर्षेनी साधारण खर्च बढ्दा धान्न नसक्ने अवस्थामा पुगिसकेका छौं ।'

वृद्धवृद्धा, एकल महिला, अपांगता भएकाहरूलाई दिँदै आएको सामाजिक सुरक्षा भत्ता समेत दिन सक्ने अवस्था नरहेको बताइरहेका बेला प्रहरीले हतियारको मोहलाई कायमै राखेको छ ।

प्रहरीले आठ वर्षदेखि हतियार लगायतका गोली गट्ठाहरू खरिद नगरेकाले अतिआवश्यक रहेकाले खरिद गर्नुपरेको बताउँदै आएको छ । स्थानीय तथा संघ, प्रदेशको चुनावमा समेत नेपाली सेनासँग हतियार मागेर काम चलाउनुपर्ने अवस्था आएकाले हतियार खरिद अतिआवश्यक रहेको प्रहरीको भनाइ छ ।

यता नेपाल प्रहरीका पूर्वएआईजी राजेन्द्रसिंह भण्डारी पनि प्रहरीलाई हतियार चाहिने भन्नेमा सहमत छन् । तर, खरिद प्रक्रियामा देखिने नियतका कारण विवाद हुने गरेको उनले बताए । 'घातक हतियार, ग्यास प्रहरीलाई चाहिने होइन । डब्लूएचओले नै प्रतिबन्ध लगाएका हानिकारक ग्यास, हतियार त्यो पनि महंगो कम्पनीसँग खरिद गर्ने प्रवृत्ति गलत हो । भ्रष्टाचार गर्नेहरूले एक पटक रोकिए पनि अनेक दाउ हेरर बसेका हुन्छन् । अनकुल समय आएपछि फेरि सलबलाउँछन् । अब खरिद प्रक्रिया कसरी गरिन्छ, त्यो हेर्नुपर्छ', पूर्वएआईजी सिंहले भनेका छन् ।

यसअघि गत वर्ष हतियारका लागि भनेर छुट्टै रकम निकासा गरेर प्रहरीले खरिद प्रक्रिया अघि बढाएको थियो । कमिसनको चक्करमा र देशमा आर्थिक संकट रहेको बेला रकम निकासा गरेर हतियार खरिद गर्न लागेको भन्दै चौतर्फी विरोध भएको थियो ।

त्यसपछि कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको सरकार हतियार किन्ने प्रक्रियाबाट पछि हटेको थियो । छुट्टै रकम निकासा गरेर हतियार खरिद गर्न लाग्दा चौतर्फी विरोध भएपछि भने यो पटक भने बजेटमै हतियार खरिदको रकम समावेश गराउन लगाउने तयारी भएको प्रहरी हेडक्वार्टर उच्च स्रोतले बतायो ।

गत फागुन ११ गते राष्ट्रिय योजना आयोगले मन्त्रालयहरूलाई आगामी आर्थिक वर्षको बजेट सिलिङ गरेर पठाउन भनेको थियो । त्यसपछि मन्त्रालयहरूले बजेट सिलिङ गरेर समेत पठाइसकेका छन् । बजेट सिलिङ सूची अनुसार गृह मन्त्रालयको चालु आर्थिक वर्षको बजेटमा आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट ५.३० प्रतिशतले बढाइएको छ ।

चालु आर्थिक वर्षको गृह मन्त्रालयको बजेट १ खर्ब ८५ अर्ब ३ करोड ४५ लाख छ । आगामी आर्थिक वर्षको बजेट सिलिङमा ९ अर्ब बढाउँदै पेस गरिएको छ । सिलिङ सूची अनुसार गृहको बजेट १ खर्ब ९४ अर्ब ८४ करोड ३४ लाख छ । यस हिसाबले आगामी आर्थिक वर्षको गृहको बजेटमा ९ अर्बसम्म बढ्ने देखिन्छ ।

उक्त बजेट बढाउनुको पछाडी प्रहरीको हतियार तथा गोलीगट्ठा खरिदका विषयहरू जोडिएको उच्च स्रोतले नेपाल लाइभलाई जानकारी दियो । 'हतियारका लागि भनेर छुट्टै रकम निकासा गर्दा चौतर्फी विरोध भयो । त्यसकारण यो पटक बजेटमै हतियार खरिदको रकम समावेश गर्न लगाएर हतियार खरिद गर्ने तयारी छ', प्रहरी हेडक्वार्टर उच्च स्रोतले भन्यो ।

बजेट सिलिङमा चालु आर्थिक वर्षको बजेटमा ९ अर्ब रुपैयाँ बढी बजेट सिलिङ गरेर पठाउनुले पनि हतियार खरिद प्रक्रिया जोडिएको विषयलाई थप पुष्टि गरेको देखिन्छ ।

आर्थिक संकट भन्दै यसअघि पनि रोकिएको थियो हतियार खरिद प्रक्रिया

यसअघि गत असारमा प्रहरीलाई हतियार खरिद गर्न भन्दै देउवा नेतृत्वको सरकारले ८४ करोड रुपैयाँ विनियोजन गरेको थियो । हतियारका लागि भन्दै १ अर्ब ३५ करोड रुपैयाँ माग गरिएकोमा पहिलो चरणका लागि भन्दै सरकारले ८४ करोड रुपैयाँ विनियोजन गरेको थियो ।

रकम निकासा भएसँगै प्रहरीले हतियार खरिदको प्रक्रिया समेत अघि बढाएको थियो । त्यसपछि हेडक्वार्टरले १२ बोरका १२ सय थान बन्दुकसहित १ हजार थान ९ एमएम पेस्तोल, १ हजार १५० थान फोल्डिङ सर्ट गन र १० लाख प्लास्टिकका गोली र २५ हजार अश्रुग्याँस खरिद गर्न लागेको थियो ।

त्यतिबेला केपी शर्मा ओली नेतृत्वको सरकारको निर्णय भन्दै देउवा सरकारले हतियार किन्ने प्रक्रिया अघि बढाए पनि चौतर्फी विरोध भएको थियो । देश आर्थिक संकटमा रहेका बेला ठूलो कमिसनको चक्करमा हतियार खरिद गर्न लागिएको भन्दै चौतर्फी विरोध भएको थियो ।

त्यसपछि प्रहरी हेडक्वार्टरले विज्ञप्ति नै निकालेर हतियार अतिआवश्यक रहेकाले किन्न लागिएको बताएको थियो । तत्कालीन प्रहरी प्रवक्ता (हाल एआईजी) टेकप्रसाद राईद्वारा हस्ताक्षरित विज्ञप्तिमा 'प्रचलित खरिद ऐन, नियम र कार्यविधिमा व्यवस्था भए बमोजिम पारदर्शी ढंगले खरिद प्रक्रिया अवलम्बन गर्न नेपाल प्रहरी सदैव सचेत, सजग एंव संवेदनशील रहेको व्यहोरा अनुरोध गर्दछौं,' भन्ने व्यहोरा उल्लेख गरिएको थियो ।

कमिसनमा हतियार खरिद प्रक्रिया अघि बढाउन लागिएको भन्दै त्यतिबेला संसद्को अर्थ समितिले छानबिन समेत गरेको थियो । चौतर्फी विरोधपछि हतियार खरिद प्रक्रिया रोकिएको थियो ।

यसअघि उपेन्द्रकान्त अर्याल प्रहरी महानिरीक्षक भएका बेला पनि हतियार किन्दा कमिसनको खेल भएको चर्चा बाहिरिएको थियो । उक्त विषय बाहिरिएपछि तत्कालीन आईजी अर्याललले हतियार खरिदको प्रक्रिया अगाडि नै नबढाइ रोकेका थिए । त्यसपछि हतियार खरिदका लागि भनेर विनियोजन गरिएको रकम फ्रिज भएको थियो ।

# ब्यापार घाटा कम गर्न बिजुलीको उपयोगिता बढाउँ: प्रधानमन्त्री प्रचण्ड

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नीतिगत एवम् व्यावहारिक रुपमा नै सरकारले ऊर्जा क्षेत्रलाई समृद्धिको बलियो आधारका रुपमा मान्यता दिई काम कारबाही अगाडि बढाएको बताएका छन् । आजदेखि सुरु भएको 'पावर समिट-२०२३' लाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले मुलुकलाई आर्थिक रुपमा सबल बनाउँदै अर्थतन्त्रमा गुणात्मक परिवर्तन गर्न उर्जा श्रेत्रमा थप लगानी गर्नु आजको प्रमुख कार्यभार भएको बताएका हुन् ।

नेपालले मौसमी रूपमा नै भए पनि उपभोग गर्नेभन्दा बढी ऊर्जा उत्पादन गर्छ भन्ने विश्वसामु घोषणा गर्न पाउँदा ठूलो गर्व लागेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले निजी क्षेत्रका लगानीकर्ता र सरकारको साझा प्रयासबाट जलविद्युत् परियोजनाहरूको विकासको गतिलाई थप तीव्र पार्दा नतिजा हासिल भएको स्पष्ट पारे ।

'हामी सुक्खा मौसममा पनि बिजुली आयात गर्न आवश्यक नपर्ने गरी सन्



२०२५ सम्म निर्यात हुने अपेक्षा गर्छौं । त्यसैले हामी हरित ऊर्जाका लागि बजार फराकिलो बनाउनेका लागि उत्तम रणनीतिका साथ यस क्षेत्रमा कार्यरत स्वदेशी तथा विदेशीको अनुभवबाट सिक्न यहाँ भेला भएका छौं,'- प्रधानमन्त्री प्रचण्डले भने ।

धेरै नेपालीको अझै पनि हरित ऊर्जामा पहुँच छैन भन्ने कुरा हामीले बुझेको उल्लेख गर्दै प्रधानमन्त्रीले भने- "देशका सबै जनतालाई बिजुली उपलब्ध गराउने लक्ष्यका साथ ग्रिड विस्तार गर्न र अफ ग्रिड प्रविधिमा लगानी विस्तार गरिरहेका छौं । प्रसारण र वितरण लाइनहरू विस्तार गर्न र स्थिर विद्युत् आपूर्ति सुनिश्चित गर्न प्रयास गरिरहेका छौं ।"

औद्योगिक मागमा वृद्धि गर्दै आर्थिक रूपमा समृद्ध बन्ने आकाङ्क्षाका साथ उत्पादित बिजुलीको स्वदेशी बजारमा नै उपयोग गर्ने गरी प्राथमिकता तय गरिएको उनको भनाई छ । स्वदेशमा उत्पादन हुने बिजुली आन्तरिक रूपमा उपयोग गर्न पर्याप्त पूर्वाधार निर्माण नगर्दासम्म यस क्षेत्रमा भइरहेको ठूलो लगानी जोगाउन पनि निर्यात गर्नुपर्ने उनले बताए ।

प्रधानमन्त्री दाहालले धेरै विद्युत् खपत गर्न सक्ने क्षेत्रको प्रवर्द्धन, प्रतिव्यक्ति खपत बढाउन सक्ने वातावरण तय गर्दै जीवास्म इन्धनमा रहेको निर्भरता कम गर्न तथा ठूलो व्यापार घाटालाई कम गर्न पनि बिजुलीको उपयोगिता बढाउनुपर्ने बताए ।

## कांग्रेसले गऱ्यो गोविन्दराज जोशी र दिनेश कोइरालासहितको कारबाही फुकुवा

काठमाडौं । नेपाली कांग्रेसले पूर्व सहमहामन्त्री गोविन्दराज जोशी र पूर्व केन्द्रीय सदस्य दिनेश कोइरालाको कारबाही फुकुवा गरेको छ ।

पार्टी केन्द्रीय अनुशासन समितिका संयोजक आनन्दप्रसाद ढुंगानले एक विज्ञप्ति निकाल्दै २०७४ साल र २०७९ सालमा भएका चुनावमा बागी उठेका र उनीहरुको प्रस्तावक र समर्थक बसेर कारबाहीमा परेका तनहुँ, चितवन र बारा जिल्लाका सदस्यहरुको कारबाही फुकुवा गरेको बताएका छन् ।

जस अनुसार जोशी र कोइरालासहित कारबाहीमा परेका कांग्रेस नेता कार्यकर्ताको कारबाही फुकुवा भएको छ ।

२०७४ सालमा कांग्रेसका उम्मेदवार रामचन्द्र पौडेलविरुद्ध बागी उम्मेदवारी दिएका गोविन्दराज जोशीले आफ्नो उम्मेदवारी खारेज भएपछि तत्कालीन नेकपा एमालेका उम्मेदवार कृष्णकुमार श्रेष्ठ किसानलाई समर्थन गरेका थिए ।

यस्तै कोइरालाले पनि गत चुनावमा चितवन ३ बाट स्वतन्त्र उम्मेदवारी दिएका थिए । जसका कारण उनीहरुलाई पार्टीले साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको थियो ।

'२०७४ साल र २०७९ सालमा भएका स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभा सदस्य पदको निर्वाचनमा पार्टीका आधिकारिक उम्मेदवार तथा पार्टीले समर्थन गरेका उम्मेदवारका विरुद्ध वागी उम्मेदवारी दिएका र त्यस्ता वागी उम्मेदवारका प्रस्तावक र समर्थक बसेका तथा पार्टी र पार्टीको उम्मेदवारको हित विपरीतका गतिविधिमा संलग्न भएका कारण, पार्टी विधान र नियमावली बमोजिम स्वतः कारबाहीमा परेका तथा पार्टीको जिल्ला, प्रदेश र केन्द्रीय अनुशासन समितिको निर्णयबाट अनुशासनको कारबाहीमा परेका तनहुँ, चीतवन र बारा जिल्लाका पार्टीका सम्पूर्ण सदस्यहरुको अनुशासनको कारबाही आजैका मितिदेखि लागु हुने गरी फुकुवा गरिएको छ,' ढुंगानाले विज्ञप्तिमा लेखेका छन् ।

## विद्वानको दाबी- स्वर्णिमभन्दा गोविन्द यसकारण अब्बल

काठमाडौं । नेपाल तरुण दल अध्यक्ष विद्वान गुरुङले स्वर्णिम वाग्लेभन्दा गोविन्द भट्टराई राम्रो भएको दाबी गरेका छन् । आसन्न उपनिर्वाचन सन्दर्भमा तनहुँ निर्वाचन क्षेत्र नं. १ को बृहत तरुण भेलालाई सम्बोधन गर्दै उनले भने, 'जुन बेला स्वर्णिम वाग्ले डलर खेतीमा लागेका थिए त्यस बेला यस ठाउको गोबिन्द भट्टराई तनहुबासीलाई पानी खुवाउन तल्लीन थिए ।'

शालीन व्यक्तित्व रहेका भट्टराई कुनै अर्को ठाउँबाट आएर चुनाव लड्न नआएको कुरा बताउँदै अध्यक्ष गुरुङले उनी यसै ठाउँमा जन्मिएर, हुर्किएर तनहुँको विकासको लागि आफूलाइ समर्पित गरेको हुनाले वैशाख १० गतेको निर्वाचनमा लोकतान्त्रिक गठबन्धनको साझा उम्मेदवार गोबिन्द भट्टराईलाई अत्यधिक मतले जिताउन आग्रह गरे ।

गुरुङले भ्रष्टाचारमा नमुछिएको व्यक्ति केही पनि विवादमा नपरेको व्यक्ति विद्यार्थी कालदेखि नै भट्टराई राजनीतिमा लागेका व्यक्ति भएको बताएका छन् ।

# प्रहरी महानिरीक्षक कुँवरलाई धक्का

काठमाडौं । डिआइजी बढुवाले प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवर विवादमा तानिएका छन् । बढुवामा छुटेका एसएसपीले सामाजिक सञ्जालमै प्रश्न उठाएपछि बढुवा विवादमा परेको हो ।

एसएसपी चक्रबहादुर सिंहले शुक्रबार राष्ट्रपतिबाट विभूषण ग्रहण गर्दै पदकको कदर हुन नसकेको गुनासो गरेका छन् । डिआइजी बढुवामा सबैभन्दा ठूलो अन्याय उनै सिंहमाथि भएको चर्चा प्रहरीमा छ । बढुवा नहुँदा उनले आगामी सातादेखि अनिवार्य अवकाश पाउनेछन् ।

कार्यक्षमतामा कमजोर र केही विवादास्पद अधिकृतहरु समेत बढुवा सिफारिस हुँदा इमान्दार छवी भएका सिंह छुटेपछि महानिरीक्षक कुँवर पनि विवादमा परेका हुन् ।

सो बढुवा सिफारिसविरुद्ध एसएसपीहरु चक्रबहादुर सिंह र अनुराग द्वीवेदीले उजुरी समेत दिएका छन् । जसकारण बढुवा विवादमा परेको छ ।

राष्ट्रपति कार्यालय लगायतको दबाब झेल्न नसक्दा केही अधिकारीमाथि अन्याय भएको हो । प्रहरीमा इमान्दार भन्दा नेताका कारिन्दाहरु नै हावी हुने यो बढुवाले पनि पुष्टि भएको छ ।

बढुवामा अझै ठूलो घम्साघम्सी एसएसपीमा छ । एसएसपीका १६ पदमा दोब्बर एसपीहरु प्रतिस्पर्धामा छन् । वरियताको पहिलो नम्बरमा विमल बस्नेत छन् । उनी भ्रष्टाचार कान्डमा निलम्बित भई कारबाहीमा परेकाले बढुवा हुने कम सम्भावना छ । उनीपछि विश्व अधिकारी छन्, जो असईबाट पछि इन्सपेक्टरमा नाम निकालेका अधिकारी हुन् ।

त्यसपछि सानुराम भट्टराई, ओम अधिकारी, विश्वमणी पोखरेल, शेखर खनाल, अवि नारायण काफ्ले, सोमेन्द्रसिंह राठौर, मुकुन्द मरासिनी, दिनेशराज मैनाली, कृष्णबहादुर पल्ली मगर, भूपेन्द्र बहादुर खत्री, गंगा पन्त, गोपालचन्द्र भट्टराई, रवि कुमार पौडेल, बेल बहादुर पान्डे, दीप शमशेर जबरा, नवीनराज राई, तारादेवी थापा, आभूषण तिमल्सिना, प्रबिण पोखरेल, प्रज्वल महर्जन, बसन्त रजौरे लगायत छन् । एसपी बढुवामा पछि पारिएका भूपेन्द्र खत्री, बेल पान्डे, बसन्त रजौरे यसपटक अगाडि लैजानुपर्ने दबाब आइजिपीलाई छ ।

यसअघि अघिल्लो नम्बरमा बढुवा भएकाहरु पनि राजनीतिक रुपमा बलिया छन् । कार्यक्षमतामा कमजोर रहेका केही अधिकृतहरु माओवादी नेताको दैलो धाइरहेका छन् । जसकारण एसएसपी बढुवा निकै पेचिलो हुने देखिएको छ । पाँच वर्षपछि प्रहरीमा यही ब्याचबाट नेतृत्व चयन हुने भएकाले अहिलेदेखि नै बढुवामा घम्साघम्सी सुरु भएको छ ।

## ज्ञानेन्द्र शाहीको घोषणा-मेरो प्रत्येक महिनाको पारिश्रमिकबाट खेलाडीलाई ३ हजार

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानेन्द्र शाहीले आफ्नो पारिश्रमिकबाट प्रत्येक महिना खेलाडीहरुलाई ३ हजार पारिश्रमिक दिने घोषणा गरेका छन् ।

मंगलबार बसेको प्रतिनिधिसभा बैठकको विशेष समयमा बोल्दै उनले संघ र प्रदेशमा गरी ८८४ जना सांसदलाई खेलाडीका लागि तीन-तीन हजारको दरले पारिश्रमिक दिन आग्रह गरेका छन् ।

उनले भने,'आज म यसै संसदबाट घोषण गर्न चाहन्छु, मेरो हरेक महिनाको पारिश्रमिकबाट तीन हजार रुपैयाँ खेलाडिको नाममा जम्मा गरिदिने छु । सबै प्रदेश संघिय सांसदहरुलाई अनुरोध गर्दछु कि हामी ८८४ जना छौ यदि हरेक सांसदले महिनाको ३ हजार खेलाडीको नाममा खर्च गर्दा २६ लाख ५२ हजार रुपैयाँ प्रत्येक महिना खेलाडीले पाउँछन् र उनीहरुले देशको नाम संसार भर चिनाउन सहयोग पुग्छ ।'

उनले महालेखा परीक्षकले गरेको लेखापरिक्षणमा अघिल्लो वर्षभन्दा यो वर्ष २१ प्रतिशत बेरुजु बढेको र यो भ्रष्टाचार भएको उल्लेख गरे । २० खर्ब ८० अर्ब वैदेशिक ऋण रहेको बताउँदै वैदेशिक रोजगारीमा जान यो वर्ष ६ लाख ३० हजार जनाले आवेदन दिएको बताए । यस ८ महिनामा मात्रै ९ खर्ब ९३ अर्बको व्यापार घाटा भएको बताउँदै नेपालको इतिहासमा सबैभन्दा ठूलो व्यापार घाटा भएको उल्लेख गरे । उनले वैदेशिक रोजगारीमा गएका मध्ये हालसम्म १० हजार ८३९ जनाले अकालमा ज्यान गुमाएको जानकारी गराए ।

उनले प्रदेशमा व्यापक खर्च भएको भन्दै प्रदेश खारेज गर्न र प्रतिनिधि सभामा २०५ जना मात्र सांसद रहने व्यवस्था गर्न माग गरे ।